मानवका लागि मानवअधिकार

मानवअधिकारका लागि उपयुक्त संस्कृति

# प्राची

संचेतना द्वैमासिक पूर्णाङ्क ७७ वैशाख २०६९



मूल्य : रु. २०।-

## नेपालको द्वन्द्व व्यवस्थापनमा संयुक्त राष्ट्रसङ्घको भूमिका

# हार्दिक श्रद्धाञ्जली

जन्म मिति
१९८८ चैत ५



स्वर्गारोहण
२०६८ फागुन २९

**हाम्रा कार्यकारी निर्देशक विजयराज गौतमकी ममतामयी आमा भवानीदेवी गौतमको असामयिक देहावसान भएकोमा दु:ख व्यक्त गर्दै स्वर्गीय गौतमप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौँ।**

**सुबोधराज प्याकुरेल**
**अध्यक्ष** तथा
**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) परिवार**

मानवका लागि मानवअधिकार
मानवअधिकारका लागि उपयुक्त संस्कृति

# प्राची

संचेतना द्वैमासिक

वर्ष १९ पूर्णाङ्क ७७ वैशाख २०६९

**संस्थापक**
सुशील-प्रकाश

**सल्लाहकार**
सुबोधराज प्याकुरेल
विजयराज गौतम

**संयोजक**
योगीश खरेल


**सम्पादक**
मदन पौडेल

**आवरण ले-आउट**
गोविन्दप्रसाद त्रिपाठी

**व्यवस्थापन**
शैलेश शर्मा

**अनौपचारिक क्षेत्र सेवा केन्द्र**
**(इन्सेक)** द्वारा प्रकाशित
पत्र मञ्जुषा : २७२६ काठमाडौँ
टेलिफोन : ४२७८७७०
फ्याक्स : ४२७०५५१
इमेल : prachi@insec.org.np
वेबसाइट : www.inse.org.np
www.inseconline.org

**मुद्रक**
भेराइटी प्रिन्टर्स प्रा.लि.
काठमाडौँ




- नेपालको द्वन्द्व व्यवस्थापनमा संयुक्त राष्ट्रसङ्घको भूमिका
  – *प्रा. डा. रामकुमार दाहाल* ६

- महिलाअधिकारबारे नेपालका कानुनी प्रावधान– टिकाध्वज खड्का १०
- राष्ट्रिय मानवअधिकार आयोगका सिफारिशहरूको... – चुडामणि आचार्य १७
- नेपालमा शासकीय स्वरूपबारेको बहसः चुनौती र अवसर– लालबाबु यादव २०
- मलम लागेन द्वन्द्वका घाउमा– कालीबहादुर मल्ल २६
- कविता : वीरता जगाउन– शम्भुप्रसाद न्यौपाने २७
- शान्ति सम्झौताका पाँच वर्षः अन्तरद्वन्द्वमै शान्ति प्रक्रिया– अमृत गिरी २८
- बढ्दै छ रूकुममा अन्तरजातीय बालविवाह– जीवन खड्का ३०
- कहिले रोकिन्छ महिला हिंसा– गीता माली ३१
- पुस्तक समीक्षा – *गणेश भण्डारी* ३०
- अन्तर्वार्ता– मदन परियार ३१

**नियमित स्तम्भहरू**

- यथावत् २
- कार्टून २
- सम्पादकीय ३
- इतिहासको पानाबाट ४
- सामयिक ५

## यथावत



**अहिले जतासुकै फुटबलको चर्चा छ। राजनीतिक फुटबलको सन्दर्भमा तपाईँ (प्रचण्ड) नै मेसी हो, गोल गर्नुहोस्।**

**सुवास नेम्वाङ, अध्यक्ष– संविधानसभा**

**अन्नपूर्णपोष्ट**



**मधेशवादी दलले माओवादीलाई शिरमा राखेर ब्रह्मलुट गरिरहेका छन् ।**

**सुशील कोइराला**

**सभापति नेपाली काङ्ग्रेस**



**मलाई पनि प्रधानमन्त्री बन्न मन छ, अवसर पाए अरुले भन्दा राम्रो काम गरेर देखाउँछु भन्ने लागेको छ ।**

**बामदेव गौतम**

**उपाध्यक्ष नेकपा एमाले**



**पुरस्कार पाउँला भनेर बच्चा स्याहारेको होइन,, मेरो लक्ष्य मेरा बच्चाको हाँसो हो ।**

**पुष्पा बस्नेत**

**सीएनएन हिरोका लागि मनोनित सामाजिक कार्यकर्ता**

## कार्टून




**सामार** : नागरिक दैनिक, वैशाख २३

प्रिय पाठक !

तपाइँलाई प्राचीको यो अङ्क कस्तो लाग्यो ?

प्राचीमा कस्ता सामग्री आऊन् भन्ने तपाइँको अपेक्षा छ ?

कृपया प्रतिक्रिया लेख्न नभुल्नु होला।

email : prachi@insec.org.np

**सम्पादक**

# समयको ख्याल गर

अन्तिमपटकका लागि थप गरिएको संविधानसभाको म्याद थप गर्ने सर्वोच्च अदालतको पछिल्लो आदेश कायम रहेमा जेठ १४ गते संविधानसभाको म्याद सकिनेछ। बाँकी रहेका तीन हप्तामा संविधान बनेमा नयाँ बन्ने संविधानले नै देशको भविष्यको मार्ग निश्चित गर्नेछ।  तर, कथमकदाचित् यो अवधिमा संविधान नबने त्यसपछि को विकल्पका बारेमा अझै स्पष्ट हुन सकेको छैन। त्यसबेला नेपालका राजनीतिक दलसँग दुईवटा विकल्प रहनेछन् १. सर्वोच्च अदालतको आदेशको अवज्ञा गर्ने र संविधानसभाको म्याद थपका लागि संविधानको संशोधन गर्ने २.सर्वोच्चको आदेशअनुसार जनमत सङ्ग्रह गर्ने वा ताजा जनादेशमा जाने। सर्वोच्च अदालतको आदेशपछि नेपालको राजनीतिक वृत्तमा ठूलै हलचल ल्याएकै हो। आदेशको प्रभाव र त्यसबारे जेजस्तो टीकाटिप्पणी जे भएको भए पनि सभासद्हरूलाई यसले विचलित तुल्याएको छ। राजनीतिक तहमा संसद्भित्र केही सभासद्ले फैसला विरुद्ध तीखो टिप्पणी मात्र गरेनन् अदालतले आफ्नो कार्यक्षेत्र भुलेको आरोपसमेत लगाए। तर, यो सबै धेरैले साथ दिएनन्। किनभने आदेशको समर्थनमा ठूलो जनमत छ।

शान्ति प्रक्रियाको महत्वपूर्ण अङ्गको रुपमा रहेको माओवादी लडाकु नेपाली र अस्थायी शिविर नेपाली सेनाको मातहत आउनुलाई शान्ति प्रक्रियाको महत्वपूर्ण उपलब्धिका रूपमा लिन सकिन्छ। समायोजन रोजेका करिब ३५ सय हाराहारीका माओवादी लडाकुको नेपाली सेनामा समायोजन प्रक्रियासँगै शान्ति प्रक्रियाको महत्वपूर्ण पाटोको समापन हुनेछ। तर, शान्ति प्रक्रियाका अन्य विषयहरू नयाँ संविधानको निर्माण र संविधान निर्माण सँगसँगै आउने सङ्घीयता, राज्यको शासकीय स्वरुप, निर्वाचण प्रणाली जस्ता विषयमा अझै टुङ्गो नलाग्नुले शान्ति प्रक्रियाप्रति अझै शङ्का बाँकी नै छ।

संविधानसभाको कार्यकाल ६ महिना थप्नेबित्तिकै एकातिर संविधान निर्माण तदारुकताका साथ सम्पन्न गर्ने महत्वाकाङ्क्षी कार्यतालिका बन्यो भने अर्कातिर शान्ति प्रक्रिया अन्तर्गत केही महत्वपूर्ण कामहरू भए। संविधानसभाको सबैभन्दा ठूलो दल एनेकपा माओवादीको केन्द्रीय समिति बैठकमा भएका विवादले समग्र शान्ति प्रक्रियालाई नै प्रभाव पार्ने छाँट देखायो। संविधानसभामा बहुमत सदस्य भएको एमाओवादीमा हुने विवादले संविधान निर्माणको समग्र प्रक्रियालाई असर पुग्छ।

सात बुँदे सहमतिमा उल्लेख गरिएका सेना समायोजनलगायतका कार्यहरू यो वर्षको अन्त्यसम्म शुरु भएनन्। सम्झौतामा उल्लेख भएका भन्दा बढी सङ्ख्यामा भइसकेको यतिका दिनसम्म पनि विभिन्न आयोगहरू गठन हुने सुरसारसम्म छैन। सत्य निरुपण तथा मेलमिलाप आयोगका लागि प्रस्तावित विधेयकमा विगतमा भएका अपराधमा संलग्नलाई मेलमिलापका नाममा माफी दिने प्रवाधान राखिएको भनी चर्चा भयो। बेपत्ता छानविन आयोग गठनमा भएको ढिलाइलाई हेर्ने हो भने नेपालका राजनीतिक दलहरू बेपत्ता पारिएका मानिसहरूको अवस्था पत्ता लगाउन उदासिन छन् भन्ने अनुमान लगाउन सकिन्छ।  सशस्त्र द्वन्द्वकालमा कब्जा गरिएका घर जग्गा फिर्ता गर्ने एमाओवादी प्रतिबद्धता आफ्नै पार्टीका कार्यकर्ताको असहयोगका कारण सफल हुन सकेन।

सत्ता र सत्ताको खेलबाट नेपाली शान्ति प्रक्रिया गुज्रने हो भने जति सम्झौता गरेपनि यसले नेपाली जनताको  शान्ति र संविधानको चाहानालाई पूरा गर्ला जस्तो लाग्दैन। नयाँ संविधानले नै शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउँछ भन्ने सोचाइ नेपालका राजनीतिक दलहरूले नराख्ने हो भने जति पटक म्याद थपे पनि संविधान बन्छ भन्ने कुरामा नेपाली जनता विश्वस्त हुन सक्दैनन्। अन्तरिम संविधानको भरमा मुलुक लामो समयसम्म चल्न सक्दैन। शान्ति प्रक्रियामा देखिएका चुनौतीलाई अवसरमा बदल्न नेपालका राजनीतिक दल तथा नेता-सफल भएमात्रै संविधान बन्ने हो।

इतिहासको पानाबाट

# सबै पक्ष सचेत रहनु परेको छ

नेपालका मानवअधिकार संस्थाहरूको काँधमा यतिखेर गहन दायित्व आइपरेको छ। देशमा शान्तिको स्थापना यतिखेर सबैको चाहना रहेको भए पनि हिंसा-अशान्तिको आगो झन् झन् फैलदै गएको यथार्थ हाम्रा सामु छ। यस्तो विकराल परिस्थितिमा मानवअधिकार संस्थाहरूको दायित्व के हुन सक्छ ?

बहुदलीय व्यवस्थाको पुनस्थापनापश्चात नेपालको मानवअधिकार अवस्था अहिलेको जस्तो कहिल्यै बिग्रिएको थिएन। एउटा राजनीतिक समूह सशस्त्र विद्रोहमा ओर्लिएको र विगतका सरकारहरूले समस्याको समाधानका निम्ति सही नीति अंगीकार गर्न नसकेको कारण देशको मानवअधिकार अवस्था अत्यन्त बिग्रिएको हो। तर देशको आर्थिक-सामाजिक क्षेत्रमा दीर्घकालीन सुधार बाहेक तत्काल देशमा गर्न सकिने कामहरू के कस्ता हुन सक्छन् ? शान्ति प्रक्रियाको थालनीका निम्ति तत्कालीन कार्यसूचीहरू के के हुन सक्छन् ?


यतिखेर नेपालको नाम विश्वमानवअधिकार संस्थाहरूको कालो खातामा बारम्बार चढ्न थालेको छ। सम्पूर्ण देश हिंसा र आतङ्कको चपेटामा परेको छ। यद्यपि नयाँ सरकार बनेपछि माओवादी हिंसा र त्यसको नियन्त्रणका नाममा हुने गरेको प्रतिहिंसा स्थगित भएको छ। तर युद्धविरामको यो स्थितिलाई स्थायित्व कसरी प्रदान गर्ने ? यतिखेर आम नेपाली जनताका साथसाथै मानवअधिकार संस्थाहरू पनि यही प्रश्नका साथ समाधानका उपायहरूको खोजी गरिरहेका छन्।

जुनबेला प्राय:जसो सम्पूर्ण राजनीतिक दल, मानवअधिकार संस्था र नागरिक समाजहरू माओवादी समस्या समाधानका लागि सरकार र माओवादी दुवै पक्ष गम्भीरतापूर्वक वार्तामा जुट्नु पर्ने कुरामा जोड दिँदैछन्। यसैबेला नेपाली काङ्ग्रेसका सभापति तथा निवर्तमान प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको अनिष्ट अभिव्यक्तिले वार्ताको माहोललाई विथोल्ने आशङ्का उत्पन्न भएको छ। राजधानी दैनिकमा प्रकाशित समाचार अनुसार कोइरालाले मोरङमा आफ्ना पार्टी कार्यकर्ताहरूलाई 'माओवादीहरूलाई बन्दूकको जवाफ बन्दूकले नै दिन' निर्देशन दिनु भएको र 'उनीहरूसँग भिड्नका लागि म नै नेतृत्व गर्छु' भन्नु भएको छ। सत्तारूढ पार्टीकै सभापतिको यस्तो गैरजिम्मेवार अभिव्यक्ति वार्ता प्रयासलाई भाँड्ने र मुलुकलाई अनन्त सङ्कट तर्फ जाक्ने तर्फ लक्षित छ। यस अवस्थामा माओवादी समस्या समाधानको लागि जुटेका सबै पक्ष सचेत रहनु परेको छ।

यसैबीच विगतका वर्षहरू झैं यस पटक पनि झरी वर्षासँगै साउन १६ आइपुगेको छ। साउन १६ अर्थात् प्रकाश स्मृति दिवस। नौ वर्ष अघि यही दिन थाई एयरवेजको दुर्घटनामा परी अथक मानवअधिकार योद्धा प्रकाश काफ्लेको दुखद् अवसान भएको थियो। तर स्वर्गीय प्रकाशद्धारा निर्देशित बाटोमा हामी निरन्तर अघि बढिरहेका छौं। यही क्रममा नयाँ र बिग्रिएको परिस्थितिमा मानवअधिकारको संरक्षण तथा सम्बर्द्धनका निम्ति हामीले अझ बढी मेहनत गर्नु पर्ने बेला आएको छ।

संगठित पहलका साथ राजनीतिक रूपमा सुरु गरिएको हिंसात्मक विद्रोहको लहर र त्यसबाट उत्पन्न समस्या नै अहिलेको नेपालको मूल समस्याका रूपमा देखा परेको यथार्थ घाम झैं छर्लङ्ग छ। यस्तो विकराल परिस्थितिमा हिंसा-आतङ्कजन्य समस्याको समाधानको शान्तिपूर्ण राजनीतिक समाधानका निम्ति वातावरण बनाउन सघाउ पुऱ्याउनु नै हामी मानवअधिकार कार्यकर्ताहरूको दायित्व हो। त्यसका लागि राजनीतिक पार्टीहरूलाई समयले प्रदान गरेको दायित्वको बोध गराउने जिम्मेवारी पनि हाम्रो काँधमा आइपरेको छ।


## हार्दिक श्रद्धाञ्जली



**इन्सेकमा कार्यरत प्रभा साहको बुबा सूर्यनारायणप्रसादको ६६ वर्षको उमेरमा असामयिक निधन भएकोमा दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।**

**सुबोधराज प्याकुरेल**
**अध्यक्ष तथा**
**इन्सेक परिवार**

सामयिक

# परिपूरणको सिद्धान्त



सुबोधराज प्याकुरेल

**शोषण गर्ने र शोषितबीचको द्वन्द्व नै हरेक कालखण्डका विद्रोहका कारण बनेको इतिहास छ। विद्रोह र द्वन्द्व चर्किँदै गएपछि एक आर्काप्रति घृणाको मानसिकताको विकास हुन जान्छ। नसोचिएका विग्रह र दुश्मनीका चरित्रहरूको विकास हुन जान्छ। पहिले व्यक्ति पछि समाज विभाजित हुन जान्छ। तर्क र अभिव्यक्तिको ठाउँमा घृणा र युद्धले प्राथमिकता पाउन थाल्छ। व्यक्ति, समाज र राज्यमा फैलिएका यस्तै बिग्रह र दूरीले सीमाना पारि पनि प्रभाव पार्छ। र, अन्ततः हामीले विश्व युद्धहरू समेत भएको देख्यौँ।**


संसारमा जति पनि दर्शन र सिद्धान्तको प्रतिपादन भयो ती सबैको लक्ष्य समाजलाई जोड्नु रहेको छ। मानिसको जीवन स्वाभाविक विकास प्रक्रियासँग गाँसिएको हुन्छ। व्यक्ति, परिवार र समाज हुँदै राज्यको उत्पत्ति भएको हो। विकास कुनै एक ठाउँ र समुदायमा मात्र सीमित रहँदैन। मानिससँग भाषा र अक्षर छ। मानिस सबभन्दा बढी विचरण गरिरहने प्राणी पनि हो। हाम्रै वरपर हेर्‍यौं भनेपनि हामी देख्छौं कि बसाईसराई भइरहेको हुन्छ। जहाँ गएपनि मानिस आफ्नो ज्ञान गुण सहित जान्छ। आफ्नो उन्नति र सुरक्षाप्रति चिन्तित हुने मानिसको स्वभाव हुन्छ। बढी भन्दा बढी धन थुपारेर उन्नति हुन्छ भन्ने लालसा र धेरै भन्दा धेरैलाई कज्याएर सुरक्षित होइन्छ भन्ने चिन्ताले गर्दा समाजमा आर्थिक-सामाजिक शोषणको विभिन्न आयामहरूको जन्म भयो। यिनै आयामहरूको उपरी संरचनाको रूपमा राज्यहरूको ढाँचा बन्न गयो। शोषण गर्ने र शोषितबीचको द्वन्द्व नै हरेक कालखण्डका विद्रोहका कारण बनेको इतिहास छ। विद्रोह र द्वन्द्व चर्किँदै गएपछि एक आर्काप्रति घृणाको मानसिकताको विकास हुन जान्छ। नसोचिएका विग्रह र दुश्मनीका चरित्रहरूको विकास हुन जान्छ। पहिले व्यक्ति पछि समाज विभाजित हुन जान्छ। तर्क र अभिव्यक्तिको ठाउँमा घृणा र युद्धले प्राथमिकता पाउन थाल्छ। व्यक्ति, समाज र राज्यमा फैलिएका यस्तै बिग्रह र दूरीले सिमाना पारि पनि प्रभाव पार्छ। र, अन्ततः हामीले देख्यौँ विश्व युद्धहरू समेत भए। मानवसमाजले भोगेको यस्तो समस्याको समाधानका लागि सामूहिक उन्नतिको आधारको रूपमा आत्मविश्वास र सीपको स्वतन्त्र प्रयोग गर्न सक्ने वातावरणको निर्माण गर्ने स्वतन्त्र र सुरक्षित राज्य संरचनाको निर्माण गर्न अन्तर्राष्ट्रिय कानुनको निर्माण गरियो जसलाई हामी अन्तर्राष्ट्रिय मानवअधिकारको घोषणा, संविदा, महासन्धि आदिका नामले बुझ्दछौं। विश्व घोषणापत्र र नागरिक तथा राजनीतिक अधिकारका महासन्धि र आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारसम्बन्धी महासन्धिले आफ्नो स्वतन्त्रता र विकासका लागि चेतनशील हुने, तर्क गर्ने र भावनाको प्रचार गर्दै आफूसँग सम्बन्धित विषयको अनुगमन गर्ने दायित्व र अधिकार नागरिकलाई प्रदान गरेको छ।

हाम्रो निजी, पारिवारिक र सामाजिक जीवनलाई व्यवस्थित, सुरक्षित र सम्मानित पार्नका लागि नै राज्यको उत्पत्ति भएको हो। जनताबीचको सामूहिक भावनालाई राष्ट्रिय स्वरुप दिनकालागि नै सरकारको निर्माण पनि गरिएको हो। आफ्नो स्वतन्त्रता र विकासका लागि चेतनशील, तार्किक र क्षमतावान नागरिकले मात्र समग्र राष्ट्रको विकासमा योगदान पुर्‍याउन सक्छ। तर, सबै नागरिक समान हुँदैनन्। कानुनले सबैलाई अवसरमा समानता र विभेदबाट मुक्तिको परिकल्पना गरेको हुन्छ। समान अवसर दिइए तापनि क्षमताको अभावमा नागरिकले त्यसको उपयोग गर्न सक्दैनन्। क्षमतावानलाई नछान्दा राष्ट्र पछाडि पर्छ। त्यसैले विशिष्ट मानवअधिकार कानुनहरूको निर्माण गरिएको हो। बालअधिकार, जातीय विभेद विरुद्ध, महिला अधिकारकालागि तयार गरिएका विशिष्ट महासन्धिहरू यसका प्रमाण हुन्। पछाडि पारिएकाहरूको क्षमता विकासलाई प्राथमिकता दिएर उनीहरूलाई प्रतिस्पर्धी बनाउने लक्षका साथ यस्ता कानुनको निर्माण गरिएको हो।

अहिलेको नेपालमा हामी सबै मानवअधिकारकर्मीहरूले क्षमता विकासको यो प्रगतिशील प्रक्रियाको पक्षमा तर्क र क्रियाशीलता बढाउनु पर्छ। मानवअधिकारको सबै सिद्धान्तले राष्ट्रिय र समग्र सामाजिक विकासलाई आफ्नो लक्ष्य मानेको छ। समग्र विकासका लागि उच्च क्षमताको सम्मान र पहिचान हुनुपर्छ। समाज उच्च क्षमता भएका र नभएकामा विभाजित छ। यो विभाजनलाई कम नगरी समग्र राष्ट्रिय विकास हुन सक्दैन। त्यसको एउटै उपाय भनेको क्षमता विकासका लागि पहिलो प्राथमिकता प्रतिस्पर्धी क्षमता नभएकाहरूलाई प्राथमिकता दिनु नै हो। यसैलाई प्रगतिशील कार्य-योजना भनिन्छ। र राज्यले निर्वाह गर्नुपर्ने परिपूरणको सिद्धान्त पनि भनिन्छ।

# नेपालको द्वन्द्व व्यवस्थापनमा संयुक्त राष्ट्रसङ्घको भूमिका

**सन् २००७ मा नेपालमा अनमिनको स्थापना भएपछि यसले नेपालको शान्तिप्रक्रियामा सकारात्मक योगदान पु¥याए तापनि अनमिन विभिन्न कारणले गम्भीर आलोचनाको विषय बन्न पुग्यो। अनमिनमाथि गम्भीर आरोपहरू लाग्यो। सन् २००६ पछि नेपालमा विदेशी शक्ति र विदेशीको अत्यधिक चलखेल भएको पृष्ठभूमिलाई अनमिनले पनि प्रयोग गरेको गुनासो गर्ने गरिन्छ।**



प्रा. डा. रामकुमार दाहाल

**१. भूमिका/परिचय**

विश्वमा शान्ति कायम गर्ने प्रयोजनले सन् १९४५ मा स्थापना भएको संयुक्त राष्ट्र सङ्घ (The UN) ले नेपालमा सन् १९९६ देखि २००६ सम्म लगातार चलेको सशस्त्र द्वन्द्व र नेपाल सरकार र नेकपा माओवादीबीचको द्वन्द्व अन्त्य गर्न सन् २००६ पछि महत्त्वपूर्ण र सकारात्मक भूमिका निर्वाह गर्दै आएको छ। यसै क्रममा नेपाल सरकार र नेकपा माओवादीद्वारा अलग-अलग पत्र लेखी यी पत्रहरूको अनुरोधका आधारमा संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्को सन् २००७ को जनवरी २३ को प्रस्ताव नं. १७४० द्वारा नेपालमा अनमिन (United Nations Mission in Nepal- UNMIN) को राजनीतिक मिसनका रूपमा स्थापना भयो। सन् १९४५ मा सङ्घ स्थापनापछि सन् १९५५ मा सदस्य भएको नेपालमा संयुक्त राष्ट्रसङ्घको स्थायी कार्यालय हुनुका साथै सङ्घका विभिन्न विशिष्टीकृत एजेन्सीहरू (Specialized agencies of the UN) ले काठमाडौँमा आफ्ना स्थायी कार्यालयहरू स्थापना गरी नेपाललाई आर्थिक विकासलगायत विभिन्न क्षेत्रमा सहयोग पु¥याउँदै आएका छन्। संयुक्त राष्ट्रसङ्घले तेस्रो पक्ष (एक तटस्थ र निस्पक्ष पक्ष) का रूपमा नेपालको द्वन्द्वमा मध्यस्थकर्ता (mediator), सहजकर्ताको भूमिका निर्वाह गरेको छ। संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (UNDP), यूनेस्को (UNESCO), विश्व खाद्य तथा कृषि सङ्गठन (FAO) जस्ता विभिन्न निकायले नेपालको विकासमा सकारात्मक योगदान पु¥याउँदै आएको भए तापनि नेपालको शान्तिप्रक्रियामा अनमिन (UNMIN) ले पु¥याएको योगदान सन् २००६ पछि मात्र हो, जसको विषयमा यहाँ मूल रूपमा चर्चा गरिएको छ।

**२. नेपालमा चलेको सशस्त्र द्वन्द्व र अनमिन (Maoist Conflict and UNMIN in Nepal)**

नेपालमा सन् १९९६ मा नेकपा माओवादीद्वारा चलाइएको "जनयुद्ध"पश्चात् यसलाई अन्त्य गर्न नेपाल सरकार र नेकपा माओवादीबीच विभिन्न समयमा विभिन्न पहलहरू भएका थिए। सरकार र नेकपा माओवादीबीच २०६३ मङ्सिर ५ गते सम्पन्न भएको विस्तृत शान्ति सम्झौता, २०६२ मार्ग ७ गते १२ बुँदे सम्झौता, २०६३ जेठ १२ मा २५ बुँदे युद्धविराम आचारसंहिता हस्ताक्षर गरियो। यसै क्रममा २०६३ असार २ गते सात राजनीतिक दल र नेकपा माओवादीका शीर्ष नेताहरूबीच आठ बुँदे समझदारी भएको प्रेस वक्तव्य जारी गरियो। प्रधानमन्त्री कोइरालाले जुलाई २, २००६ र माओवादीका अध्यक्ष प्रचण्डको जुलाई २४, २००६ को संयुक्त राष्ट्रसङ्घलाई नेपालको जारी शान्तिप्रक्रियामा संयुक्त राष्ट्रसङ्घलाई सहयोगका लागि अनुरोध गर्दै लेखेको पत्रको सम्झना गराउँदै दुवैले संयुक्त राष्ट्रसङ्घीय महासचिव कोफी अन्नानलाई अगस्त ९, २००६ मा पत्र लेख्ने कार्य भयो, जसमा सङ्घसँग "नेपालमा शान्तिपूर्ण र स्वतन्त्र वातावरणमा संविधान सभाको निर्वाचन सम्पन्न गराउने र नेपालको शान्ति प्रक्रियामा सघाउन" अनुरोध गरिएको थियो।[१] मङ्सिर ५ २०६३ नोभेम्बर २१, २००६) को विस्तृत शान्ति सम्झौताका पृष्ठभूमिमा यी कार्यहरू सम्पन्न गरिएका थिए।

यसै सिलसिलामा सात दल र नेकपा माओवादीका शीर्ष नेताहरूको कार्तिक २२, २०६३ मा विगतका सहमति कार्यान्वयन गर्ने सेना र हतियारको व्यवस्थापन, माओवादी सेना र शिविरसम्बन्धी व्यवस्था नेपाली सेनासम्बन्धी व्यवस्था अन्तरिम संविधान आदि विविध विषयमा सहमति भयो।[२]२०६३ चैत १६ गते वातावरण सहज बनाउने सम्बन्धमा आठ राजनीतिक दलहरूले १५ बुँदे प्रतिबद्धता जाहेर गरे। २०६३ चैत १६ गते आठ राजनीतिक दलले अन्तरिम सरकारको साझा सहमतिको न्यूनतम कार्यक्रमका नाममा १८ बुँदे सहमति गरे। २०६३ चैत १६ गते नै अन्तरिम सरकार सञ्चालनको सामान्य विधि र मान्यतासम्बन्धी १० बुँदे सहमति जारी गरियो। २०६३ चैत १६ गते ८ राजनीतिक दलले संयुक्त समन्वय समितिसम्बन्धी ११ बुँदे, अन्तरिम सरकारका मन्त्रीले पालना गर्नुपर्ने १९ बुँदे आचार संहिता, पौष ८, २०६४ मा सातदलबीच संविधानसभाको निर्वाचन २०६४ साल चैतभित्र सम्पन्न गर्ने राष्ट्रिय सकल्पलाई

१ नेपाल सरकार, शान्ति तथा पुनर्निर्माण मन्त्रालय, *नेपाल सरकार र ने.क.पा. (माओवादी) बीच भएको विस्तृत शान्ति सम्झौता २०६३ (अनुसूचीहरू सहित) एवं अन्य सान्दर्भिक दस्तावेजहरू*, काठमाडौँ : फागुन २०६४, पृ. १-९८।

२ *ऐजन*, पृ. ५०-६७।

केन्द्रबिन्दुमा राखेर २३ बुँदे सहमति गरे।[३] मङ्सिर २२ २०६३ (डिसेम्बर ८, २००६) का दिन नेपाल सरकारर नेकपा (माओवादी) बीच हतियार र सेना व्यवस्थापन अनुगमन सम्झौता २०६३ सम्पन्न भयो, जसले मङ्सिर १ २०६३ (२८ नोभेम्बर २००६) मा सम्पन्न भएको सम्झौतालाई विस्थापित गऱ्यो।[४]

द्वन्द्व व्यवस्थापन गर्ने सिलसिलामा भएका यी सकारात्मक कुराहरूका पृष्ठभूमिमा नेपाल सरकार र नेकपा माओवादीको अनुरोधमा नेपालमा २००७ मा अनमिनको स्थापना भएको हो।

## ३. नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मिसन (Nepal and UNMIN)

अनमिन (UNMIN) ले नेपालको द्वन्द्व व्यवस्थापन गरी शान्तिप्रक्रियालाई सकारात्मक रूप दिन महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ। नेपाल सरकार र नेकपा माओवादीबीच २१ नोभेम्बर २००६ मा विस्तृत शान्ति सम्झौता(Comprehensive Peace Accord) मा हस्ताक्षर भएपश्चात् नेपाल सरकार र नेकपा माओवादीले संयुक्त राष्ट्रसङ्घलाई पत्र लेखी नेपालको शान्तिप्रक्रियामा सहयोग पुऱ्याउन अनुरोध गरेका हुन्। यी अनुरोधलाई स्वीकार गरी २३ जनवरी २००७ मा संयुक्त राष्ट्रसङ्घको राजनीतिक मिसनका रूपमा नेपालमा शान्तिप्रक्रियालाई सहयोग पुऱ्याउन, माओवादीलाई निशस्त्रीकरण गर्न र नेपालमा सन् २००७ सम्ममा संविधानसभाको चुनाव गर्न सहयोग पुऱ्याउने प्रयोजनले अनमिन (UNMIN) को स्थापना भएको थियो। सन् २००९ मा अनमिन (UNMIN) को म्याद थपियो। जनवरी २,२००७ मा नेपालको अनुरोधलाई स्वीकारी नेपालको शान्तिप्रक्रियालाई थप सहयोग पुऱ्याउने प्रयोजनले संयुक्त राष्ट्रसङ्घीय महासचिव वानकी मुनले संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्मा प्रस्तुत गरेको प्रतिबद्धतामा यस्तो सहयोगलाई निरन्तरता दिने प्रयत्न गरियो। संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्ले सन् २०१० मा प्रस्ताव नं. १९०९ पारित गरी मई १५, २०१० मा अनमिनको कार्यकाल अन्त्य गर्ने समेत आशा गऱ्यो। संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्को जिनवरी २३, २००७ को प्रस्ताव नं. १७४० ले नेपालमा अनमिनको स्थापना गर्ने निर्णय गरेको हो। डिसेम्बर १, २००६ मा नेपाल सरकार र नेकपा माओवादीले यसका लागि राष्ट्र सङ्घलाई लिखित पत्र लेखी अनुरोध गरेका थिए। महासचिवले जनवरी ९, २००७ मा सुरक्षा परिषद्मा प्रस्ताव पारित गराई अनमिन स्थापना गराएका हुन्।

संयुक्त राष्ट्रसङ्घीय महासचिवका विशेष प्रतिनिधिका रूपमा इयान मार्टिनले सन् २००९ भन्दा पहिलेका शान्तिप्रक्रियामा विशेष भूमिका निर्वाह[५] गरे। उनले सुरक्षापरिषद्मा जनवरी २००९ मा दिएको वक्तव्यमा नेपालको शान्तिप्रक्रियाले उत्साहजनक प्रगति गरेको कुरा उल्लेख गरे। उनीपछि स्वीडेनकी कारिन ल्यानग्रीनले विशेष प्रतिनिधिका रूपमा कार्य गरी अनमिनलाई निरन्तरता दिन प्रयत्न गरिन्।

## ४. संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद् र नेपाल

सन् २००६ पछि नेपालमा अनमिनको स्थापना भएपछि सुरक्षा परिषद्भित्र नेपालसम्बन्धी प्रशस्त वादविवाद र छलफल भएका छन्। नेपालको द्वन्द्वको अन्तर्राष्ट्रियकरण (Internationalization) भएको छ। छैठौं पटक बढाइएको म्याद सेप्टेम्बर १५, २०१० सम्मको अवधिको लागि थियो। नेपाल सरकारको अनुरोधलाई स्वीकारी सुरक्षा परिषद्को सन् २०१० को प्रस्ताव नं. १९२१ ले यसरी म्याद थप गरेको हो। यस अवधिसम्ममा अनमिनको फिर्ता हुने कार्यलाई पूरा गर्न नेपालले आफ्नो सम्पूर्ण तैयारी गर्नुपर्ने कुरालाई समेत परिषद्ले जनायो। सन् २००८ को राजनीतिक सहमतिमा भनिएअनुसार सबै सरोकारवाला पक्षले यस अवधिभित्र नेपालको शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याउन अनमिनको प्राविधिक सहयोग (Expertise) को पूर्ण फाइदा उठाउन समेत परिषद्ले अपिल गऱ्यो। सुरक्षापरिषद्ले अनमिन फिर्ता हुनुपूर्व निर्धारित समयभित्र माओवदी लडाकुको समायोजन गर्न, उनीहरूको पुनःस्थापना गर्नुपर्ने कुरामा समेत जोड दियो।

संयुक्त राष्ट्रसङ्घ सुरक्षापरिषद्ले नेपालमा शान्ति कायम गर्ने कार्यमा महत्त्वपूर्ण र सकारात्मक योगदान पुऱ्याएको हो। सङ्घका महासचिवको अनुरोधमा सङ्घले विभिन्न मितिमा विभिन्न प्रस्ताव पारित गरी नेपालका विषयमा छलफल बहस चलाएको छ, अनमिनको म्याद थपसम्बन्धी प्रस्ताव स्वीकृत गरेको छ। यस्ता प्रस्तावहरूमा सन् २००७ को प्रस्ताव नं. १७४०, २००८ को प्रस्ताव नं. १७९६, २००८ को प्रस्ताव नं. १८२५, २००९ को प्रस्ताव नं. १८६४, २००९ को प्रस्ताव नं. १८७९, २०१० को प्रस्ताव नं. १९०९ आदि महत्त्वपूर्ण रहेका छन्। २०१० को प्रस्ताव नं. १९२१ ले अन्य कुराका अतिरिक्त नेपालको सार्वभौमसत्ता, क्षेत्रीय अखण्डता र एकता, राजनीतिक स्वतन्त्रतालाई स्वीकार गरी बृहत् शान्ति योजना र अन्य शान्तिसम्झौता कार्यान्वयन गर्ने नेपालको पूर्ण स्वामित्व (ownership) लाई समेत स्वीकारेको छ।[६] उक्त प्रस्तावमा जुन २५, २००८ मा सरकार र माओवादीबीच भएको समझदारीजस्ता विविध सकारात्मक कुराको प्रसंशा समेत गरिएको छ।

सङ्क्षेपमा भन्ने हो भने संयुक्त राष्ट्रसङ्घीय महासचिवले प्रस्तुत गरेका विभिन्न नेपालसम्बन्धी प्रतिवेदनमा सुरक्षा परिषद्मा नेपालसम्बन्धी प्रशस्त चर्चा, छलफल र वादविवाद भएको छ। नेपालको समस्याको अन्तर्राष्ट्रियकरण भएको छ र नेपालसम्बन्धी बढी जानकारी बढेको छ। सुरक्षा परिषद्ले नेपालमा द्वन्द्व व्यवस्थापन गरी शान्ति कायम गर्ने कार्यमा सकारात्मक भूमिका निर्वाह गरेको छ।

## ५. नेपालको शान्तिप्रक्रियामा अनमिनको भूमिका

अनमिनले नेपालमा निर्वाह गरेको भूमिकालाई निम्नलिखित बुँदाहरूमा अध्ययन गर्न सकिन्छ–

### ५.१ माओवादी लडाकु/सेनाको व्यवस्थापनमा अनमिनको भूमिका

३ *ऐजन*, पृ. ६७-९८।

४ नेपाल सरकार, शान्ति सचिवालय, *नेपाल सरकार र ने.क.पा. माओवादीबिच भएको हतियार र सेना व्यवस्थापनको अनुगमन सम्झौता २०६३*, काठमाडौँ : २०६३, पृ. १-३२।

५ *http://en.wikipedia.org/wiki/United_Nations_Mission in Nepal.*

६ *http://www.nepalmonitor.com/2010/05/unmin_sixth_extension_resolution_text_html.*

नेपाल सरकार र नेकपा माओवादीका तर्फबाट साउन २४, २०६३ मा संयुक्त राष्ट्रसङ्घलाई पठाइएको पत्रमा व्यक्त प्रतिबद्धताअनुसार माओवादी सेनाका लडाकु (Combatants) हरूलाई नेपालका विभिन्न जिल्लाका ७ मुख्य शिविर (१) कैलाली, (२) सुर्खेत, (३) रोल्पा, (४) पाल्पा, (५) काभ्रे, (६) सिन्धुली, (७) इलाम) र यी मुख्य शिविर वरिपरि ३/३ सहायक शिविर राख्ने कार्यलाई व्यवहारिक रूप दिन अनमिनले महत्त्वपूर्ण भूमिका निर्वाह गऱ्यो। लगभग ३० हजार त्यस्ता लडाकु यी शिविरमा राखिएका थिए।

**५.२ माओवादी लडाकुहरूको प्रमाणीकरण प्रक्रियामा अनमिनको भूमिका (UNMIN in the Verification Process of Maoist Combatants)**

अनमिनले माथि वर्णन गरिएका सात मुख्य शिविर र यस वरिवरिका ३/३ सहायक शिविरमा राखिएका माओवादी सेनाका लडाकुको प्रमाणीकरण र अनुगमन गर्ने कार्य गऱ्यो। अनमिनले कुल १९ हजार ६ सय २ माओवादी सेनाका लडाकुलाई प्रमाणीकरण गऱ्यो। २००८ नाबालिग (उमेर नपुगेका) र अयोग्य ठहरिए। यसबाहेक प्रमाणीकरण सम्बन्धमा अनेक वादविवाद, वहस चल्ने गरे तापनि अनमिनको यस कार्यलाई सकारात्मक मान्नु पर्ने हुन्छ।

**५.३ नेपाली सेना र माओवादी सेनाका लडाकुको समय-समयमा रेखदेख (monitoring) गर्ने कार्यमा पनि अनमिनले सकारात्मक भूमिका निर्वाह गऱ्यो।**

**५.४ नेपाली सेना र माओवादी सेनाका लडाकुहरूको हतियार व्यवस्थापन अनमिनको भूमिका (UNMIN's Role in the Management of Arms).**

नेपाल सरकार र नेकपा माओवादीबीच भएका विभिन्न सम्झौता र समझदारीहरू (संविधानमा सेनाको लोकतान्त्रीकरण तथा पुर्नसंरचना गर्न भएको बाह्रबुँदे समझदारी, आठ बुँदे सहमति, २५ बुँदे आचारसंहिता, संयुक्त राष्ट्रसङ्घलाई पठाइएको पाँचबुँदे पत्र) का भावनाअनुसार अनमिनले नेपाली सेना र माओवादी सेनाका लडाकुहरूको हतियारहरू कन्टेनरमा राख्ने कार्य सम्पन्न गरायो र यसमा दुई ताला लगाई यसको साँचो सम्बन्धित पक्षलाई बुझाउने कार्य समेत गऱ्यो। यसको अनुगमन गर्ने सिलसिलामा उक्त ताला खोलिएमा तत्काल सूचना दिने विद्युतीय साइरनको व्यवस्था समेत गरियो।

नेपाली सेनाका सम्बन्धमा पनि अनमिनले केही महत्त्वपूर्ण व्यवस्था गर्न सहयोग पुऱ्यायो, जसअन्तर्गत नेपाली सेना व्यारेकभित्र सीमित रहने, निर्धारित हतियार भण्डारण गर्ने र यसको अनुगमन समय-समयमा सेनाको रोहवरमा संयुक्त राष्ट्रसङ्घले गर्ने व्यवस्था गरियो।

**५.५ नेपाली सेनालगायत सुरक्षा निकाय आदिले सुरक्षाका लागि राखेका वारुदी सुरुङ निस्क्रिय तुल्याउन पनि नेपाल सरकारले संयुक्त राष्ट्रसङ्घीय एजेन्सीसँग प्राविधिक सहयोग लिएको बताइन्छ।**

**६. द्वन्द्वपीडितहरूको व्यवस्थापन सम्बन्धमा संयुक्तराष्ट्रसङ्घको भूमिका (UNMIN and Victims of Conflict)**

६.१ सयुक्त राष्ट्रसङ्घीय शान्तिकोष

संयुक्तराष्ट्रसङ्घीय शान्तिकोष (UN Peace Fund) ले नेपालको शान्ति स्थापनासम्बन्धी कार्यमा सहयोग पुऱ्याउने कार्यमा सकारात्मक भूमिका निर्वाह गरेको छ। यसको रकमअन्तर्गत आर्थिक र प्राविधिक सहयोग प्रदान गरिने अयोग्य मानिएका लडाकु (४ हजार ८ जना) जस्ता आदि को पुनस्थार्पना (Rehabilitation), उनीहरूलाई तालिम, प्रशिक्षण, चेतना फैलाउने आदि कार्यमा खर्च गर्ने गरिएको बताइन्छ।[७]

६.२ संयुक्त राष्ट्रसङ्घीय एजेन्सीहरूले संविधानसभाभित्र संविधान बनाउने कार्यका लागि प्राविधिक र प्रशासनिक सहयोग समेत गरेको बताइन्छ।

६.३ नेपाल सरकार र नेकपा (माओवादी) बीच भएको हतियार र सेना व्यवस्थापन अनुगमन सम्झौता २०६३ को दफा ६.१ मा वर्णित नौ सदस्यीय संयुक्त अनुगमन समन्वय समिति (Joint Monitoring Coordination Committee-JMCC)को अध्यक्षको नियुक्ति संयुक्तराष्ट्रसङ्घीय नियोगबाट हुने ( जसमा माओवादी सेना र नेपाली सेना एक-एक जना उपाध्यक्ष, संयुक्तराष्ट्रसङ्घका दुईजना, नेपाली सेना र माओवादी सेनाका दुई-दुई जना रहने व्यवस्था रहेको थियो। संयुक्त राष्ट्रसङ्घले यस हैसियतबाट पनि नेपालको शान्तिप्रक्रियामा सकारात्मक भूमिका निर्वाह गरेको थियो।[८]

६.४ द्वन्द्वपीडितलाई राहत प्रदान गर्ने कार्यमा संयुक्तराष्ट्रसङ्घको भूमिका कम महत्त्वपूर्ण रहेको थिएन।

**७. नेपालमा संयुक्त राष्ट्रसङ्घले शान्ति स्थापना कायम गर्ने सिलसिलामा गरेका सकारात्मक कार्य/उपलब्धि (Positive Achievements of the UN in Nepal)**

सन् २००७ पछि नेपालमा अनमिनको स्थापना भएयता यसले नेपालको शान्तिप्रक्रियालाई सहयोग पुऱ्याउने र संविधानसभाको निर्वाचन शान्तिपूर्ण तरिकाले गर्ने गराउने कार्यका लागि अनुकूल वातावरण बनाइदिने कार्यमा महत्त्वपूर्ण उपलब्धि हासिल गरेको छ।

(१) संविधानसभाको निर्वाचन शान्तिपूर्ण तरिकाले सम्पन्न गराउन अनुकुल वातावरण सृजना गर्न गराउन अनमिनले महत्त्वपूर्ण योगदान पुऱ्याएको छ। संयुक्त राष्ट्रसङ्घसमक्ष नेपाल सरकार र नेकपा माओवादीद्वारा प्रेषित पाँच बुँदे सहमतिको दोस्रो अनुच्छेदमा उल्लेख भएअनुसार सङ्घबाट संविधानसभाको निर्वाचनका लागि अनुकुल वातावरण ("Creating a free and fair atmosphere for the election of the CA") सृजना गर्न पनि सङ्घको सहयोग मागिएको थियो।[९] लामो समयसम्म द्वन्द्वमा संलग्न नेकपा माओवादीलाई संसदीय

---

७ नेपाल सरकारका सहसचिव गणेशप्रसाद उपाध्यायद्वारा उपलब्ध गराइएको जानकारीमा आधारित।

८ शान्ति सचिवालय, *ऐजन,* पृ. २८-३१।

र प्रतिस्पर्धात्मक उदारवादी राजनीतिको मूल धारमा ल्याई माओवादीहरूलाई संविधानसभाको निर्वाचनमा प्रत्यक्ष सहभागी गराउनमा अनमिनको भूमिका कम महत्त्वपूर्ण छैन।

(२) नेपाली सेना र माओवादी लडाकु/सेनाको व्यवस्थापन गर्नमा अनमिनले महत्त्वपूर्ण उपलब्धि हासिल गरेको छ। माओवादी लडाकुलाई देशका सात विभिन्न मुख्य शिविर र तीन-तीन सहायक शिविरमा राखी नेपालमा थप द्वन्द्व हुनबाट अनमिनले बचाएको छ।

(३) माओवादी लडाकुहरूको प्रमाणीकरण गर्ने कार्यमा पनि अनमिनले सकारात्मक उपलब्धि हासिल गरेको छ। उनीहरूको सङ्ख्यामा विवाद भए तापनि अनमिनले यस्ता लडाकुहरूलाई शिविरमा राखी उनीहरूको प्रमाणीकरण गरी कुनै एक सङ्ख्या तोकी दिएर द्वन्द्व व्यवस्थापनमा सहयोग पुऱ्याएको छ र यसका लागि आधार निर्माण गरिदिएको छ।

(४) नेपाली सेना र माओवादी लडाकुको हतियार व्यवस्थापन गर्ने कार्यमा पनि अनमिनले सकारात्मक उपलब्धि हासिल गरेको छ। दुवैको हतियारमा कन्टेनरमा राखी दोहोरो ताला लगाउने भण्डारण गरिएको हातहतियारको क्यामरा अनुगमन, सङ्घको अनमिनको निगरानीमा रेकर्ड कायम गर्ने, साइरनसहितको संयन्त्र आदि कार्य अनमिनका सकारात्मक उपलब्धि हुन्।

(५) हतियार सेना व्यवस्थापनका अनुगमन गर्ने कार्यलाई प्रोत्साहन गरेर यसले अनमिनले द्वन्द्व व्यवस्थापनमा सहयोग पुऱ्याएको छ।

## ८. नेपालमा संयुक्तराष्ट्रसङ्घको शान्ति कायम गर्ने कार्यमा देखिएका नकारात्मक कार्य

सन् २००७ मा नेपालमा अनमिनको स्थापना भएपछि यसले नेपालको शान्तिप्रक्रियामा सकारात्मक योगदान पुऱ्याए तापनि अनमिन विभिन्न कारणले गम्भीर आलोचनाको विषय बन्न पुग्यो। अनमिनमाथि गम्भीर आरोपहरू लाग्यो। सन् २००६ पछि नेपालमा विदेशी शक्ति र विदेशीको अत्यधिक चलखेल भएको पृष्ठभूमिलाई अनमिनले पनि प्रयोग गरेको गुनासो गर्ने गरिन्छ। विशेषत: संयुक्त राष्ट्रसङ्घीय महासचिवका विशेष प्रतिनिधि इयान मार्टिनले आफ्नो नेपाल बसाइका क्रममा द्वन्द्व व्यवस्थापन, मानवअधिकार सम्बर्द्धनका आदि नाममा विभिन्न किसिमका क्षेत्रीय, जातीय, भाषिक, साम्प्रदायिक आदि द्वन्द्वलाई प्रश्रय दिएर थप द्वन्द्व चर्काएको समेत गुनासो गर्ने गरिन्छ। सङ्क्रमणकालीन नेपालमा कुनै अवस्थालाई तरलतासाथ लिनु पर्नेमा उनले जटिलता थपिदिएको, नेपाली सेनाको स्थितिलाई खराब नियत दिई कमजोर तुल्याएको, नेपाली राज्यलाई कमजोर तुल्याउने प्रयास गरेको आदि विविध गुनासा नेपालमा सुन्ने गरिन्छ। नेपालको समस्यालाई अन्तर्राष्ट्रियकरण गर्नेक्रममा उनले नेपाली अवस्थालाई बढाई-चढाई नकारात्मक चित्र प्रस्तुत गरेका गुनासा समेत सुन्नमा आएका छन्।

सङ्क्षेपमा भन्ने हो भने अनमिन विवादमुक्त रहन सकेन। मानवअधिकारसम्बन्धी उच्चायुक्तको नेपालस्थित कार्यालय (Office of the High Commissioner for Human Rights in Nepal-OHCHR Nepal) ले नेपालमा मानवअधिकारको अनुगमन गर्ने क्रममा गर्न हुने र नहुने दुवै कार्य गरेको भनी राजनीतिक दलहरूले समेत यसका काठमाडौँबाहिरका कार्यालय तत्काल बन्द गर्न माग गरेका थिए। अनमिन र OHCHR ले नेपालमा राज्यलाई कमजोर बनाउने, सेना र राज्य संयन्त्रलाई निरिह बनाउन र कसैको पक्ष लिएको समेत आरोप लगाइयो। स्वीडेनकी करिन ल्यानग्रेनले संयुक्त राष्ट्रसङ्घीय महासचिवको इयान मार्टिन पछिको उत्तराधिकारीका रूपमा थप सकारात्मक भूमिका खेल्ने प्रयास गरे तापनि उनी पनि विवादमुक्त हुन सकिनन्।

०६५ पुस १६ गते झापामा भएको एक कार्यक्रममा पूर्वगृहमन्त्री तथा नेपाली काङ्ग्रेसका नेता कृष्ण सिटौलाले अनमिनको भूमिका तटस्थ हुन नसकेको र माओवादीप्रति लचिलो भएको आरोप लगाएका थिए। अन्तत अनमिन बिना पनि नेपालको शान्तिप्रक्रिया सार्थक टुङ्गोमा पुग्छ भन्ने निष्कर्षका साथ नेपालका राजनीतिक दलहरू नेपालस्थित अनमिनको कार्यालय बन्द गराउन सहमत हुन पुगे।

## ९. निष्कर्ष

नेपाली द्वन्द्वको व्यवस्थापनका लागि सन् २००६ पछि संयुक्त राष्ट्रसङ्घले अनमिनमार्फत् महत्त्वपूर्ण र सकारात्मक भूमिका निर्वाह गरेको छ। सङ्घले अनमिनमार्फत् नेपाली सेना र माओवादी लडाकुको व्यवस्थापन, माओवादी लडाकुको प्रमाणीकरण, सेना र माओवादी लडाकुको हतियार व्यवस्थापन, संविधानसभाको निर्वाचन गराउने अनुकूल पृष्ठभूमि बनाई दिनेजस्ता विभिन्न सकारात्मक कार्यहरू गरेर नेपालको द्वन्द्व व्यवस्थापन गर्ने कार्यमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ। अनमिनका विषयमा विभन्नि आलोचना गरिए तापनि सङ्घको अध्ययनबिना नेपाली द्वन्द्व व्यवस्थापनको अध्ययन अपूरो नै हुने गर्दछ।

## References


१ नेपाल सरकार, शान्ति तथा पुनर्निर्माण मन्त्रालय, *नेपाल सरकार र नेकपा (माओवादी) बीच भएको विस्तृत शान्ति सम्झौता २०६३ (अनुसूचीहरू सहित) एवं अन्य सान्दर्भिक दस्तावेजहरू,* काठमाडौँ : फागुन २०६४, पृ. १-९८।

२ *ऐजन,* पृ. ५०-६७।

३ *ऐजन,* पृ. ६७-९८।

४ नेपाल सरकार, शान्ति सचिवालय, *नेपाल सरकार र नेकपा माओवादीबीच भएको हतियार र सेना व्यवस्थापनको अनुगमन सम्झौता २०६३,* काठमाडौँ : २०६३, पृ. १-३२।

५ *http://en.wikipedia.org/wiki/United_Nations_Mission in Nepal.*

६ *http://www.nepalmonitor.com/2010/05/unmin_sixth_extension_resolution_text_html.*

७ नेपाल सरकारका सहसचिव गणेशप्रसाद उपाध्यायद्वारा उपलब्ध गराइएको जानकारीमा आधारित।

८ शान्तिसचिवालय, *ऐजन,* पृ. २८-३१।

९ नेपाल सरकार, शान्ति तथा पुनर्निर्माण मन्त्रालय, *ऐजन,* पृ. ४६-४९।


९ नेपाल सरकार, शान्ति तथा पुर्ननिर्माण मन्त्रालय, *ऐजन,* पृ. ४६-४९।

# महिला अधिकारबारे नेपालका कानुनी प्रावधान



टिकाध्वज खड्का
अधिवक्ता, एल.एल.एम., अन्तर्राष्ट्रिय कानुन

**महिलाअधिकार, पुरूषप्रधान समाजले वर्षौंदेखि चलाइआएको पुरूषमुखी सिद्धान्त र महिलालाई अधिकारबाट वञ्चित तथा महिला विरूद्ध हुने भेदभाव विरूद्धको कानुनी प्रावधान हो, जसले हरेक महिलाले पुरूष सरह स्वतन्त्रपूर्वक र सम्मानपूर्वक जीवनयापन गर्न पाउन आधार सृजना गर्दछ।**

**१.अधिकार के हो ?**

अधिकार भनेको व्यक्ति वा समुदायको त्यस्तो आवश्यकता र चाहना हो जुन कानुनमा उल्लेख गरिएको हुन्छ। 'अधिकार' अधिकार हुनको लागि कसको अधिकार, के अधिकार र कसको दायित्व भन्ने प्रश्नको स्पस्ट उत्तर बोकेको हुन जरूरी हुन्छ र कानुनमा उल्लेखित हुन जरूरी हुन्छ। त्यस्तो कानुनमा उल्लेख गरिएको अधिकारको अधिकार हुने व्यक्तिलाई स्वतन्त्र ढङ्गले उपभोग गर्न दिनु अर्को पक्षको कर्तव्य हुन्छ। यदि कानुनमा उल्लेख गरे बमोजिमको व्यक्ति वा समुदायको अधिकारको उल्लङ्घन गरेमा वा प्रयोगमा बाधा अड्चन हालेमा अधिकारवाला व्यक्ति उपचारको लागि अदालत समक्ष जान सक्दछ। जुन व्यवस्था समेत कानुनमा नै गरिएको हुन्छ। यसरी कुनै पनि कुरा अधिकार हुनका लागि निम्न तीन कुराहरू हुन आवश्यक छ।

क) व्यक्ति वा समुदायका त्यस्ता हित, स्वार्थ वा आवश्यकताहरू जुन कानुनमा लेखिएको हुनु पर्दछ।

ख) कानुनमा उल्लेख गरिएका व्यक्तिले प्राप्त गरेको अधिकारको उपभोगमा अवरोध सृजना हुने काम नगर्नु अन्य व्यक्तिहरूको कर्तव्य हुन्छ र

ग) त्यस्तो कानुनमा लेखिएका अधिकारको उल्लङ्घन भएमा मर्का पर्ने व्यक्ति उपचार प्राप्त गर्ने कुरा कानुनमा नै उल्लेख गरिएको हुन्छ।

**२. महिला अधिकार के हो ?**

महिलाअधिकार भन्नाले हरेक महिलाले समाजमा स्वतन्त्रपूर्वक जीवनयापन गर्न पाउने आधार हो। त्यस्ता अधिकारहरू जुन राज्यबाट निर्मित कानुनमा व्यवस्था गरी संस्थागत गरिएका तर, महिलालाई सम्मानपूर्वक जिउनका लागि प्रोत्साहन गर्ने प्रावधानहरू पर्दछन्। महिलाअधिकार, पुरूषप्रधान समाजले वर्षौंदेखि चलाइआएको पुरूषमुखी सिद्धान्त र महिलालाई अधिकारबाट वञ्चित तथा महिला विरूद्ध हुने भेदभाव विरूद्धको कानुनी प्रावधान हो, जसले हरेक महिलाले पुरूष सरह स्वतन्त्रपूर्वक र सम्मानपूर्वक जीवनयापन गर्न पाउन आधार सृजना गर्दछ।

महिलाअधिकारमा नागरिकताको हक, हिंसा विरूद्धको हक, प्राकृतिक श्रोत तथा साधानमा महिलाको पहुँच, स्थानीय निकायमा महिलाको उपस्थिति, निर्णायक क्षेत्रमा महिलाको समान संग्लनता, स्वास्थ्य( विशेष गरी प्रजनन् स्वास्थ्य), शिक्षा, रोजगारी जस्ता आधारभूत आवश्यकतामा विशेष अधिकार आदि पर्दछन्। महिलाअधिकारले महिलालाई राज्यका हरेक निकायमा समान उपस्थितिको प्रत्याभुती गराई राज्यको हरेक निर्णायक क्षेत्रमा समावेशी सहभागी गराई महिलाको हक प्रत्याभूति गराउन प्रोत्साहन गर्दछ। महिला अधिकारले हरेक क्षेत्रका महिलाको समस्या र त्यसको समाधानको लागि सदैव वकालत गर्दछ।

महिला अधिकारका सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरूले कैयौं व्यवस्थाहरू गरेको पाइन्छ। यद्यपि यहाँ केवल राष्ट्रिय कानुनले व्यवस्था गरेका र महिलाको जीवनमा बढी प्रयोग हुने महत्वपूर्ण कानुनी व्यवस्थाहरूको निम्नअनुसार चर्चा गरिन्छ :

**क) समानतासम्बन्धी व्यवस्था**

**नेपालको अन्तरिम संविधान, २०६३**

नेपालको अन्तरिम संविधान, २०६३ मा महिला समानतासम्बन्धी निम्न व्यवस्था गरेको पाइन्छः-

- देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक समस्याहरूलाई समाधान गर्न राज्यको अग्रगामी पुर्नसंरचना गर्ने (प्रस्तावना)
- सबै नागरिक कानुनको दृष्टिमा समान हुने र कसैलाई पनि कानुनको समान संरक्षणबाट बञ्चित नगरिने (धारा १३ (१)
- सामान्य कानुनको प्रयोगमा कुनै नागरिक माथि धर्म, वर्ण, जात, जाति, लिङ्ग, उत्पत्ति, भाषा वा वैचारिक आस्थाको आधारमा भेदभाव नगरिने (धारा १३(२))
- राज्यले नागरिकहरू बीच धर्म, वर्ण, जात, जाति, लिङ्ग, उत्पत्ति, भाषा वा वैचारिक आस्थाको आधारमा कुनै भेदभाव नगर्ने (धारा १३(३))
- महिला, श्रमिक, वृद्ध, अपाङ्ग तथा अशक्त र असहाय नागरिकलाई कानुनमा व्यवस्था भए बमोजिम सामाजिक सुरक्षाको हक हुने (धारा १८(२))
- महिला भएकै कारणबाट कुनै पनि

किसिमको भेदभाव नगरिने (धारा २०(१))

- पैतृक सम्पत्तिमा छोरा र छोरीलाई समान हक हुने (धारा २०(४))

**नागरिक अधिकार ऐन, २०१२**

यस ऐनअन्तर्गत महिलाका निम्न अधिकारहरूको व्यवस्था गरिएको छ:-

- प्रचलित नेपाल कानुनको अधिनमा रही कानुनको अगाडि समानता र कानुनको समान संरक्षण कुनै नागरिकलाई पनि इन्कार नगरिने (धारा ३)
- सरकारी सेवा वा अरू कुनै सार्वजनिक सेवाको नियुक्तिमा कुनै पनि नागरिकमाथि केवल धर्म, वर्ण, लिङ्ग, जात, जाति वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव नगरिने (धारा ४)

**ख) सम्बन्धविच्छेदसम्बन्धी व्यवस्था**

**मुलुकी ऐन २०२०**

मुलुकी ऐन २०२० लोग्ने स्वास्नीको महलको १ (२) नं. अनुसार निम्न अवस्थामा स्वास्नीले लोग्नेसँग सम्बन्ध विच्छेद गर्न पाउँछन्।

- लोग्नेले अरू स्वास्नी ल्याएमा वा राखेमा,
- स्वास्नीलाई घरबाट निकालेमा वा खान लाउन नदिएमा वा स्वास्नीको खोजखबर नलिई हेरविचार नराखी लगातार तीन वर्ष वा सो भन्दा बढी समयदेखि स्वास्नीलाई छोडी अलग बस्ने गरेमा,
- स्वास्नीको ज्यान जाने, अङगभङ्ग हुने वा अरू कुनै ठूलो शारीरिक वा मानसिक कष्ट हुने किसिमको काम वा जाल प्रपञ्च गरेमा,
- लोग्ने नपुङ्सक हुन गएमा वा लोग्नेलाई निको नहुने यौनसम्बन्धी कुनै रोग लागेमा,
- लोग्नेले परस्त्रीसँग करणी गरेको ठहरेमा।
- लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद भएको मितिले २ सय ७२ दिन भित्र जन्मेको सन्तान अन्यथा प्रमाणित नभएमा सो सम्बन्ध विच्छेद भएको लोग्नेकै सन्तान ठहर्छ। (३ नं.)
- महिलाले सम्बन्ध विच्छेद गर्न चाहेमा आफू बसोबास गरेको क्षेत्रको जिल्ला अदालतमा फिरादपत्र दिनु पर्दछ।
- सम्बन्ध विच्छेदी महिलाले लोग्ने तर्फबाट अंश पाउने व्यवस्था छ।

**सम्बन्धविच्छेद पछि नाबालकलाई कसले पाल्ने**

लोग्ने स्वास्नीको महलको ३ नं. अनुसार सम्बन्ध विच्छेदपछि नाबालकलाई कसले पाल्ने भन्ने सम्बन्धमा निम्न व्यवस्था छ :

- ५ वर्ष मुनिका नावालकलाई ५ वर्षको उमेर नपुगेसम्म आमा आफैंले पाल्न चाहेमा निजले र निजले पान्न नचाहेमा बाबुले पाल्नु पर्दछ।
- ५ वर्ष देखि माथिका नाबालकलाई अर्को विवाह नगरेको अवस्थमा आमा आफैंले पाल्न चाहेमा निजैले र निजले पाल्न नचाहेमा वा आमाले अर्को विवाह गरेको अवस्थामा बाबुले पाल्नु पर्दछ।
- आमाबाबु दुवैको मञ्जुरीभएमा त्यस्तो नावालकलाई आमाबाबु मध्ये कुनैले वा दुवैले आलोपालो गरी पाल्न पाउँछन्।

**ग) जबरजस्ती करणीसम्बन्धी व्यवस्था**

मुलुकी ऐन जबरजस्ती करणीको महलअनुसार जबरजस्तीकरणी सम्बन्धमा निम्न व्यवस्था गरिएको छ।

- कन्या, विधवा वा अर्काकी सधवा स्वास्नी मानिसमा १६ वर्ष मुनिकीलाई उसको मञ्जुरीलिई वा नलिई जुनसुकै व्यहोरासँग करणी गरे पनि र १६ वर्ष नाघेकीको राजीखुशी बिना बेमञ्जुरीले जुनसुकै तरहसँग भए पनि जोरजुलम गरी वा डर धाक देखाई वा अनुचित प्रभावमा पारी करणी गरेमा जबरजस्ती करणी ठहर्छ। (धारा - १)

**जबरजस्ती करणी भएमा के गर्ने ?**

- जबरजस्ती करणीसम्बन्धी अपराधको घटना घटेमा नजिकको प्रहरी कार्यालयमा तत्काल उजुरी दर्ता गराउनु पर्दछ।
- त्यस्तो जाहेरी/उजुरी पीडित आफैंले वा अरू जो सुकैले पनि प्रहरी कार्यालयमा दर्ता गराउन सक्छ।
- जबरजस्ती करणी भए गरेको मितिले पैंतीस दिन भित्र जाहेरी/उजुरी नदिए लाग्न सक्दैन।

**जबरजस्ती करणी गर्नेलाई हुने सजाय**

- दश वर्ष भन्दा मुनिको बालिकालाई जबरजस्ती करणी गरेको भए दशदेखि पन्ध्र वर्षसम्म कैद हुन्छ।
- दश वर्ष भन्दा माथि १६ वर्ष मुनिकालाई भए सातदेखि दश वर्षसम्म कैद हुन्छ।
- १६ वर्ष वा सो भन्दा माथिको महिलालाई भए पाँचदेखि सात वर्षसम्म कैद हुन्छ।
- महिलालाई सामूहिक रूपमा जबरजस्ती करणी गर्ने वा गर्भवती वा अशक्त वा अपाङ्ग महिलालाई जबरजस्तीकरणी गर्नेलाई माथि लेखिएको सजायमा थप पाँच वर्ष कैद हुन्छ।
- जबरजस्ती करणी गर्नेबाट पीडित महिलाले आधा अंश पाउँछिन्।
- आफूलाई जबरजस्तीकरणी गर्न खोज्नेलाई तत्काल केही नगर्दा आफ्नो धर्म नष्ट हुने खतरा भएमा करणी लिन नपाउँदै वा लिएको तत्काल पछि सोही थलामा वा सो ठाउँबाट लखेट्दै गई एकघण्टा भित्र पीडित महिलाले प्रतिकार गर्दा पीडकको ज्यान गएमा महिलालाई कुनै सजाय हुँदैन।

**घ) गर्भपतनसम्बन्धी व्यवस्था**

मुलुकी ऐन ज्यानसम्बन्धी महलमा गर्भपतनसम्बन्धी निम्न व्यवस्था छ :

- कसैले गर्भवती महिलालाई करकाप, धम्की, ललाईफकाइ वा प्रलोभनमा पारी गर्भपतन गराउन वा गर्भपतन गराउने उद्देश्यले गर्भमा रहेको भ्रुणको लिङ्ग पहिचान हुने कुनै काम गर्न गराउन हुँदैन। (धारा - २८ (क) नं.)

तर, यसै महलको २८ (ख) नं. अनुसार निम्नअवस्थामा सरकारले तोके बमोजिमको प्रक्रिया अपनाई इजाजतप्राप्त स्वास्थ्यकर्मीबाट गर्भपतन गर्न सकिने व्यवस्था गरेको छः

- गर्भ बोक्ने महिलाको मन्जुरीले १२ हप्ता सम्मको गर्भपात गर्न सकिन्छ।
- जबरजस्ती करणी वा हाडनाताकरणीबाट रहन गएको १८ हप्तासम्मको गर्भ, गर्भ बोक्ने महिलाको मञ्जुरीले गर्भपात गर्न सकिने।
- गर्भपात नगराएमा गर्भ बोक्ने महिलाको ज्यान खतरामा पुग्न सक्छ वा निजको स्वास्थ्य शारीरिक वा मानसिक रूपले खतरा हुन सक्तछ वा विकलाङ्ग बच्चा जन्मन्छ भन्ने प्रचलित कानुन बमोजिम योग्यता प्राप्त चिकित्सकको राय भई त्यस्तो महिलाको मञ्जुरीले गर्भपात गर्न सकिन्छ।

**गर्भपतन गर्न नपाइने अवस्थाहरू**

- गर्भवती महिलाको मञ्जुरी नलिई गर्भपतन गराउनु हुँदैन।
- गर्भमा रहेको भ्रुणको लिङ्ग पहिचान गरी गर्भपतन गराउनु हुँदैन।
- कानुनले तोकेको अवधि र अवस्थामा बाहेक अन्य अवस्थामा गर्भपतन गराउन हुँदैन।

**गर्भपतनसम्बन्धी मुद्दाको कारवाही**

- गैरकानुनी तरिकाबाट गर्भपतन गरे गराएमा थाहा पाउने जोसुकैले सम्बन्धित नजिकको प्रहरी कार्यालयमा उजुरी गर्न सक्छ।
- गर्भपतनसम्बन्धी मुद्दामा नेपाल सरकार वादी हुन्छ।
- कसुरदार आफैँले गर्भपतन गरे गराएको कुरामा सावित भएको अवस्थामा जहिलेसुकै पनि उजुर गर्न सकिन्छ। सो बाहेक अरू अवस्थामा गर्भपतन भएको मितिले ३ महिना भित्र उजुर गर्नुपर्दछ।

**गर्भपतन गराएमा हुने सजाय**

- कसैले गर्भ तुहाएमा वा गर्भ तुहाउने नियतले वा गर्भ तुहिन सक्छ भन्ने जानीजानी वा विश्वास गर्नुपर्ने कारण भई कुनै काम गर्दा गर्भ तुहिन गएमा निम्न बमोजिम सजाय हुन्छ।
- बाह्र हप्तासम्मको गर्भ भए एक वर्षसम्म कैद।

  पच्चीस हप्तासम्मको गर्भ भए तीन वर्षसम्म कैद।

  पच्चीस हप्ता भन्दा बढीको गर्भ भए पाँच वर्ष सम्म कैद।
- गर्भवती महिलालाई करकाप गरी वा धम्की दिई वा ललाई फकाई वा प्रलोभनमा पारी गर्भपतन गराउनेलाई ३ महिना देखि ६ महिनासम्म कैद हुन्छ। गर्भपतन गराउने उद्देश्यले लिङ्ग पहिचान गरी लिङ्गको आधारमा गर्भपतन गराउनेलाई थप एक वर्ष कैद हुन्छ।
- केही रिसइवीले गर्भवती महिलालाई केही कुरा गर्दा (कुटपिट, लछार पछार वा यातना दिँदा) गर्भ तुहिन गयो भने गर्भ तुहाउने मनसायले नगरेको भए पनि सजाय हुन्छ।

**ङ) विवाहसम्बन्धी व्यवस्था**

मुलुकी ऐन विवाहवारीको महल अनुसार विवाहसम्बन्धी निम्न व्यवस्था गरेको पाइन्छ।

- हाडनाताकरणीको महलअनुसार अजाय हुने नातामा बाहेक आफ्नो इन्छा अनुसार राजी खुशीले विवाहबारी गर्न हुन्छ। (१ नं.)
- विहावारी गर्दा महिलापुरूषको उमेर संरक्षकको मञ्जुरी भए १८ वर्ष र संरक्षकको मञ्जुरी नभए बीस वर्ष नपुगी विहावारी गर्न गराउन हुँदैन। (२ नं.)
- लोग्ने मानिस र स्वास्नी मानिस दुवैको मञ्जुरीबिना विवाह गर्न, गरी दिन हुँदैन। (७ नं.)
- यसै महलको ९ नं. अनुसार निम्न अवस्थामा बाहेक कुनै लोग्ने मानिसले आफ्नी स्वास्नी जीवित हुँदै वा कानुन बमोजिम लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद नहुँदै अर्की स्वास्नी मानिससँग विवाह गर्न वा अर्को स्वास्नी राख्न हुँदैन।
- स्वास्नीलाई यौनसम्बन्धी कुनै सरूवा रोग भई निको नहुने भएमा।
- स्वास्नी निको नहुने गरी बौलाएमा।
- स्वास्नीको कारणबाट सन्तान नभएको भन्ने सरकारबाट मान्यताप्राप्त मेडिकल वोर्डबाट प्रमाणित भएमा।
- स्वास्नीको खुट्टा नचल्ने भई हिँडडुल गर्न नसक्ने भएमा।
- स्वास्नी दुवै आखाँ नदेख्ने नेत्रहिन भएमा।
- स्वास्नीले कानुन बमोजिम अंश लिई भिन्न बसेमा।

**बहु विवाहमा उजुरी दिने ठाउँ**

- कसैले कानुन बमोजिम बाहेक बहुविवाह गरेमा सम्बन्धित नजिकको प्रहरी कार्यालयमा उजुरी दिन सकिन्छ।
- कसैले कानुन विपरित बहुविवाह गरेमा थाहा पाएको मितिले तीन महिना भित्र उजुर गरी सक्नु पर्छ।
- बहुविवाहसम्बन्धी मुद्दा सरकारवादी मुद्दा हुन्छ।

**बहुविवाह गरेमा हुने सजाय**

- कसैले कानुन विपरीत अर्को विवाह गरेमा वा स्वास्नी राखेमा एक वर्षदेखि तीन वर्षसम्म कैद र पाँच हजार रूपियाँ देखि पच्चीस हजार रूपियाँसम्म जरिवानासमेत हुन्छ।
- महिलाले पनि जानीजानी बहुविवाह गरेमा वा स्वास्नी भई बसेमा पुरूष सरह सजाय हुन्छ।

**सामाजिक व्यवहार सुधार ऐन, २०३३**

- विवाह हुँदा तिलक लिनु दिनु हुँदैन। (दफा ३(१))
- विवाह हुँदा वा विवाहपछि दुलही पक्षबाट दुलही वा दुलहालाई यति नगद जिन्सी दाइजो, दानवकस, भेटी दिन भनी दुलाहा पक्षले कर लगाउन वा यति लिने दिने भनी दुवै पक्षले अगावै तय गर्न हुँदैन। (दफा ४)
- दाइजो दिएन भनी दुलाह पक्षले टण्टा गर्न वा विवाह गर्न इन्कार गर्न वा विवाह भइसकेको भए दुलही बिदा गराई साथमा नलग्न हुँदैन। (दफा ४)
- यसरी विवाह गर्दा लितक लिने दिने गरेमा तिलक बराबरको बिगो जफत गरी १२ हजार देखि २५ हजार सम्म जरिवाना वा ३० दिन सम्म कैद वा दुवै सजाय हुन्छ। (दफा ३(२))

**च) अंशसम्बन्धी व्यवस्था**

मुलुकी ऐनअनुसार महिलाको

अंशसम्बन्धी निम्न व्यवस्था गरेको छ :

- अविवाहित छोरीले पनि छोरा सरह सम्पत्तिमा अंश भाग पाउँछन्। अंशवण्डाको महल १ र २ नं.)
- विधवा स्वास्नी मानिसले चाहेमा आफ्नो अंश लिई भिन्न हुन पाउँछन्। सन्तान नभएमा विधवाले अर्को विवाह गरे पनि निजले आफ्नो अंश आफूखुस गर्न पाउँछन्। (अंश वण्डाको १२ नं.)

**अंश माग्ने अवस्था**

- इज्जत आमद अनुसार खान लाउन नदिएमा। (अंश वण्डको १० नं.)
- उचित शिक्षादीक्षा र स्वास्थ्य उपचारको व्यवस्था नगरेमा। (अंश वण्डाको १० नं.)
- कुटपिट समेतका घेरलु हिंसाबाट पीडित भएमा। (लोग्ने स्वास्नीको ४ नं.)
- सासु-ससुरा वा लोग्नेले कुटपिट गरी घरबाट निकाला गरेमा। (लोग्ने स्वास्नीको ४ नं.)
- लोग्नेले अर्को स्वास्नी ल्याएमा वा राखेमा। (लोग्ने स्वास्नीको ४ नं.)
- लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद हुने भएमा। (लोग्ने स्वास्नीको ४ नं.)
- यस्ता अवस्थामा अंश प्राप्त गर्न चाहने अंशियारले जिल्ला अदालतमा मुद्दा दर्ता गर्नुपर्छ।
- अंश मुद्दामा हदम्याद लाग्दैन जहिले सुकै मुद्दा दर्ता गर्न सकिन्छ।

**छ) अपुतालीसम्बन्धी व्यवस्था**

कुनैपनि व्यक्तिको मृत्युपछि उसको नाममा रहेको उसको हकको सम्पत्ति नजिकको हकवालाको नाताले उसको सन्तानले प्राप्त गर्दछन्। यसरी कुनै पनि व्यक्तिको मृत्यु पछि उसको नजिकको नातामा सर्ने सम्पत्तिलाई नै अपुताली भनिन्छ।

- अपुताली पर्दा मर्नेको लोग्ने, स्वास्नी, छोरा, अविवाहित छोरी छोराको छोरा वा निजको अविवाहिता छोरी भएसम्म अरूले अपुताली पाउँदैन। (अपुतालीको २ नं.)
- मर्ने व्यक्तिको छोरा नभई विधवा बुहारी भएमा निजले छोरा सरह अपुताली पाउँछिन्। (अपुतालीको २ नं.)
- मर्ने व्यक्तिको छोरा वा विधुवा बुहारीसमेत नभएमा विवाहिता छोरी, विवाहित छोरी नभए निजको छोरा वा निजको छोरा पनि नभए अविवाहिता छोरीहरूले अपुताली पाउँछन्। (अपुतालीको २ नं.)
- भिन्न भई बसेका लोग्ने, छोरा, अविवाहित छोरी, छोराका छोरा वा निजको अविवाहित छोरीले हेरचाह नगरी विवाहिता छोरी ज्वाँई वा त्यस्ता छोरी ज्वाईका छोरा वा अविवाहित छोरीले स्याहारसम्भार गरी पालेको रहेछ भने त्यसरी पालेको बाबु, आमा, सासू, सुसुरा वा बाजे बज्यैको अपुताली पाल्ने विवाहित छोरी, छोरी ज्वाई वा नाति नातिनाले पाउँछन्। (अपुतालीको ३ नं.)
- अपुताली परेको ३ वर्ष भित्र नालिस नदिए नालिन लाग्दैन।
- अपुतालीको नालिस जिल्ला अदालतमा दिन पर्दछ।

**ज) स्त्री अंशधनसम्बन्धी व्यवस्था**

महिलाको स्वामित्वमा रहेको र तीनले चोहेको बखत आफू खुस गर्न पाउने सम्पत्तिलाई स्त्री धन भनिन्छ। महिलाको सम्पत्ति माथिको अधिकारमा भएको पहुँचको आधारमा हेर्दा महिलाले दुई प्रकारका सम्पत्ति प्राप्त गर्ने गर्दछन्। जुन निम्नानुसार छ :

क) **स्त्री धन:** स्त्री धन अन्तगत महिलाको निजी आर्जनको सम्पत्ति, दाइजो, पेवा वा अन्य माध्यमबाट प्राप्त सम्पत्ति, दान, बकस, उपहार आदिबाट प्राप्त सम्पत्ति तथा अपुतालीबाट प्राप्त सम्पत्ति पर्दछन्।

ख) **स्त्री अंशधन** : अविवाहित छोरीको रूपमा आफ्नै पैतृक सम्पत्तिबाट प्राप्त अंश वा विवाहित महिलाको रूपमा आफ्नै लोग्नेबाट प्राप्त अंश सम्बन्ध विच्छेद गर्दा प्राप्त हुने अंश समेतलाई स्त्री अंश धन भनिन्छ।

**दाइजो वा पेवा के हो ?**

**दाइजो** : माइती, मावलीपट्टिका नातेदार, इष्टमित्रले दिएको चल-अचल र त्यसबाट बढे बढाएको सम्पत्तिलाई दाइजो भनिन्छ। (स्त्री अंशधनको ४ नं.)

**पेवा** : लोग्ने वा लोग्ने पट्टिका अंशियारले सबै अंशियारको मन्जुरीको लिखत गरी दिएको लोग्ने पट्टिका अरू नातेदार वा इष्टमित्रले दिएको चलअचल सम्पत्ति र त्यसबाट बढे बढाएको सम्पत्तिलाई पेवा भनिन्छ। (स्त्री अंशधनको ४ नं.)

कन्या, सधवा, विधवा महिलालले आफ्नो आर्जनको चल-अचल सम्पत्ति आफू खुश गर्न पाउँछन्। (१ नं.)

महिलाले आफ्नो दाइजो र पेवा पनि आफूखुश गर्न पाउँछन्।

आफ्नो आर्जन भित्र आफूले प्राप्त गरेको पारिश्रमिक, ज्याला कोष, सुविधा, भत्ता जस्ता निजी सीप क्षमताबाट आर्जन गरेको सम्पत्ति पर्दछ।

**झ) सहभागितासम्बन्धी व्यवस्था**

- तल उल्लेखित संविधान, ऐन तथा नियमावलीहरूले महिलाको राजनीतिक र सार्वजनिक सहभागिता सम्बन्धी निम्न व्यवस्था गरेको छ :

**नेपालको अन्तरिम संविधान, २०६३**

- आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछि परेका महिला, दलित, आदिवासी जनजाति, मधेशी समुदाय, उत्पीडित वर्ग, गरीब किसान र मजदुरलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागी हुने हक हुने। (धारा २१)
- एकल महिला तथा गरिबीको मारमा परेका महिलाको सामाजिक आर्थिक तथा राजनीतिक सशक्तिकरण गरी सबै क्षेत्रमा उनीहरूको क्रियाशील सुनिश्चितता गरिनेछ।
- राष्ट्रिय मानवअधिकार आयोगको अध्यक्ष र सदस्यको नियुक्ति गर्दा महिला सहित विविधता कायम गर्नुपर्ने। (धारा - १३१ (२))
- समानुपातिक निर्वाचन प्रणालीबाट संविधानसभामा निर्वाचित हुने सदस्यमा राजनीतिक सूचीकृत गर्दा महिला, दलित, उत्पीडित जाति आदिवासी जनजाति, पिछडिएको क्षेत्र, मधेशीलगायतको समानुपातिक प्रतिनिधित्व गराउनुपर्ने। (धारा ६३ (४))

**स्थानीय स्वायत्त शासन ऐन, २०५५**

- गाउँ विकास समितिको प्रत्येक वडामा

एक जना महिला वडा सदस्य रहने। (दफा ७(ख))

- गाउँ परिषद्मा एक जना महिला मनोनित हुने। (दफा ८, २ (ग))
- गाविसमा एक जना महिला मनोनित हुने। (दफा १२ (२) (ग))
- नगरपालिकाको प्रत्येक वडामा एक जना महिला वडा सदस्य रहने। (दफा ७५ (ख))
- नगरपरिषद्मा मनोनित हुनेहरू मध्ये कम्तीमा ४० प्रतिशत महिला हुनुपर्ने। (दफा ७६ (२) (ग))
- नगरपालिका बोर्डमा एक जना महिला मनोनित हुने। (दफा ८० (२) (ग))
- जिल्ला विकास समितिमा एक जना महिला मनोनित हुने। (दफा १७६ (२) घ।
- जिल्ला परिषद्मा एक जना महिला मनोनित हुने। (दफा १७२ (२) (ङ))
- गा.वि.स.ले मध्यस्थताको सूचीमा यथासम्भव महिलालाई समावेश गर्नुपर्ने। (दफा ३५ (२))
- नगरपालिकाले मध्यस्थताको सूचीमा यथासम्भव महिलालाई समावेश गर्नुपर्ने। (दफा १०३ (३))

**बालबालिकासम्बन्धी ऐन, २०४८**

- केन्द्रीय बाल कल्याण समितिमा महिला सामाजिक कार्यकर्ता रहने। (दफा ३२ (१))
- प्रत्येक जिल्लाको बालकल्याण समितिमा महिला सामाजिक कार्यकर्ता रहने। (दफा ३२ (२) (ग))

**ञ) शिक्षासम्बन्धी व्यवस्था**

**शिक्षा ऐन, २०२८**

- जिल्ला शिक्षा समितिमा १ जना महिला सदस्य रहने। (दफा ११ (२) (घ))
- गाउँ शिक्षा समितिमा २ जना महिला सदस्य रहने। (दफा ११ (ट) (१) (ग))
- सामुदायिक विद्यालयको व्यवस्थापन समितिमा एक जना महिला सदस्य रहने। (दफा १२ (१) (ख))
- संस्थागत विद्यालयका व्यवस्थापन समितिमा एक जना महिला सदस्य रहने। (दफा १२ (४) (ख))

**शिक्षा नियमावली, २०५३**

- सामुदायिक शिक्षक पदमा नियुक्ति गर्दा व्यवस्थापन समितिको १ वर्षसम्म परीक्षणकालमा रहने गरी नियुक्ति दिनेछ। तर महिला शिक्षिकाको हकमा ६ महिनामात्र परीक्षणकाल हुनेछ। (नियम २२ ङ (१२)
- महिला विद्यार्थी बैबाहिक सम्बन्धको कारणले अन्यत्र स्थानान्तरण हुनुपरेमा स्थानान्तरण प्रमाणपत्र दिने सकिने। (नियम ८० (२) (ख))
- प्राथमिक तहको विद्यालयमा कम्तिमा एक जना महिला शिक्षिकाको पद रहने। (नियम ९१(१))
- सबै पुरूष शिक्षक भएका विद्यालयमा पद रिक्त हुँदा वा शिक्षक दरबन्दी थप हुँदा महिला शिक्षकको पद कायम भएको मानिने। (नियम ९१ (२))
- महिला शिक्षकको पतिले किरिया बस्नुपरेमा त्यस्तो महिला शिक्षकले पनि किरिया बिदा पाउने छ। (नियम १०६ (७)।
- संस्थागत विद्यालयले कम्तिमा पाँच प्रतिशत महिला विद्यार्थीलाई छात्रवृति उपलब्ध गरिनु पर्ने। (नियम १५१ (२))
- सामुदायिक विद्यालयले गरीबीको रेखामुनी रहेका महिला लगायतका विद्यार्थीलाई नि:शुल्क शिक्षाको व्यवस्था गर्नुपर्ने। (नियम १५२)

**ट) रोजगारीसम्बन्धी व्यवस्था**

**श्रम ऐन, २०४८**

- महिलालाई रात्री समयमा काममा लगाउन निजको मञ्जुरी आवश्यक पर्ने। (दफा ५ (३))
- महिला तथा पुरूष कामदारको लागि वेग्ला वेग्लै शौचालयको व्यवस्था गर्ने। (दफा २०(ज))
- पचास भन्दा बढी महिला कार्यरत रहेको प्रतिष्ठानमा बालकहरूको लागि स्वास्थ्य पद कोठाको व्यवस्था गर्नु पर्ने। (दफा ४२ (१))
- महिला कामदार तथा कर्मचारीका बालकहरूलाई दूध खुवाउने समय दिनुपर्ने। (दफा ४२ (३))
- होटल व्यवसायमा विशेष सुरक्षाको प्रबन्ध गरी महिलालाई जुनसुकै समयमा पनि काममा लगाउन सकिने। (दफा ४८ (क))

**निजामती सेवा ऐन, २०४९**

यस ऐनअन्तर्गत महिलाको सवालमा निम्नलिखित व्यवस्था गरेको छ :

- निजामती सेवालाई समावेशी बनाउन खुला प्रतियोगिताबाट पूर्ति हुने पद मध्ये पैँतालीस प्रतिशत पद छुट्याई उक्त ४५ प्रतिशतलाई शतप्रतिशत मानी उक्त पद मध्ये तेत्तीस प्रतिशत पद महिलालाई छुट्टयाई उक्त पदमा महिलाहरूलाई मात्र प्रतिस्पर्धा गराई पदपूर्ति गराउने व्यवस्था छ। (धारा - ७(७))
- महिलाहरू निजामती सेवामा ४० वर्षसम्म उम्मेदवार हुन योग्य हुने वा पुरूषहरू ३५ वर्षसम्म मात्र योग्य हुने। (१०, १, (ग))
- निजामती सेवामा नयाँ नियुक्ति गर्दा महिला कर्मचारीलाई ६ महिनाको परीक्षणकाल हुने तर , पुरूषलाई १ वर्ष। (दफा १६)
- निजामती सेवाका महिलालाई बढुवाको लागि आवश्यक सेवा अवधि पुरूषको भन्दा एक वर्ष कम हुने। (दफा २१ (२))

**श्रम नियमावली, २०५०**

- प्रतिष्ठानमा साढे ६ बजेदेखि बिहान ६ बजेसम्मको समयमा महिलाको सहमतिले मात्र काममा लगाउन सकिने। (नियम ४०)
- महिलालाई काममा लगाउँदा सुरक्षाको उपयुक्त व्यवस्था गर्नुपर्ने। (नियम ४ (२))
- महिला कामदारहरूलाई ४५ के.जी भन्दा बढी वजन बोकाउन नहुने। (नियम ३३ (१))
- नावालिका महिला कामदारहरूलाई २० के.जी. भन्दा बढी वजन बोकाउन नहुने। (नियम ३९ (घ))

**चियावगानसम्बन्धी श्रम नियमावली, २०५०**

- साँझ ६ बजेदेखि विहान ६ बजेसम्मको समयमा महिला कामदार वा कर्मचारीको सहमतिले मात्र काममा लगाउन सकिने। (नियम ४ (१))

- महिलालाई काममा लगाउँदा सुरक्षाको उपयुक्त व्यवस्था गर्नु पर्ने। (नियम ४ (२))

**प्रहरी नियमावली, २०४९**

- खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गर्दा प्रहरी सेवालाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्वारा पूर्ति गर्ने पदमध्ये पैंतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शतप्रतिशतमानी त्यसमध्ये बीस (२०) प्रतिशत महिला उम्मेदवार बीचमा मात्र प्रतिष्पर्धा गराई पदपूर्ति गरिने। (नियम ११ (३))
- प्रहरी निरिक्षक पदको लागि हुने खुल्ला प्रतियोगितामा ५ पाँच फिट उचाई भएको महिलाले भागलिन सक्ने। (नियम १३ (१) (६))
- महिला प्रहरी कर्मचारी गर्भवती भएमा निजले सुत्केरीको अघि पछि गरी ६० दिन प्रसुती बिदा पाउने। (नियम ५७ (१))
- प्रसुती विदा बस्ने महिला प्रहरी कर्मचारिले पूरा तलब, भत्ता र राशन पाउने। (नियम ५७ (२))
- प्रसुती विदा बढीमा दुईपटक सुत्केरी हुँदा सम्मलाई मात्र दिइने र सो भन्दा बढी बच्चा हुने महिला कर्मचारीले सुत्केरी हुँदा आवश्यक पर्ने बिदा निजको पाकेको वा पाक्ने घर बिदा र बिरामी बिदाबाट कट्टी हुने गरी लिनुपर्ने। (नियम ५७ (३))

**सशस्त्र प्रहरी नियमावली, २०६०**

- सशस्त्र प्रहरी सेवालाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये पैंतालीस प्रतिशत छुट्याई सो प्रतिशतलाई शत प्रतिशत मानी त्यस मध्ये २० (बीस) प्रतिशत महिला उम्मेदवार बीचमा मात्र प्रतिस्पर्धा गराई पदपूर्ति गर्ने। (नियम ५ (३))
- महिला सशस्त्र प्रहरी गर्भवती भएमा निजले सुत्केरीको अघिपछि गरी पूरा तलब सहितको ६० दिन प्रसुती बिदा लिन पाउने। (नियम १०५ (१))
- प्रसुती बिदा सेवा अवधिमा दुई पटक मात्र दिइने। (नियम १०५ (२))

**ठ) स्वास्थ्यसम्बन्धी व्यवस्था**

**नेपालको अन्तरीम संविधान, २०६३**

- प्रत्येक महिलालाई प्रजनन् स्वास्थ्य तथा प्रजनन् सम्बन्धी हक हुने। (धारा २० (२))

**कारागार नियमावली, २०२०**

- थुनुवा वा कैदी सुत्केरीलाई थप स्याहार र सामान दिइने। (नियम २४)

**बालबालिका सम्बन्धी ऐन, २०४८**

- गर्भिणी र सुत्केरी अवस्थाका आमाहरूको उचित स्वास्थ्य स्याहारको व्यवस्था गर्नमा सरकारले सहयोग गर्ने। (दफा ४ (३))

**निजामति सेवा नियमावली, २०५०**

- महिला निजमती कर्मचारी गर्भवतीले प्रसुती विदा पाउने। (नियम ५९ (१))
- प्रसुती विदामा बस्दा महिला निजामती कर्मचारीले पूरा तलब पाउने। (नियम ५९ (२))

**ड) महिला विरूद्ध हिंसासम्बन्धी व्यवस्था**

**नेपालको अन्तरिम संविधान २०६३**

- कुनै पनि महिला विरूद्ध शारीरिक, मानसिक वा अन्य किसिमको हिंसाजन्य कार्य नगरिने र त्यस्तो कार्य कानुनद्वारा दण्डनीय हुने। (धारा २०( ३))

**गाली र बेइज्जती ऐन, २०१६**

- आईमाईलाई अपमानित गरेमा एक सय रूपियाँदेखि पाँचसय रूपियाँसम्म जरिवाना र ६ महिना सम्म कैदको सजाय हुन सक्ने (दफा ८)

**केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७**

- सार्वजनिक स्थानमा महिलावर्गलाई हातपात गरी बेइज्जत गर्न नहुने। (दफा २ (घ))

**मुलुकी ऐन, २०२०, आसय करणीको महल**

- एघार वर्ष नाघेका कुनै पनि स्वास्नी मानिसलाई करणीका आसयले समातेमा पाँच सय रूपियाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुने। (१ नं.)

**मुलुकी ऐन, २०२० अदालती बन्दोवस्तको महल**

- कुनै अभियोग लागी आएको स्वास्नीमानिसलाई बेमनासित ठट्टा मस्करीसँग सोधपुछ गर्न नहुने। (नं. १३४)

**घरेलु हिंसा (कसूर र सजाय) ऐन २०६६**

- कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना, शब्दले गाली गर्ने, भावनामा चोट पुऱ्याउने कार्य गरेमा "घरेलु हिंसा" ठहर्छ। (दफा २ (क))
- वंशज, विवाह वा धर्मपुत्र वा धर्मपुत्री भएको वा संयुक्त परिवारको सदस्य, आश्रित वा कामदारको रूपमा एकै परिवारमा बसेका व्यक्तिहरूका बीचको सम्बन्ध नै "घरेलु सम्बन्ध" हो। (दफा २ (ख))
- कुटपिट गर्ने, गैर कानुनी थुनामा राख्ने, शारीरिक चोट पुऱ्याउने वा त्यस्तै अन्य कुनै काम गर्ने वा गराउने कार्य "शारीरिक यातना" हो। (दफा ३ (ग))
- शारीरिक यातनाको डर धाक देखाउने, धम्की दिने, त्रासपूर्ण व्यवहार गर्ने, गाली गलोज गर्ने, झुट्ठा वात लागउने, घरबाट निकाला गर्ने, मानसिक चोटपुग्ने सक्ने अन्य कुनै काम गर्ने गराउने, बैचारिक, धार्मिक वा साँस्कृतिक तथा प्रथा परम्परका आधारमा भेदभाव गर्ने कार्य "मानसिक यातना" हो। (दफा २ (घ))
- यौनजन्य प्रकृतिको दुर्व्यवहार, अपमान, हतोत्साह वा आत्मसम्मानमा चोट पुऱ्याउने वा सुरक्षित यौनस्वास्थ्यमा आघात पुग्ने काम "यौनजन्य यातना" हो। (दफा २ (ङ))
- सगोल वा निजी सम्पत्तिको प्रयोग गर्न वा रोजगारी वा आर्थिक स्रोत र साधनको पहुँच वा प्रयोगमा वञ्चित गर्ने कार्य "आर्थिक यातना" हो। (दफा २ (च))

**घरेलु हिंसा गर्न गराउन नहुने**

- कसैले पनि माथि उल्लेख गरे

बमोजिमको घरेलु हिंसा गर्न, गराउन वा सो कुराले उद्योग गर्न वा घरेलु हिंसाको निमित्त कसैलाई दुरूत्साहन गर्न हुँदैन। (दफा ४ (१))

**उजुरी गर्ने व्यवस्था**

- घरेलु हिंसा भएको, भैरहेको वा हुन लागेको थाहा पाउने जुनसुकै व्यक्तिले सो सम्बन्धी विवरण खुलाई लिखित वा मौखित रूपमा निम्न स्थानमा उजुरी गर्न सक्दछ। (दफा ४)

क) नजिकको प्रहरी कार्यालय

ख) राष्ट्रिय महिला आयोग वा

ग) पीडित बसोवास गरेको, पीडक रहेको वा घटना घटेको स्थानीय निकाय (गाविस, नगरपालिका, नगरपालिकाको वडा कार्यालय)।

**मेलमिलापसम्बन्धी व्यवस्था**

- उजुरीका आधारमा अनुसन्धान गर्दा घरेलु हिंसा भएको देखिएमा र पीडितले चाहेमा प्रहरी कार्यालय र स्थानीय निकायले उजुरी परेको मितिले तीस (३०) दिन भित्र दुवै पक्षलाई मेलमिलाप गराई दिनुपर्छ। (दफा ८)

**सजायसम्बन्धी व्यवस्था**

- कसैले घरेलु हिंसा गरेमा त्यस्तो व्यक्तिलाई तीन हजार रूपियाँदेखि पच्चीस हजार रूपियाँसम्म जरिवाना वा ६ महिनासम्म कैद वा दुवै सजाय हुन्छ। (दफा १३)
- घरेलु हिंसाको उद्योग वा दुरूत्साहन गर्ने वा मतियार हुनेलाई कसुरदारलाई हुने सजायको आधा सजाय हुन्छ। (दफा १३ (२))
- घरेलु हिंसाको कसुरमा सजाय पाइसकेको व्यक्तिले पुन: सोही कसुर गरेमा पटकै पिच्छे दोब्बर सजाय हुन्छ। (दफा १३ (३))
- सार्वजनिक जवाफदेहीको पदमा बहाल रहेको कुनै व्यक्तिले घरेलु हिंसा गरेमा निजलाई थप १० प्रतिशत सजाय हुन्छ। (दफा १३ (४))
- घरेलु हिंसाको कसुरमा भए गरेको मितिले नब्बे दिन भित्र उजुरी दिनुपर्छ।

**मानव बेचविखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४**

- किन्ने वा वेच्ने उद्देश्यले मानिसलाई विदेशमा लान नहुने। (दफा-२,क)
- दफा २ (ख) अनुसार वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले निम्न कार्य गरी कसैलाई पनि तल उल्लेख गरे बमोजिम लग्न वा राख्न हुँदैन।

कसैलाई पनि कुनै प्रकारले ललाई, फकाई, प्रलोभनमा पारी, झुक्याई, जालसाज गरी, प्रपञ्च मिलाई, जबरजस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी, नाजुक स्थितिको फाइदा लिई, बेहोस पारी, पद वा शक्तिको दुरूपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी निम्न कार्य गर्न हुँदैन।

(क) बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्न वा

(ख) बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई आफूसँग राख्न वा

(ग) बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई आफ्नो नियन्त्रणमा लिन वा

(घ) बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई कुनै स्थानमा राख्न

(ङ) बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई नेपाल भित्रको एक ठाउँबाट अर्को ठाउँमा लान

(च) बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई विदेशमा लान वा

(छ) बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई अरू कसैलाई दिन

**माथि उल्लेख गरे बमोजिमको कार्य गर्नेलाई हुने सजाय**

- मानिस किन्ने वा बेच्नेलाई बीस वर्ष कैद र दुईलाख रूपियाँ जरिवाना। (दफा १५, १, क)
- वेश्यावृत्तिमा लगाउनेलाई १० देखि १५ वर्ष सम्म कैद र ५० हजार देखि १ लाख रूपियाँसम्म जरिवाना। (दफा १५, १, ख)
- वेश्यागमन गर्नेलाई एक महिनादेखि तीन महिनासम्म कैद र दुई हजार रूपियाँ देखि पाँच हजार रूपियाँसम्म जरिवाना।
- किन्न, बेच्न वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले मानिसलाई

(क) विदेश लैजानेलाई दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद र ५० हजार रूपियाँ देखि १ लाख रूपियाँ सम्म जरिवाना।

(ख) बालबालिका विदेश लगेको भए १५ वर्ष देखि २० वर्ष सम्म कैद र १ लाख रूपियाँदेखि दुई लाख रूपियाँसम्म जरिवाना।

(ग) नेपाल भित्रको एक ठाउँबाट अर्को ठाउँ लैजानेलाई दश वर्ष कैद र ५० हजार रूपियाँदेखि एक लाख रूपियाँसम्म जरिवाना।

(घ) बालबालिकालाई नेपाल भित्रको एक ठाउँबाट अर्को ठाउँ लगेको भए १० वर्षदेखि १२ वर्षसम्म कैद र एक लाख रूपियाँ जरिवाना।

- मानव वेचविखन तथा ओसारपसार सम्बन्धी मुद्दा सरकारवादी हुन्छ।
- मानव वेचविखन तथा ओसारपसार सम्बन्धी घटना घटेमा जोसुकैले नजिकको प्रहरी कार्यालयमा जाहेरी दिन सक्छन्।

**मुलुकी ऐन, अदलको महलको १० (ख) नं.**

- **बोक्सो बोक्सीको आरोप लगाउनेलाई सजायको व्यवस्था:** बोक्सो बोक्सीको आरोप लगाउने वा त्यस्तो आरोप लगाई बसोबास गरेको ठाउँबाट निकाला गर्ने, सामाजिक वहिष्कार गर्ने वा अन्य अमानवीय वा अपमानजनक वा यातना दिने काम गरेमा ३ महिनादेखि २ वर्षसम्म कैदको सजाय वा ५ हजार रूपियाँदेखि २५ हजार रूपियाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था गरेको छ।
- बोक्सो वा बोक्सीको आरोप लगाएको वा आरोप लगाई यातना दिएको मुद्दा सरकारवादी मुद्दा हुने हुँदा पीडितले यस्तो घटना घटेमा नजिकको प्रहरी कार्यालयमा जाहेरी दिन सक्दछन्।

# ‘राष्ट्रिय मानवअधिकार आयोगका सिफारिशहरूको कार्यान्वयन पक्ष’

**चुडामणि आचार्य**
अधिवक्ता

**मानवअधिकार उल्लङ्घनको आरोपीहरूले सरकारबाट पुरस्कृत भएको, बढुवा लगायत अन्य जिम्मेवारी थपिदै गएको व्यवहारिक परिणामवाट दण्डहीनताको अन्त्य गर्न गरिएका सिफारिसहरूको सामु गम्भीर अवस्थाको श्रृजना भएको छ। अदालतसमेतबाट दोषी स्थापित भएका व्यक्तिहरूको मुद्दा फिर्ता लिने सरकारी निर्णय राष्ट्रिय मानवअधिकार आयोगका सिफारिसको कलङ्क बनेका छन्।**

**पृष्ठभूमि**

राष्ट्रिय मानवअधिकार आयोग मानवअधिकारको सम्मान, संरक्षण र सम्बर्द्धन तथा त्यस्को प्रभावकारी कार्यान्वयनलाई सुनिश्चितता गर्ने सम्बन्धमा शुरुमा मानवअधिकार आयोग ऐन २०५६ द्वारा संस्थापित र हाल स्वतन्त्र र स्वायत्त ढंगले काम गर्ने हेतु एक संवैधानिक अङ्गको रुपमा स्थापित छ। मानवअधिकारप्रति राज्यको प्रतिवद्धता वा सरकारबाट भएका मानवअधिकार उल्लङ्घन वा हेलचेक्र्याइको अनुगमन वा अनुसन्धान गर्ने भएकाले यस्तो संयन्त्र सरकारी निकायको रूपमा न भै स्वतन्त्र अङ्गको रुपमा काम गर्नुपर्दछ। सन् १९९१ मा सं.रा.संघको आयोजनामा फ्रान्सको राजधानी पेरीसमा सम्पन्न बैठकले मानव अधिकार आयोग वा संयन्त्रहरूको स्थापना र अधिकार क्षेत्रवारे विस्तृत सिद्धान्त तयार पार्‍यो र पछी सं.रा.संघीय तत्कालीन मानवअधिकार आयोग र महासभाले पारी गरे (जसलाई पेरिस सिद्धान्त पनि भनिन्छ) जसमा संविधान, कानुनद्वारा स्वतन्त्रताको प्रत्याभूति, मानवअधिकार हननका घटना तथा विषयवस्तुहरूको छानविन एवं पीडित पक्षलाई क्षतिपूर्ति प्रदान गर्नकालागि स्पष्ट र व्यापक कार्यदिशा प्रदान गर्ने, अनुसन्धानका लागि पर्याप्त अधिकार दिइनुपर्ने, मानवअधिकार सम्वन्धी नीतिगत विषयवस्तुका वारेमा राय सल्लाय दिने, मानवअधिकार हननका विषयमा विना रोकटोक अनुगमन, अनुसन्धान गर्न पाउनुपर्ने, मानवअधिकार संरक्षण र सम्बर्द्धनको क्षेत्रमा अर्धन्यायिक निकाय सरहको अधिकार दिइनुपर्ने जस्ता कुराहरू महत्वपूर्ण थिए। नेपालमा तदनुरुप एक राष्ट्रिय संयन्त्र आवश्यकता महसुस गरी २०५७ जेष्ठ १३ मा सर्वप्रथम गठित राष्ट्रिय मानवअधिकार आयोगको रुपमा विधिवत रुपमा कार्यारम्भ गर्‍यो।

राज्यले मानवअधिकारको प्रचलन र सफल प्रत्याभूतिकालागि प्रहरी सरकारी वकिल अदालत लगायतको निकाय गठन गरी कार्य सञ्चालन गर्दा गर्दै पनि मानवअधिकार उल्लंघनका घटनाहरू भइरहेकाले त्यस्ता घटना हुन नदिन, भई हालेमा निश्पक्ष र प्रभावकारी छानविन गरी दोषीलाई कानुन बमोजिम कारवाही तथा पीडितलाई यथोचित क्षतिपूर्तिको व्यवस्था गर्न र मानवअधिकारको संरक्षण सम्बर्द्धनमा गर्नुपर्ने काम कारवाहीका सम्बन्धमा सरकार लगायत सम्बन्धित निकायहरूलाई आवश्यक सिफारिस समेत गरी सक्षम, निष्पक्ष र भरपर्दो आयोग भएकाले मानवअधिकार उल्लङ्घन नै हनु नदिन सरकार तथा सम्बद्ध पक्षहरूलाई सचेत गराउनका साथै उल्लंघन भईसकेपछी पनि घटनाको निष्पक्ष छानविन गर्ने र पीडितलाई यथोचित क्षतिपूर्ति तथा दोषी र पीडकलाई आवश्यक कानुन कारवाही गर्न नेपाल सरकारसमक्ष सिफारिस गर्ने गरेको छ।

**आयोगबाट नेपाल सरकारलाई गरिएका सिफारिसहरू**

स्वरुप अवस्था र विषयगत स्थितिका सम्वन्धमा अहिलेसम्म आयोगको अध्यक्षको नियुक्ति पूर्व प्रधान न्यायाधिशवाट भएको तथा मानवअधिकार , सामाजिक, आर्थिक, सांस्कृतिक, जातिय, भौगोलिक विषयविज्ञ समेत सदस्य रहेको यस्तो स्वतन्त्र आयोगले समग्रमा व्यक्तिका उजुरीहरू उपर तथा आफ्नै स्वविवेकमा गरेका छानविन पश्चात नेपाल सरकारलाई विगत वर्षहरूदेखि नै मानवअधिकारको दृष्टिकोणबाट उपर्युक्त सिफारिसहरू गर्दै आएको छ। कतिपय सिफारिसहरू नीतिगत पनि छन्। आयोगबट नेपाल सरकारलाई गरिएका मानवअधिकार उल्लंघन सम्बन्धी विविध विषयमा क्षतिपूर्ति, राहत परिपूरण, कानुनी कार्यवाहीका सिफारिसहरू तथा तिनको कार्यान्वयनको हालसम्मको स्थितिको सन्दर्भमा विशेष गरी गैरन्यायिक हत्या, वेपत्ता, अपहरण, यातना, महिला विरुद्धको हिंसा, बालअधिकार,विस्थापित, आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार, गैरकानुनी थुना, वन्दीको अधिकार, न्याय प्रशासन स्वच्छ र पूर्पक्ष तथा सूचनाको हक जस्ता विषयहरूलाई समेटी सिफारिस गरिएको छ।

विषयगत रुपमा हेर्दा आयोगबाट गैरन्यायिक हत्याका उजुरीहरू उपर अनुसन्धान गरी क्षतिपूर्ति तथा कारवाहीका लागि नेपाल सरकालाई धेरै संख्यामा सिफारिस गरिएका छन्। यो संख्या कूल सिफारिसको झण्डै ६२ प्रतिशत छ। त्यसपछि बेपत्ता, यातना, विस्थापन र महिला विरुद्धको हिंसासँग सम्बन्धित छन्। आयोगको स्थापना कालदेखि ०६७ जेष्ठ १३ सम्मको मात्र आधिकारिक तथ्यांक हेर्दा -

- ०५७-०६७ सम्म उजुरी - १०५०७ मध्ये राज्यपक्ष - २६५(६७.८), माओवादी पक्ष ८८(२२.८) र अन्य पक्ष ३६(९४ प्रतिशत) गरी जम्मा ३८६ वटा सिफारिस गरिएका , २४८६ तामेली, खारेजी, टुङ्गयाइएको गरी कूल २८७२ संख्या र अन्य बाँकी रहेको देखिन्छ। उल्लेखित संख्यामा नेपाल सरकारलाई सिफारिस गरिएका ३८६ मध्ये जम्मा ३४ मा

सिफारिसको कार्यान्वयन भएको छ। कार्यान्वयन भएका सिफारिसहरू जम्मा ८.८ छ। करीब ३६ प्रतिशत सिफारिस आंशिक कार्यान्वयनमा छन भने ५५ प्रतिशत सिफारिसहरू कार्यान्वयन नै नभएको अवस्था छ।

- नागरिक तथा राजनीतिक अधिकारसँग सम्बन्धित सिफारिसहरू मध्ये दोषीलाई कार्यवाही गर्न भनिएकोमा राज्यले कारबाही गर्ने तर्फ ध्यान पुऱ्याएको देखिदैन तथापी क्षतिपूर्ति सम्बन्धमा केही प्रगति देखिन्छ। आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारहरूकसँग सम्बन्धित उजुरीहरूको सम्बन्धमा संख्यामा मात्र सिफारिस भएको देखिन्छ। जस्ले गर्दा सरकारले मानवअधिकारप्रति समर्पित रहेको प्रष्ट गर्न आयोगका सिफारिसहरू कार्यान्वयन पक्षमा लैजान थप प्रयत्नहरू गर्नुपर्ने र दोषीहरूउपरको कारबाहीको प्रक्रियालाई नि:संकोच अगाडि बढाउनु पर्ने देखिन्छ।

**राष्ट्रिय मानवअधिकार आयोगले सिफारिस कार्यान्वयनका लागि गरेका प्रयास**

आफ्नो अधिकार क्षेत्र अन्तर्गत पर्न आएका उजुरी तथा निवेदनहरू उपर सिफारिस गर्दा दोषीउपर कारबाही गर्न र पीडित पक्षलाई क्षतिपूर्ति दिन आवश्यक देखेमा नेपाल सरकारलाई सिफारिस गर्ने कार्यको सन्दर्भमा केही पहलहरू भएका देखिन्छन्। आयोगका सिफारिसहरूलाई कार्यान्वयन गर्न सरकारको प्रयत्न अपुग भएको, सिफारिस कार्यान्वयन नहुँदा दण्डहिनताले प्रश्रय पाउने गरेको, साधिकार अदालतमा कारावाहीयुक्त अवस्थामा रहेका आरोपित व्यक्तिहरूलाई पक्राउ गरी बुझाउन र कानुन बमोजिम कारवाही अगाडि बढाउन मानवअधिकार हनन र ज्यादती सम्बन्धी कुरामा नियमित अदालत बाहेक सैनिक अदालत तथा जनअदालत वा त्यस्तै प्रकारका अन्य अदालतको क्षेत्राधिकार नहुने आयोगबाट भएका सिफारिस र सर्वोच्च अदालतबाट भएका फैसलाको कार्यान्वयनको लागि प्रयत्न भएका छन्। व्यवस्थापिका संसद अन्तर्गत अन्तराष्ट्रिय सम्बन्ध तथा मानवअधिकार समिति, प्रधानमन्त्री, सुरक्षा तथा प्रशासनिक उच्चपदस्थ अधिकारी, अन्तराष्ट्रिय समुदाय, गैसस तथा नागरिक समाज, राजनैतिक दल लगायत जिम्मेवार संरचनाहरूसँग मानवअधिकार आयोगले गरेका सिफारिसको प्रभावकारी कार्यान्वयन सम्बन्धमा प्रयत्नहरू नभएका होइनन्। न्यायिक पहल समेत कुनै न कुनै रुपमा भएको पाइन्छ।

मानवअधिकारको स्थिति र राष्ट्रिय मानवअधिकार आयोगले खेलेको भूमिकाको सन्दर्भमा एउटा पक्ष यसै बीचमा भएको शसस्त्र द्वन्द्व र त्यसवाट श्रृजित विशेष गरी गैर न्यायिक हत्या, बेपत्ता, अपहरण, यातना, गैरकानुनी थुना जस्ता संबेदनशील पक्षहरूबाट भएको मानवअधिकार हनन्को गंभिर पक्षहरू रहे भने अर्को तर्फ आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरू त्यत्तिकै महत्वपूर्ण हुन्। आम नागरिकहरूले जुन ढंगले अपेक्षा गरेका हुन् त्यो त्यही रुपमा व्यवस्थित हुन सकेन। हुनसक्छ यसको अर्को पाटो त्यत्तिकै गंभीर रुपमा छ त्यो भनेको आम नागरिकले आ-आफ्नो ठाउँमा अपेक्षित रुपमा क्रियाशिलता नजनाउनु, सरकारले मानव अधिकार उल्लङ्घनका दोषीहरूलाई कार्यवाही नगर्ने, हत्या, यातना, बलात्कार जस्ता घटनामा संलग्न व्यक्तिहरूलाई राजनैतिक, प्रशासनिक संरक्षण रहने कार्यले पनि प्रभाव पारेको मान्नुपर्ने हुन्छ। यति हुँदाहुँदैपनि कानुनी शासनको प्रत्याभूति, मानवअधिकारको सम्मान र संरक्षण सम्बर्द्धन, मानवअधिकार उल्लंघनका घटनामा संलग्नहरूलाई कारबाहीको सिफारिस, दण्डहिनताको अन्त्यमा लागी गरिनुपर्ने पहल, कुनै गतिविधिबाट पार्न सक्ने प्रभावको मूल्याङ्कन गरी त्यसप्रति अपनाइनुपर्ने सजगताको सम्बन्धमा ध्यानाकर्षण, राष्ट्रिय अन्तराष्ट्रिय रुपमा मानवअधिकारका मान्य सिद्धान्त र प्रतिवद्धताको सहि प्रयोग र पालना जस्ता कारण निश्चित रुपमा केही हदसम्म मानवअधिकार आयोगले गरेको सिफारिस र त्यसवाट आएका परिणामले सकारात्मक सन्देश दिने गरेको छ।

**राष्ट्रिय मानवअधिकार आयोगले गरेका सिफारिस कार्यान्वयन र चुनौती**

राष्ट्रिय मानवअधिकार आयोग नेपालको सन्दर्भमा नितान्त नौलो र नयाँ अवधारणा सहितको प्रयोग भएको हुँदा यस्को काम, कर्त्तव्य र अधिकार, कार्यशैली, सरकार र नागरिक भित्रको सम्बन्धलाई स्पष्ट गर्न पर्याप्त मेहनत गर्नुपरेको अनुभूति भएको छ। सकारात्मक प्रयास भएपनि सरकार-माओवादी बीचको सशस्त्र द्वन्द्व, आर्थिक र राजनीतिक परिघटनाहरू, जनचेतनाको अभाव, संकटकालिन अवस्थाको स्थिति, चरम मानवअधिकारको उल्लङ्घन तथा ज्यादतीले राष्ट्रिय मानवअधिकार आयोगले गरेका सिफारिस कार्यान्वयनमा पर्याप्त ध्यान जान सकेन। सरकारले आयोगलाई वाध्यता र औपचारिकताको लागी मात्रै सहयोग गरेको, प्रमुख राजनीतिक दलहरू मानवअधिकारप्रति प्रतिवद्ध नरहनु, दण्डहिनता अन्त्यकोलागि आवाज नउठ्नु जस्ता सन्दर्भ गम्भीर देखिन्छन्। राष्ट्रिय मानवअधिकार आयोगले गरेको सिफारिसहरूमा दण्डहिनता अन्त्य गर्न, समतामूलक, न्याय र सम्मानपूर्वक बा'च्न पाउने अधिकारको सुनिश्चितताको लागी महत्वमूर्ण छन् जसमा -

मानवअधिकार उल्लंघनका घटना देशमा द्वन्द्व चरम सीमामा पुगेको अवस्थामा आयोगबाट सिफारिसहरू मूलत: गैरन्यायिक हत्या, बेपत्ता, यातना, विस्थापित र गैरकानुनी थुनासँग सम्बन्धित थिए, - यी विषयहरूमा आयोगले प्रक्रियागत रुपमा अनुसन्धान गरी नेपाल सरकालाई तत्कालिन कानुनको अधिनमा रही सिफारिस गरेको थियो। केही विषयवस्तु अझ सर्वोच्च अदालतमा पुगेर मुद्दाको रोहवाटसमेत किनारा लागेपनि कार्यान्वयन पक्ष कमजोर भएको छ। गैरन्यायिक हत्यामा संलग्न वेपत्ता, यातना जस्ता अपराधमा दोषी तथा पीडकलाई कानुनको दायरामा ल्याउन, कार्यवाही गर्न भनिएको छ। पीडितलाई क्षतिपूर्ति स्वरुप रकम उल्लेख गरी सिफारिस भएरपनि कार्यान्वयन हुन सकेको छैन।

मानवअधिकार उल्लंघनको आरोपीहरूले सरकारवाट पुरस्कृत भएको, बढुवा लगायत अन्य जिम्मेवारी थपिदै गएको व्यवहारिक परिणामवाट दण्डहिनताको अन्त्य गर्न गरिएका सिफारिसहरूको सामु गंभीर अवस्थाको श्रृजना भएको छ।

अदालतसमेतबाट दोषी स्थापित भएका व्यक्तिहरूको मुद्दा फिर्ता लिने सरकारी निर्णय राष्ट्रिय मानवअधिकार आयोगका सिफारिसको कलंक बनेका छन्।

राष्ट्रिय मानवअधिकार आयोगले आवश्यक कानुनी कारबाहीका लागी भनि सिफारिस गरिएको विषयमा कहिलेकाही महान्यायाधिवक्तासमेतले कानुनको अभावमा मुद्दा चलाउन नमिल्ने राय व्यक्त गरेवाट कानुनी शासनको प्रत्याभूति र मानवअधिकारको संरक्षण र सम्वर्द्धनमा प्रश्नचिन्ह खडा हुने गरेको छ।

आयोगले संक्रमणकालिन न्यायलाई सम्वोधन गर्नुका निम्ति नेपाल सरकारलाई समय समयमा सुझाव तथा सिफारिस गरेपनि विस्तृत शान्ति सम्झौतन ६० दिनभित्र गरिसक्ने समयसीमा तोकिएको संरचनाको निर्माण नभएकाले त्यसबाट श्रृजित समस्याको समाधान हुनु सकेको छैन।

अन्तराष्ट्रिय फौजदारी अदालत (रोम विधान) अनुमोदनका लागि गरिएको सिफारिस कार्यान्वयन तहमा देखिन सकेको छैन। यातनालाई दण्डनीय बनाउन आवश्यक कानुनको तर्जुमा गर्नुपर्ने जस्ता महत्वपूर्ण सन्दर्भ ओझेलमा नै छन्।

हलिया, कमैया, भूमिहिन, अल्पसंख्यक, अपाङ्ग, बालबालिका, महिला कमलरीहरूको मानवअधिकारको संरक्षणको निम्ति विशेष कार्य गर्न गरेको सिफारिसहरू महत्त्वपूर्ण छन्।

देशमा नयाँ संस्कृतिको रुपमा विकसित हुँदै गएको बन्द, हडताल, चन्दा, अपहरण, डर, त्रास, धाक, जबरजस्ती कब्जाको संस्कृति, क्षेत्रीयता, जातियता, विभेदकारी व्यवहार जस्ता कुराहरूले सिङ्गो मानवअधिकारको मूल्य मान्यता माथी आघात चोट पर्ने तर्फ सजग रहन र त्यस्ता व्यवहार नियन्त्रण तर्फ उपर्युक्त पहल गर्ने खालका सिफारिस पनि उल्लेख्य छन्।

दैवी प्राकृतिक विपत्त र त्यस्ता घटनाहरमा सावधानीकालागि गरिनुपर्ने प्रयासमा राष्ट्रिय मानवअधिकार आयोगको भूमिका देखिन्छ।

**यति हुँदाहुँदै पनि केही गम्भीर चुनौती अझ सवैको सामुन्ने देखिएको छ– जसमा**

- राष्ट्रिय मानवअधिकार आयोगको प्रथम पहिचान स्वतन्त्र र निष्पक्षता हो। दमन, शोषण र अन्यायमा परेका मानवहरूको रक्षा गर्नुपर्ने यस्तो संरचनामा मूलत: नीतिगत, कानुनी, आर्थिक, क्रियात्मक जस्ता कुराहरूबाट स्वतन्त्र र निश्पक्षताको कसी लगाउन सकिन्छ। पहिले मानवअधिकार आयोग ऐन ०५३ बाट गठित राष्ट्रिय मानवअधिकार आयोगपछि नेपालको अन्तरिम संविधानवाट संवैधानिक अंगको रुपमा स्थापित भएको छ। अव नयाँ बन्ने संविधानमा उपरोक्त निश्पक्ष र स्वतन्त्र ढंगले कार्य गर्ने अधिकारसहितको संरचना भएमा यस्को प्रभावकारीता रहन्छ नत्र कहिले काहि पर्याप्त कानुनको अभावमा अध्ययन अनुसन्धानवाट दोषी देखिएका व्यक्ति, पीडकलाई त्यही राज्य अन्तर्गतको अर्को निकायबाट प्रंशसा पुरस्कार र स्यावासी दिने कुराले यस्को सिफारिसको अवस्थाको सहज आकलन गर्न सकिन्छ।
- एकातर्फ राष्ट्रिय मानवअधिकार आयोगको प्रचलित कानुनको अधिनमा रही आफ्ना कामलाई व्यवस्थित गरी अध्ययन अनुसन्धानवाट तथ्य पत्ता लगाई आवश्यक सिफारिस गरेको छ। गम्भीर मानवअधिकार उल्लंघन वा मानवीय कानुनको विरुद्धमा काम गरेको भनी गरेका सिफारिस विरुद्ध मुद्दा फिर्ता लिने, सिफारिसको कार्यान्वयन नगर्ने स्थितिको विद्यमानता छ।
- राष्ट्रिय मानवअधिकार आयोग ऐन ०५३ र राष्ट्रिय मानवअधिकार आयोग(उजुरी, कारवाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०५६ बमोजिम निर्धारण गरिएको क्षतिपूर्ति उपलब्ध गराउन सहज र सशक्त संयन्त्रको अभाव देखिएको छ। राज्यको तर्फबाट पीडित व्यक्तिका बालबालिकाहरूलाई नि:शुल्क शिक्षा, दैनिक जिविकोपार्जनका लागि उपर्युक्त प्रवन्ध गर्ने, नियन्त्रणमा लिन सकिने पर्याप्त सम्भावना छदाछदै अत्यधिक बलको प्रयोग गरी गोली हान्ने, आदेश दिने, व्यक्तिलाई नियमित फौजदारी अदालतमा मुद्दा चलाउने, हिरासतमा यातना दिएको, यातना दिई मारेको, बेपत्ताको स्थिति सार्वजनिक गर्ने, नि:शुल्क औषधोपचार, उपर्युक्त क्षतिपूर्ति, दोषीलाई कारवाही, मृतकका हकवालालाई पीडित परिवारलाई राहत दिने। आधारभूत मानवअधिकार संरक्षण खातिर उपर्युक्त कदम चाल्ने लगायतको सिफारिस भएका र केहीको केही हदसम्म कार्यान्वयन भए पनि समग्रमा यस्को परिणाम सन्तोषजनक छैन।

**उपसंहार**

मानवअधिकार उल्लङ्घनका घटनामा संलग्नहरूलाई राज्यको तर्फवाट संरक्षण प्रदान गरिनु, राजनीतिक संरक्षण प्रदान गरिनु, कानुनी कार्यवाहीलाई निस्प्रभावी बनाउनु जस्ता तथ्यहरूले राष्ट्रिय मानवअधिकार आयोगको सिफारिस कार्यान्वयनमा असहजता ल्याएको छ। हुनत: सर्वोच्च अदालतले समेत दोषी भनी अन्तिम फैसला भएको व्यक्तिलाई सरकारले मुद्दा फिर्ता लिने निर्णय गरिदिन्छ। सांसद, मानव अपहरण, ज्यान मार्ने कुरामा संलग्न हुन्छन्। सुरक्षा क्षेत्रमा संलग्न व्यक्ति गम्भीर अपराधको घटनामा स्वंय संलग्न हुन्छन यस्तो कठीन घडीमा राष्ट्रिय मानवअधिकार आयोगले गरेका सिफारिसको प्रभावकारीता कति रहन्छ त्यो आफ्नै स्थानमा छ तर एउटा अर्को वास्तविकता के हो भने राष्ट्रिय मानवअधिकार आयोगको गठन र सञ्चालन प्रकृयामा यताका दिनमा उद्देश्य अनुरुप आफ्नो भूमिका निभाउन निष्कृय रहन थालेके हो की भन्ने आवाज उठ्न थालेको छ। ढिलो गरेर भए पनि एउटा भरपर्दो मानवअधिकार संरक्षण र सम्वर्द्धनका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्ने जिम्मेवारीसहित नेपालमा स्थापित यस आयोगले आफ्ने लामो अनुभव बटुली नसकेको भएपनि छोटो लगभग १०।११ बर्ष व्यतित गरिहँदा जुन काममा अग्रसरता देखाएको छ त्यसले सकारात्मक परिणाम देखाउनु पर्छ। मानवअधिकार उल्लङ्घनका घटनामा नागरिकको विश्वसनीय स्थलको रूपमा यसलाई स्थापित गर्नुपर्दछ। आफ्नो भूमिकालाई प्रभावकारी बनाउन आफूले गरेको सिफारिसको कार्यान्वयनमा राष्ट्रिय मानवअधिकार आयोग अझ व्यवस्थित सोचका साथ स्पष्ट नीति अख्तियार गर्दै जानुपर्दछ र सरकार र सिंगो समाजले पनि यस्को प्रभावकारीतामा सहयोग गरेमा यस्को सिफारिसको परिणामले महत्त्व पाउँछ।

# नेपालमा शासकीय स्वरूपबारेको बहस : चुनौती र अवसर



**लालबाबु यादव**
सह-प्राध्यापक
राजनीतिशास्त्र, त्रिविवि

**एनेकपा माओवादी, नेपाली काङ्ग्रेस, एमाले जस्ता प्रमुख दलहरू राजनीतिक व्यवस्थाबारे केन्द्रीय रूपले कुनै सहमतिमा पुगेका छैनन्। एनेकपा माओवादीले राष्ट्रपति वालिग मताधिकारबाट निर्वाचित हुने कार्यकारी प्रमुख हुनुपर्छ भन्ने कुरामा जोड दिँदै आएको छ। नेपाली काङ्ग्रेस आफूले वकालत गरेको संसदीय व्यवस्थामा अडिग रहँदै आएको छ भने नेकपा एमाले वालिग मताधिकारबाट निश्चित समयको लागि निर्वाचित हुने प्रधानमन्त्री कार्यकारी प्रमुख र सवैधानिक राज्य प्रमुखको पक्षमा देखिन्छ। यसैगरी मधेसी जनअधिकार फोरम कार्यकारी राज्य प्रमुखको पक्षमा छ भने तराई मधेस लोकतान्त्रिक पार्टी संसद्‌ीय व्यवस्थाको पक्षमा छ।**

राज्यलाई व्यवस्था कायम गर्न शक्तिको साथै कर उठाउने क्षेत्रमा एकाधिपत्य हुन्छ, र जनताको निष्ठा र अन्तर्राष्ट्रिय मान्यता प्राप्त हुन्छ। यदि राज्य आन्तरिक रूपले प्रभावशाली दबाब समूहबाट स्वायत्त छ र बाह्य रूपले सार्वभौम छ भने मात्र लोकतन्त्रले सार्वजनिक भलाइका निम्ति काम गर्न सक्दछ। लोकतन्त्रको स्वरूप, शासन, राजनीतिक दलहरू र नागरिक समाज राज्य व्यवस्था आफैँमा आधारित हुन्छ। यस सन्दर्भमा संविधानले राज्य र समाजको सम्बन्धकाबीच मध्यस्थता गर्दछ र साझा भविष्यको लागि सामूहिक दृष्टि प्रदान गर्दछ।

संविधानसभा राज्यको शासकीय स्वरूप निर्धारण समितिले आफ्नो प्रारम्भिक मस्यौदा प्रतिवेदनमा संसदीय एवं मिश्रित प्रणालीको प्रस्ताव गरेको छ। जम्मा ४५ सदस्यीय उक्त समितिले निर्वाचन प्रणाली, व्यवस्थापिका, कार्यपालिका र तिनीहरूको अधिकार क्षेत्र तथा उत्तरदायित्व, सरकारका अङ्गहरूबीचको सम्बन्ध, सुशासनका आधारभूत तत्वहरू, विधिको शासन र शक्तिपृथकीकरण जस्ता विषयमा प्रस्ताव गरेको छ। देशभरबाट ५७ हजार २ सय सुझावहरू प्राप्त गरेको उक्त समितिले आफ्नो प्रतिवेदनमा अन्य मुलुकहरूको तुलनात्मक अध्ययन पनि समावेश गरेको छ। उक्त समितिले प्रादेशिक अवस्था राज्यप्रणाली, स्थानीय सरकार र तिनीहरूको निर्वाचन प्रणालीको पनि प्रस्ताव गरेको छ। आफ्नो प्रतिवेदन बुझाउनुपूर्व समितिले विभिन्न दलका वरिष्ठ नेताहरूसँग छलफल गरे तापनि सङ्घीय प्रणालीको संरचना, सङ्घीय सरकार प्रादेशिक सरकारबीचको सम्बन्ध र यिनीहरूको निर्वाचन प्रणाली र समग्र राजनीतिक प्रणालीको बारेमा सर्वसम्मत प्रस्ताव गर्न सकेन। तर, स्थानीय सरकार र स्थानीय निर्वाचन प्रणालीको प्रकृति, सुशासन र सरकारी सेवाको गठनको सम्बन्धमा भने उक्त समितिले सर्वसम्मत रूपमा प्रस्तावहरू गरेको छ।

**पहिलो प्रस्तावः कार्यकारी राष्ट्रपतीय व्यवस्था**

समितिले राजनीतिक प्रणाली, सरकारको स्वरूप, निर्वाचन प्रणाली जस्ता विषयमा आफ्नो प्रारम्भिक प्रतिवेदन तयार गरेको छ। समितिका जम्मा ३९ सदस्यहरूमध्ये १८ जना सदस्यहरूले यो व्यवस्थाको पक्षमा मतदान गरेका थिए जसका विशेषताहरू निम्नानुसार रहेका छन् :

सङ्घीय सरकार नेपालको नाममा राष्ट्रपति एकै साथ राष्ट्राध्यक्ष र सरकार प्रमुख हुनेछ।

बालिग मताधिकारको आधारमा प्रत्यक्ष मतदानबाट राष्ट्रपतिको निर्वाचन हुनेछ।

राष्ट्रपति संसद् र आफू निर्वाचित भएको राजनीतिक दलप्रति उत्तरदायी हुनेछ।

उसको कार्यकाल पाँच वर्षको हुनेछ र एउटै व्यक्ति दुईपटक भन्दा बढी राष्ट्रपतिको रूपमा निर्वाचित हुन पाउनेछैन।

राष्ट्रपतिको निर्वाचनमा सम्पूर्ण मुलुकलाई एक निर्वाचन क्षेत्रमानी मुलुकभर मतदान भएको कूल सरदर मतको पूर्ण बहुमत प्राप्त गर्ने उम्मेदवार निर्वाचित हुनेछ।

यदि कुनै उम्मेदवारले पूर्ण बहुमत प्राप्त गर्न नसकेमा सबैभन्दा बढी मत प्राप्त गर्ने दुई उम्मेदवारहरूबीच दोस्रो चरणको मतदानमा प्रतिस्पर्धा हुनेछ।

पहिलो मतगणना सम्पन्न भएको मितिले १५ दिन भित्र दोस्रो चरणको मतदान सम्पन्न गर्नुपर्नेछ।

**कार्यकारी राष्ट्रपतिको कर्तव्य र अधिकारः**

- समावेशी, समानुपातिक प्रतिनिधित्वका आधारमा मन्त्रिपरिषद्को गठन गर्ने,

मन्त्रीहरूको कार्यविभाजन गर्ने कुटनीतिसम्बन्धी काम (विदेशी राजदूत तथा कुटनीतिक प्रतिनिधिहरूबाट ओहदाको प्रमाणपत्र ग्रहण गर्ने आदि) गर्ने।

- सङ्कटकाल घोषणा गर्ने, युद्ध र शान्तिको घोषणा गर्ने सेना परिचालन गर्ने।
- व्यवस्थापिका समक्ष नीति, योजना, कार्यक्रम र बजेट प्रस्तुत गर्ने।
- अध्यादेश जारी गर्ने।
- राज्यका तर्फबाट प्रयोग गर्ने सम्पूर्ण कार्यकारी अधिकार राष्ट्रपतिमा निहीत हुन्छ जसको प्रयोग मन्त्रिपरिषद्को सहयोगमा राष्ट्रपतिले गर्नेछ।

१. व्यवस्थापिकाले बजेट सिफारिस र पारित गर्छ, कार्यकारी राजनीतिक, राजदूत तथा प्रधानन्यायाधीश/न्यायाधीशहरूको नियुक्तिका लागि सिफारिस र पारित गर्छ। त्यसैगरी व्यवस्थापिकाले सन्धि सम्झौताहरू सिफारिस र पारित गर्छ।

२. राष्ट्रपति पदको उम्मेदवारले आफ्नो उपराष्ट्रपतिको नाम प्रस्ताव गर्दा आफूभन्दा अलग जाति, क्षेत्र र लिङ्गको व्यक्तिको नाम प्रस्ताव गर्नुपर्नेछ।

- राष्ट्रपति आफ्नो पदबाट मुक्त हुने अवस्था
- मृत्यु भएमा
- पदबाट लिखित राजीनामा दिएमा
- व्यवस्थापिकाका कूल सदस्यहरूमध्ये एक चौथाइ सदस्यहरूले राष्ट्रपतिलाई पदमुक्त गर्न आवश्यक छ भनी राखेको प्रस्ताव सदनको सदस्य सङ्ख्याको दुई-तिहाई बहुमतबाट पारित भएमा
- यदि प्रत्येक प्रदेशका दश प्रतिशत मतदाताहरूले राष्ट्रपतिको विरुद्धमा हस्ताक्षरसहित निर्वाचन आयोगमा गरेको प्रस्तावलाई संसद्ले पारित गरेमा।

**मन्त्रिपरिषद्को बनावट**

- राष्ट्रपतिले तत्काल कायम रहेको व्यवस्थापिकामा प्रतिनिधित्व गर्ने दलहरूले पाएको सिट सङ्ख्याको अनुपातमा समावेशी मन्त्रिपरिषद्को गठन गर्ने।
- मन्त्रिपरिषद्मा व्यवस्थापकीय अङ्गको कूल सदस्यसङ्ख्याको दश प्रतिशतभन्दा बढी सदस्य नहुने।
- **१६ मत प्राप्त दोस्रो प्रस्तावः संसदीय व्यवस्था**
- नेपालको राष्ट्रप्रमुखको रूपमा संवैधानिक राष्ट्रपति हुने र ऊ राष्ट्रिय एकताको प्रतीक हुने।
- सङ्घीय व्यवस्थापिका र प्रादेशिक व्यवस्थापिकाका सदस्यहरूले राष्ट्रपतिको निर्वाचनमा मतदान गर्न पाउने।
- राष्ट्रपतिको कार्यकाल पाँच वर्षको हुने।

**नेपालको सबैभन्दा ठूलो समस्या भनेको कमजोरहरूमध्ये पनि सबैभन्दा कमजोरलाई कसरी संरक्षण र न्याय प्रदान गर्ने भन्ने हो। सबै समुदायले स्रोत साधनमा पहुँच, पहिचान र प्रतिनिधित्व पाउनुपर्दछ। यसले मात्र आम जनतामा परिवर्तनको अनुभव गराउन सक्दछ र देशमा लोकतान्त्रिक शान्तिको पुर्नस्थापना हुन सक्दछ।**

**मन्त्रिपरिषद्ः**

नेपालको कार्यकारिणी अधिकार राष्ट्रपति र मन्त्रिपरिषद्मा निहित हुने। सङ्घीय व्यवस्थापिकाको तल्लो सदनमा बहुमत प्राप्त दलको नेतालाई राष्ट्रपतिले प्रधानमन्त्रीको रूपमा नियुक्ति गर्ने। यदि सो हुन नसकेमा वा कुनै एकमात्र दलले बहुमत प्राप्त गर्न नसकेको अवस्थामा दुई वा दुईभन्दा बढी दलहरूको विश्वास प्राप्त गर्न सक्ने सदस्यलाई प्रधानमन्त्रीको रूपमा नियुक्त गर्ने।

यदि दुवै हुन नसकेमा राष्ट्रपतिले संसद्मा सबैभन्दा बढी मत प्राप्त राजनीतिक दलको नेतालाई प्रधानमन्त्रीको रूपमा नियुक्त गर्ने तर यो प्रक्रियाबाट नियुक्त प्रधानमन्त्रीले सङ्घीय व्यवस्थापिकाको तल्लो सदनबाट नियुक्त भएको मितिले तीस दिन भित्र विश्वासको मत प्राप्त गरिसक्नुपर्ने।

यदि प्रधानमन्त्रीले उक्त समयावधि भित्र सङ्घीय व्यवस्थापिकाको तल्लो सदनबाट विश्वासको मत प्राप्त गर्न नसकेमा राष्ट्रपतिले उक्त सदनलाई बर्खास्त गरी ६ महिना भित्र सम्पन्न गर्ने गरी ताजा जनादेशका लागि निर्वाचनको घोषणा गर्ने।

राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा एकजना उपप्रधानमन्त्री एवं समावेशी सिद्धान्त बमोजिम बढीमा २५ जनासम्म मन्त्री, राज्यमन्त्री वा सहायक मन्त्रीहरूको नियुक्ति गर्ने। प्रधानमन्त्री र मन्त्रीहरू सामूहिक रूपमा सङ्घीय व्यवस्थापिकाप्रति उत्तरदायी हुने।

**मन्त्रिपरिषद् तथा प्रधानमन्त्री पदमुक्त हुनेः**

सङ्घीय व्यवस्थापिकाको तल्लो सदनका एक चौथाइ सदस्यहरूले मन्त्रिपरिषद्को विरुद्धमा राखेको अविश्वासको प्रस्तावलाई सोही सदनको साधारण बहुमतले पारित गरेमा प्रधानमन्त्रीलाई पदमुक्त गर्न सकिने।

सरकार गठन भएको एक वर्ष व्यतित नभइकन सो सरकारका विरुद्धमा अविश्वासको प्रस्ताव राख्न नपाइने। यदि कुनै राजनीतिक दलले सरकार निर्माणका लागि बहुमत प्राप्त गर्न नसकेमा दुई वा दुईभन्दा बढी राजनीतिक दलहरूले सरकार गठन गर्न सक्ने। तर, प्रधानमन्त्रीले सदनमा तीन दिन भित्र आफूलाई बहुमत सिद्ध गरिसक्नुपर्ने। यदि सो अवधिमा पनि उसले सदनमा बहुमत प्राप्त गर्न नसकेमा राष्ट्रपतिले ६ महिनाभित्र निर्वाचन सम्पन्न गर्ने गरी उक्त सदनलाई बर्खास्त गर्न सक्ने।

**तेस्रो प्रस्तावः ३ मत प्राप्त शासकीय स्वरूपः**

राष्ट्राध्यक्ष र सरकार प्रमुखको रूपमा एक जना राष्ट्रपति रहने। सङ्घीय व्यवस्थापिकाको तल्लो सदनका सम्पूर्ण सदस्य सङ्ख्याको दुईतिहाई बहुमतले आफूहरूमध्येबाट राष्ट्रपतिको निर्वाचन गर्ने तर राष्ट्रपतिको उम्मेदवार हुनका लागि तल्लो सदनको सदस्य हुनुपर्ने।

पहिलो पटकको मतदानमा कुनै

उम्मेदवारले दुईतिहाई बहुमत प्राप्त गर्न नसकेमा सबैभन्दा बढी मत प्राप्त गर्ने दुई उम्मेदवारहरूबीच दोश्रो चरणको मतदान हुने।

राष्ट्रपतिले सङ्घीय शासन व्यवस्थाको तल्लो सदनमा निर्वाचित राजनीतिक दलका प्रतिनिधिहरूलाई समावेश गरी मन्त्रिपरिषद्को गठन गर्ने तर मन्त्रिपरिषद्मा समावेश हुने दलले उक्त सदनमा कूल मतको तीन प्रतिशत भन्दा कम मत प्राप्त गरेमा उक्त दललाई मन्त्रिपरिषद्मा समावेश नगर्ने।

मन्त्रिपरिषद् गठन गर्दा तल्लो सदनका कूल सदस्यसङ्ख्याको १५ प्रतिशतमा नबढाई नियुक्त गर्ने।

**राष्ट्रपतीय सरकारः**

कार्यकारी अधिकार संवैधानिक रूपले व्यवस्थापिकाबाट स्वतन्त्र रहने र आफ्नो कामकारबाहीका लागि व्यवस्थापिकाप्रति कम उत्तरदायी हुने व्यवस्था राष्ट्रपतीय शासन व्यवस्था हो जस्तैः अमेरिका, नाइजेरिया, स्वीजरल्याण्ड, मेक्सिको, ब्राजिलको व्यवस्था।

**राष्ट्रपतीय शासन व्यवस्थाका विशेषताहरूः**

१. प्रमुख कार्यकारी व्यक्ति (राष्ट्रपति) नाममात्रको नभएर संविधान प्रदत्त सम्पूर्ण अधिकार प्रयोग गर्ने वास्तविक कार्यकारी हुन्छ।
२. ऊ न व्यवस्थापिकामा आश्रित हुन्छ न त उत्तरदायी नै।
३. राज्यका तीनै अङ्गमा पूर्ण शक्तिपृथकीकरण रहन्छ।
४. कार्यपालिकाले व्यवस्थापिका विघटन गर्न सक्दैन।
५. राष्ट्रपति जनताबाट निर्वाचित प्रतिनिधि हुन्छ र उसको कार्यकाल संविधानमा उल्लेख भए बमोजिम हुन्छ। सदनको दुई तिहाई बहुमतले महाअभियोग लगाइएको सन्दर्भमा बाहेक संसदीय व्यवस्थामा जस्तो राष्ट्रपतिलाई आफ्नो पदबाट हटाउन सकिन्न।

**राष्ट्रपतीय शासन व्यवस्थाका गुणहरूः**

१. फरक चाहना संस्कृति आदि भएका देशमा यो व्यवस्था फाइदाजनक हुन्छ।
२. विद्यायकहरू दलीय अनुशासनबाट कम नियन्त्रित हुन्छन्।
३. उत्तरदायी नभइकनै यसमा प्रतिनिधिमूलक विशेषता कायम भएको हुन्छ।
४. राष्ट्रपति निश्चित समयको लागि निर्वाचित हुने र पुनः निर्वाचित हुन सक्ने प्रावधानका कारण यसमा स्थिरता र नीतिगत निरन्तरता रहन्छ।
५. मन्त्रीहरू व्यवस्थापिकाप्रति उत्तरदायी हुनु नपर्ने भएकाले उनीहरू आफ्नो विभागीय काममा बढी समय दिन सक्छन्।
६. स्थिरताको सम्भावना धेरै हुन्छ किनभने सरकारले बारम्बार आफ्नो बहुमत भएको कुरा प्रमाणित गरिराख्नु पर्दैन र सामान्य बहुमतबाट व्यवस्थापिका विघटन पनि हुदैन।

**अवगुणहरू**

१. संसदीय व्यवस्थाभन्दा यो व्यवस्था तानाशाहीतर्फ जाने खतरा बढी हुन्छ।
२. व्यवस्थापिकामा विभिन्न समितिहरू हुनु यो व्यवस्थाको अर्को अवगुण हो।
३. कार्यकारी राष्ट्रपति संवैधानिक प्रावधानअनुसार चल्नुपर्ने भएकाले अलचिलो हुन सक्छ।
४. यो व्यवस्था निरंकुश, अनुत्तरदायी र खतरनाक देखिन्छ किनभने राष्ट्रपतिलाई केही हदसम्म संवैधानिक सीमा हुँदाहुदै पनि आफ्नो खुसी अनुसार चल्ने शक्ति दिइएको हुन्छ।
५. देशको मामिला नियन्त्रण गर्न राष्ट्रपति भन्दा माथि अर्को कोही हुँदैन।

**संसदीय सरकार**

संसद्को नियन्त्रणमा रही वास्तविक अधिकार मन्त्रिपरिषद्ले प्रयोग गर्ने शासन संसदीय शासन व्यवस्था हो। नेपाल, भारत, बेलायतलगायतका मुलुकमा संसदीय व्यवस्था प्रचलनमा छ।

**यसका विशेषताहरू**

संसदीय व्यवस्थामा संवैधानिक रूपले राज्य प्रमुखलाई थुप्रै अधिकार दिइएको हुन्छ तर व्यवहारमा उसले उक्त अधिकार प्रयोग गर्दैन। नेपाल, भारत, बेलायत, जापान, यसका उदाहरण हुन्।

**१. राज्यको सर्वोच्चताः**

संसदीय व्यवस्थाको भनेको राज्य प्रमुखलाई संवैधानिक अधिकार दिए तापनि उसले ती अधिकारहरूलाई व्यवहारमा लागू गर्दैनन्। उदाहरणको रूपमा नेपाल, भारत, बेलायत, जापान आदिको व्यवस्थालाई लिन सकिन्छ।

**२. वास्तविक कार्यकारी शक्ति प्रधानमन्त्री र मन्त्रिपरिषद्मा निहित**

वास्तविक कार्यकारी अधिकार प्रधानमन्त्रीले नेतृत्व गर्ने मन्त्रिपरिषद्ले प्रयोग गर्दछ। सबै अधिकार व्यवस्थापिकाप्रति उत्तरदायी भई मन्त्रिपरिषद्ले उपयोग गर्दछ र अन्ततः व्यवस्थापिका पनि जनताप्रति उत्तरदायी हुन्छ। मन्त्रीपरिषद्का सबै प्रमुख सदस्यहरू प्रधानमन्त्रीबाट नियुक्त हुन्छन्। राज्य प्रमुखले मन्त्रीहरूको नियुक्ति प्रधानमन्त्रीको सिफारिसमा हुन्छ। राज्य प्रमुखमा व्यवहारिक रूपमा खासै त्यस्तो अधिकार हुँदैन।

**३. मन्त्रीहरू उत्तरदायी हुने**

प्रधानमन्त्री र मन्त्रिपरिषद्का अन्य सदस्यहरू व्यवस्थापिका कै अंश हुन् र आफूले गरेका काम कारबाहीका लागि व्यवस्थापिकाप्रति उत्तरदायी रहन्छन्।

**४. संसद्को सदस्यताः**

मन्त्रिपरिषद्का सदस्यहरू संसद्को सदस्य हुन अत्यावश्यक छ। यदि कुनै सदस्य नभएको व्यक्ति भएमा ऊ निश्चित समय ( ६ महिना) भित्रमा संसद्को सदस्य भइसक्नुपर्नेछ। यदि हुन नसकेमा मन्त्री पद त्याग्नुपर्दछ।

**५. प्रधानमन्त्रीको नेतृत्व**

संसदीय व्यवस्थाको प्रमुख विशेषता केहो भने प्रधानमन्त्रीले मन्त्रिपरिषद्को नेतृत्व गर्दछ। ऊ तल्लो सदनको सबैभन्दा ठूलो नेता भएकाले उसलाई संसद्को नेता पनि भनिन्छ। प्रधानमन्त्रीले नै मन्त्रीहरूलाई विभिन्न विभागहरूको जिम्मा लगाउँछ र अन्य मन्त्रीहरूलाई पदमुक्त गर्न सक्ने हैसियत राख्दछ।

**संसदीय व्यवस्थाका गुणहरू**

१. यसले कार्यपालिका र व्यवस्थापिका

बीच सामञ्जस्य ल्याउँछ।

२. कार्यपालिका र व्यवस्थापिकाबीच सामञ्जस्य ल्याउने कारणले गतिरोध र असहमति अन्त्य गर्न सहयोग गर्दछ।

**३. उत्तरदायी कार्यपालिका**

संसदीय व्यवस्थामा आफ्ना नीति तथा कार्यक्रमका लागि कार्यपालिका व्यवस्थापिकाप्रति उत्तरदायी हुन्छ। व्यवस्थापिकाले कार्यपालिका विरुद्ध अविश्वासको प्रस्ताव ल्याउन सक्छ। उसले गरेका हरेक कार्यका लागि मन्त्रीहरू संसद्प्रति उत्तरदायी हुन्छन्।

**४. सरकार निरंकुश बन्न नसक्ने:**

सरकार संसद्प्रति उत्तरदायी हुने हुँदा संसदीय व्यवस्थामा कार्यपालिका निरङ्कुश बन्न सक्दैन। अविश्वासको मतद्वारा संसद्ले सरकार हटाउन सक्दछ। प्रतिपक्षसँधै सरकारको गतिविधीप्रति गम्भीर रहन्छ।

**५. यो व्यवस्था बढी ज्ञानप्रद छ :**

दलगत राजनीतिमा आधारित भएकाले यो व्यवस्था बढी ज्ञानप्रद छ। यस अर्न्तगत राजनीतिक दलहरूले जनतालाई राजनीतिक समस्याका बारेमा सचेत बनाउँछन् र उनीहरूका आफ्ना समस्याहरू बुझ्न र समाधान गर्न उत्साहित गर्दछन्। यसले सिकाइको क्षेत्र प्रदान गर्दछ।

**संसदीय व्यवस्थाका अवगुणहरू:**

१. संसदीय व्यवस्थाले शक्तिपृथकीकरणको सिद्धान्तलाई उल्लङ्घन गर्दछ।
२. विरोधको लागि विरोध गर्ने उद्वेश्यले मात्र यस व्यवस्था अर्न्तगत प्रतिपक्षमा रहने दलहरूले सरकारका हरेक क्रियाकलापको बारम्बार विरोध गर्दछन्।
३. यो व्यवस्था अर्न्तगतका सरकारलाई सौखिनहरूको सरकार भनिन्छ। अर्को शब्दमा भन्नुपर्दा यस्तो सरकार अकुशल हुन्छ।
४. दलीय व्यवस्थाको बृद्धि र दलीय कठोर अनुशासनको बृद्धि सँगै यो एक पार्टीको सरकार जस्तो हुँदै जान्छ।
५. प्रधानमन्त्रीले जननिर्वाचित ससंद्लाई आफ्नो अनुकूल नभएमा जहिले पनि ससंद् विगठन गर्न सक्छन्।

एनेकपा माओवादी, नेपाली काङ्ग्रेस, एमाले जस्ता प्रमुख दलहरू राजनीतिक व्यवस्थाबारे केन्द्रीय रूपले कुनै सहमतिमा पुगेका छैनन्। एनेकपा माओवादीले राष्ट्रपति वालिग मताधिकारबाट निर्वाचित हुने कार्यकारी प्रमुख हुनुपर्छ भन्ने कुरामा जोड दिँदै आएको छ। नेपाली काङ्ग्रेस आफूले वकालत गरेको संसदीय व्यवस्थामा अडिग रहँदै आएको छ भने नेकपा एमाले वालिग मताधिकारबाट निश्चित समयको लागि निर्वाचित हुने प्रधानमन्त्री कार्यकारी प्रमुख र संवैधानिक राज्य प्रमुखको पक्षमा देखिन्छ। यसैगरी मधेसी जनअधिकार फोरम कार्यकारी राज्य प्रमुखको पक्षमा छ भने तराई मधेस लोकतान्त्रिक पार्टी संसदीय व्यवस्थाको पक्षमा छ।

एनेकपा माओवादीका उपाध्यक्ष डा. बाबुराम भट्टराईले भनेका छन्, 'हामीहरू लोकतन्त्रको पुरानो संसदीय व्यवस्था अङ्गीकार गर्ने पक्षमा छैनौं र अन्य दलहरू हामीले भने जस्तो जनगणतन्त्र स्वीकार गर्ने पक्षमा छैनन्। त्यसैले मध्यमार्गले हामी सबैलाई फाइदा पुऱ्याउँछ, हामी पनि सबै दलहरूलाई मान्य हुने लोकतान्त्रिक शासन व्यवस्थामा जोड दिन्छौं' (The Himalayan Times, January 7, 2011)। साना राजनीतिक दलहरू आलङ्कारिक संवैधानिक राष्ट्रप्रमुख र वालिग मताधिकारका आधारमा निर्वाचित हुने कार्यकारी सरकार प्रमुखको पक्षमा छन्। यसले के देखाउँछ भने संविधानसभाको समयावधि निकै कम बाँकी भएको अवस्थामा नेपाली राजनीतिलाई चरमान्तरतिर पुऱ्याउने गरी राजनीतिक दलहरूबीच राजनीतिक व्यवस्थाको स्वरूपका बारेमा थुप्रै मतहरू छन्।

**लेखकको टिप्पणी:**

१. राष्ट्रपति राष्ट्र प्रमुख हुनुपर्ने।
२. राष्ट्रपति संवैधानिक हुनुपर्ने किनभने सिमान्तीकृत समुदाय, महिला जनजाति, मधेसी, दलित आदि समुदायले आफ्नो पहिचान प्राप्त गर्ने र अवसर प्राप्त गर्न सक्दछन्। उदाहरणको लागि भारत, इजराएल।
३. राष्ट्रपतिको कार्यकाल पाँच वर्षको हुनुपर्ने तर एउटै व्यक्ति दोहोरिएर राष्ट्रपति हुन नपाइने।
४. उपराष्ट्रपतिको उम्मेदवार राष्ट्रपतिभन्दा भिन्न जाति, क्षेत्र र सम्भव भए भिन्न सम्प्रदायको हुनुपर्ने।
५. महाअभियोगका लागि संसद्का दुवै सदनको दुई तिहाई बहुमतको व्यवस्था हुनपर्ने।
६. राष्ट्रपतिका विरुद्धमा एक चौथाई सदस्यले संसद्मा महाअभियोग प्रस्ताव ल्याउन सक्ने।
७. देशमा वास्तविक कार्यकारी अधिकार प्राप्त प्रधानमन्त्री हुनुपर्ने।
८. सिङ्गो देशलाई एक निर्वाचन क्षेत्र मानी वालिग मताधिकारका आधारमा प्रधानमन्त्रीको निर्वाचन गर्नुपर्ने।
९. ५० प्रतिशत मत प्राप्त नगरे पनि निर्वाचनमा सबैभन्दा बढी मत प्राप्त हुने प्रधानमन्त्रीको उम्मेदवार नै प्रधानमन्त्रीको रूपमा निर्वाचित हुने।
१०. प्रधानमन्त्रीको कार्यकाल पाँच वर्षको हुनुपर्ने तर एउटै व्यक्ति दुई पटकभन्दा बढी उक्त पदमा निर्वाचित हुन नपाउने।
११. प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले उपप्रधानमन्त्री, राज्यमन्त्रीहरू, सहायक मन्त्रीहरूको नियुक्ति गर्ने।
१२. राष्ट्रपतिले मन्त्रिपरिषद्का सदस्यहरूको नियुक्ति गर्दा व्यवस्थापिका संसद्भन्दा बाहिरको व्यक्तिलाई नियुक्ति गर्नुपर्ने।
१३. मन्त्रीहरू प्रधानमन्त्री र उनीहरूको कार्यभारप्रति उत्तरदायी हुने।
१४. मन्त्रिपरिषद्का जुनसुकै सदस्यलाई पनि आफ्नो इच्छाअनुसार प्रधानमन्त्रीले पदमुक्त गर्न सक्ने।
१५. कार्यकारी प्रधानमन्त्रीलाई पनि महाअभियोग लगाउन सकिने।
१६. व्यवस्थापिका/संसद्का एक चौथाई सदस्यहरूले प्रधानमन्त्री विरुद्ध महाअभियोग प्रस्ताव गर्न सक्ने।
१७. दुवै सदनको दुई-तिहाई बहुमतले प्रधानमन्त्रीलाई पदमुक्त गर्न सक्ने।
१८. प्रधानमन्त्रीलाई राजनीतिक तथा कुटनीतिक तथा राजनीतिक नियुक्तिको अधिकार रहने र नियुक्त गरिएका व्यक्तिहरूलाई आफ्नो इच्छाअनुसार पदमुक्त गर्न सक्ने।

**सङ्घीयता:**

संविधानसभा राज्य पुर्नसंरचना

समितिले सङ्घीय लोकतान्त्रिक गणतन्त्रको लागि १४ प्रदेशहरूको प्रस्ताव गरेको छ। जसमध्ये ८ प्रदेशहरू पहिचानलाई प्राथमिकतामा राखेर नामाकरण गरिएका छन्। भाषा, संस्कृति तथा जातीयताका आधारमा प्रस्ताव गरिएका प्रदेशहरू लिम्बूवान, किराँत, शेर्पा, तामसालिङ, नेवा, तमूवान, मगरात, जडान, मिथिला-भोजपुरा-कोच-मधेश र लुम्बिनी-अवध-थारूवान हुन्। यी बाहेक अन्य प्रदेशहरू प्राकृतिक साधन ( भूगोल) का आधारमा छन्।

यसरी प्रस्ताव गरिएका क्षेत्रहरूमा विभिन्न १सय ३ जात जातिहरूको बाहुल्य हुँदाहुँदै पनि प्रस्तावित क्षेत्रको कूल जनसङ्ख्याको ५० प्रतिशत भन्दा बढी प्रतिनिधित्व गर्ने खप्तड क्षेत्रका क्षेत्रीहरू बाहेक कुनै पनि समुदाय निरपेक्ष बाहुल्यता रहेको देखिदैन। उदाहरणका लागि प्रस्तावित लिम्बूवान क्षेत्रमा १० लाख लिम्बूहरू छन् जुन उक्त क्षेत्रको कूल जनसङ्ख्याको २७ प्रतिशत मात्र हो भने बाँकी जनसङ्ख्या त्यहाँ अन्य जाति समुदायहरूका छन्।

यस्ता कुराहरूले प्रदेश निर्माण गर्ने कार्यमा समाजमा अलमल र वादविवाद सिर्जना गरेको छ। त्यसैगरी प्रस्तावित क्षेत्रहरूको भुगोल र जनसङ्ख्यामा पनि धेरै विषमताहरू देखिन्छन्। जस्तै जडान प्रदेशले जम्मा १५ हजार वर्ग कि.मि.ओगट्छ जबकि नेवा: राज्य केवल १ हजार वर्ग कि.मि. क्षेत्रफलमा मात्रै छ। यसैगरी, मिथिला-भोजपुरा-कोच-मधेस प्रदेशमा लगभग ६० लाख जनसङ्ख्या छ भने जडानको जनसङ्ख्या मात्र ४८ हजार छ। राज्य पुर्नसंरचना समितिको तर्क के छ भने कुनै पनि जाति वा क्षेत्र बन्न कूल जनसङ्ख्याको एक प्रतिशत भन्दा बढी जनसङ्ख्या हुनुपर्दछ। तर शेर्पा यस तर्कको अपवादमा परेको छ। विषमता जहाँ पनि देखिन्छन् तर नेपालमा देखिए जस्तो विषमता अन्यत्र कहीं पनि देखिदैन। तराई मधेसवादी दलहरूले एक मधेस-एक प्रदेशको माग गर्दै आइरहेका छन् जुन प्रदेश प्रशासनिक दृष्टिले ठूलो छ (जस्तै: एकजना राज्यपाल, मुख्यमन्त्री संसद्, सचिवालय आदि) भने जडान सानो छ र यहाँका जनताले धेरै अवसरहरू पाउँछन्। माग गरिएको एक मधेस एक प्रदे भित्र धेरै विभेदहरू हुने सम्भावना हुन्छ। सङ्घको निर्माणमा क्षेत्री १८%, बाहुन १३ %, दलित १४ % मुस्लिम ४% अर्थात पचास प्रतिशत भन्दा बढी जातजातिको पहिचानलाई उल्लेख गरिएको छैन। उनीहरू पनि संगठनको निर्माण गरि आन्दोलनको तयारीमा देन्खिछन्।

यसरी ठूलो प्रदेश बनाउँदा माथिल्लो सदनमा प्रतिनिधित्व गर्ने कुरामा पनि समस्या उत्पन्न हुन सक्दछ। उदाहरणका लागि सबै प्रदेशहरूबाट माथिल्लो सदनमा बराबरी सदस्यहरू पठाउन प्रावधान भयो भने मधेस जस्ता ठूला प्रदेशहरू प्रतिस्पर्धा गर्न असफल हुनेछन्। यसले आर्थिक लाभको वितरण गर्ने सम्बन्धमा समेत विषमता सिर्जना गर्दछ। नेपाली काङ्ग्रेले अहिले सातवटा प्रदेश ( कर्णाली, गण्डकी, लुम्बिनी, राजधानी, सगरमाथा, सिमरौनगढ र श्रीजंगा) को प्रस्ताव ल्याएको छ। जो मुलत: भौगोलिक र प्रादेशिक स्रोत र साधनमा आधारित छ। तर नेपाली काङ्ग्रेसका केन्द्रीय कार्यसमितिका केहि सदस्यहरूले यसको विरोध गरेका छन्। त्यसैगरी संविधानसभाको तेस्रो ठूलो राजनीतिक दल नेकपा (एमाले) को केन्द्रीय कमिटीले सामर्थ्य र पहिचानको आधारमा प्रदेशको निर्माण गर्नुपर्ने निर्णय गरेको छ।

भविष्यमा द्वन्द्व सिर्जना नहोस् भन्नका लागि विभिन्न क्षेत्रका विज्ञहरूलाई समावेश गरेर हामीले यो विषयमा गम्भीर अनुसन्धान गर्नैपर्दछ। पिछडिएका जनताहरूको जल, जमिन र बनजस्ता प्राकृतिक स्रोतहरूमा मुख्य अधिकार रहनुपर्छ भन्ने मागका साथै जातीय बाहुल्य रहेको समुदायको कार्यपालिकामा प्रधिनित्वका लागि निर्वाचनमा अग्राधिकार हुनुपर्दछ भन्ने जस्ता मागहरूले सङ्घीयताको धारणा प्रभावित हुन्छ। जातीय पहिचानको सर्न्दभलाई मात्र सङ्घीयताको विषय नबनाइकन स्रोतहरूको उपलब्धता, व्यापार, सुरक्षा, अल्पसङ्ख्यक-बहुसङ्ख्यक जातिहरूको सम्बन्ध र यसको राज्य-समाजको सम्बन्ध बढाउन सक्ने क्षमता आदिलाई पनि विचार पुऱ्याउनुपर्दछ। जनताको सशक्तिकरणको मुख्य साँचो भनेको स्थानीय सरकार हो सङ्घीयताको कुरामा यसलाई पनि कमजोरीको रूपमा लिनु हुँदैन।

### आर्थिक पक्ष

नेपालको सङ्घीयतालाई निर्माण गर्दा आर्थिक आधारलाई पनि मुख्य रूपमा अध्ययन गर्नुपर्छ। सन् २००४/००५ को सरकारी आयलाई हेर्दा ८१ प्रतिशत आय चारवटा जिल्लाहरू : काठमाडौँ (४२ प्रतिशत), पर्सा (२४ प्रतिशत), मोर (८ प्रतिशत) र रूपन्देही (७ प्रतिशत), बाट सङ्कलन भएको छ। यी जिल्लाहरूमध्येमा पनि तीनवटा जिल्लाहरू: वीरगञ्ज, विराटनगर र भैरहवा तराईका औद्योगिक क्षेत्रहरूमा पर्दछन्। यी जिल्लाहरूले भन्सार राजस्व, कर र आयकर सङ्कलन गर्दछन्। अरु बढी आय सङ्कलन गर्ने जिल्लाहरूमा ललितपुर (२ प्रतिशत), चितवन (२ प्रतिशत), सिन्धुपाल्चोक, झापा, धनुषा, बाँके, मकवानपुर, र कास्की (प्रत्येकले १ प्रतिशत) पर्दछन्। यी जिल्लाहरूमा केही थुप्रै औद्योगिक र शहरी आधारहरू रहेका छन्। समग्रमा यी १२ वटा जिल्लाहरूले सरकारको कुल आम्दानीको ९४ प्रतिशत आय सङ्कलन गर्दछन् भने बाँकी ६३ जिल्लाहरूले जम्मा ६ प्रतिशत मात्रै आय सङ्कलन गर्दछन्। भविष्यको मुख्य चुनौती भनेको धनी जिल्लाहरूबाट स्रोत नभएका जिल्लाहरूमा कसरी आय वितरण गर्ने र यी जिल्लाहरूले कसरी समग्र देशको सर्वाङ्गिण विकासका लागि योगदान दिन सक्दछन् भन्ने हो। सङ्घको निर्माण गर्दा कस्तो प्रकारको आर्थिक नीति अवलम्बन गर्नुपर्ने प्रष्ट हुनुपर्छ।

### जातीय पक्ष

एउटै राज्यका सदस्यहरू भए पनि नेपालका धेरै जनताहरू विविधतायुक्त पहिचानमा रहेका छन्। तर जब एउटा पहिचानलाई बढी महत्व दिइन्छ भने त्यहाँ द्वन्द्व अपरिहार्य हुन्छ। सबैभन्दा गहन प्रश्न भनेको कसरी जातीय र राष्ट्रिय पहिचानलाई सन्तुलन गर्ने भन्ने हो जसले गर्दा छरिएर रहेका अनेक जातीय समूहहरू शान्तिपूर्ण सहअस्तित्वमा रहन सकून्। तसर्थ, ध्यान दिनुपर्ने मूख्य कुरा चाँहि के हो भने जनताहरूले आफ्नो वैयक्तिक तथा सामूहिक कुशलता सार्वजनिक रूपमा कसरी प्रस्तुत गर्दछन्। राज्यले व्यक्तिलाई नागरीक पहिचान दिन्छ। राज्यको सदस्यको रूपमा र संवैधानिक अधिकारको उपयोग गर्ने हुनाले यो सदस्यता जातिय क्षेत्रीय राजनीतिक दल तथा नागरिक समाजको सदस्यता भन्दा बढी महत्वपूर्ण हुन्छ। राज्यको सदस्यताको अनुपस्थितिमा अन्य सदस्यताको पहिचान असंभव र गहन हुन्छ। बार्बरा हार्फ (

Barbara Harff का अनुसार 'विश्वमा ७० भन्दा बढी जातीय तथा धार्मिक सम्प्रदायहरूलाई लक्षित गरी भ्रुणहत्या र सामूहिक राजनीतिक हत्याहरू जस्ता ५० भन्दा बढी घटनाहरू भएका छन् जसको कारण भनेको करिब नौ लाख नागरिकहरूको अधिकारलाई बेवास्ता गर्नु हो। सन् १९९३/९४ मा भएको जातीय-राजनीतिक द्वन्द्वको कारणले करिव चार लाख मानिसहरूको ज्यान गएको थियो। यसैगरी सन् १९९४ को मा रुवाण्डामा भएको द्वन्द्वमा पर छ लाख भन्दा बढी मानिस मारिएका थिए।

जातीय-राजनीतिक द्वन्द्वले सैनिक हस्तक्षेपलाई समेत निम्त्याउँछ। श्रीलङ्का यसको उदाहरण हो। सन् १९४५ र १९८० को बीचमा विश्वमा भएका धेरै सैनिक हस्तक्षेपहरूमध्ये आधाभन्दा बढी जातीय द्वन्द्वलाई लक्षित गरेर भएका छन्। देशहरू भित्रै भएका धेरै द्वन्द्वहरू पनि जातीय कारणले नै भएका छन्। यो अवस्थामा स्वसा ठत र सामुहिक शासनको स्वरूपको सङ्घीयता एउटा समाधान हुनसक्दछ किनभने यसमा अधिकार र कर्तव्य बाँडिएको हुन्छ र शक्ति हस्तान्तरणको पनि ग्यारेन्टी गरिएको हुन्छ। तर प्रश्न के छ भने राजनीतिक बन्धन जातीय बन्धनसँग मेल खान्छ त ? यदि खाँदैन भने द्वन्द्वको समाधान गर्नका लागि कस्तो प्रकारको संस्थागत उपाय आवश्यक पर्दछ त ? जातीय समूहहरूभित्रका अल्पसङ्ख्यकहरूले पनि कसरी सुरक्षित महसुस गर्दछन ? नेपालको हकमा जातीय सङ्घ र नागरिक समस्याका समाधानहरूका बीचमा तालमेल हुनैपर्दछ जसले गर्दा प्रजातन्त्र लोकतन्त्रको शक्तिलाई यसले छिन्नभिन्न बनाउन नसकोस्, लोकतन्त्रको आधार नागरिक (Demos) हो, जातीयता (Ethos) होइन।

**निष्कर्ष**

नेपालको सबैभन्दा ठूलो समस्या भनेको कमजोरहरूमध्ये पनि सबैभन्दा कमजोरलाई कसरी संरक्षण र न्याय प्रदान गर्ने भन्ने हो। सबै समुदायले स्रोत साधनमा पहुँच, पहिचान र प्रतिनिधित्व पाउनुपर्दछ। यसले मात्र आम जनतामा परिवर्तनको अनुभव गराउन सक्दछ र देशमा लोकतान्त्रिक शान्तिको पुर्नस्थापना हुन सक्दछ।

केन्द्र र प्रदेशहरूमा अपनाइने राजनीतिक व्यवस्थामा एकरूपता हुनुपर्दछ। साथै देशमा कस्तो (पूर्णकालीन, अर्ध, सहयोगी वा प्रतिस्पर्धात्मक) किसिमको सङ्घीय पद्धति नेपालको हित र नेपालीको चाहना अनुसार हुन्छ भन्ने कुरा हामी अवधारणात्मक तवरले स्पष्ट हुनुपर्दछ तर आजसम्म हामी अन्यौलमै छौँ। सङ्घीय पद्धतिलाई शक्ति प्रत्यायोजनले बलियोसँग सहयोग गरेको हुनुपर्दछ। नेपालको सन्दर्भमा कमजोर क्षेत्र र जनताहरूलाई बलियो बनाउने, नेपाली जनतामा एकता कायम राख्ने, सामाजिक ऐक्यबद्धता, सामञ्जस्यता सामाजिक सदभाव र राष्ट्रिय स्वतन्त्रताको विकास गर्ने खालको सङ्घीयताको खोजी गर्नुपर्दछ जुन समता, सामाजिक न्याय र विविधताको क्षेत्रमा एकसाथ काम गर्न प्रयोग हुन्छ।

संविधानसभाले संविधान निर्माणको काम ९० प्रतिशत सकिसकेको भनिए तापनि राज्यको शासकीय स्वरूप र सङ्घीयताका बारेमा निर्णय नहुँदासम्म संविधान निर्माण असम्भव जस्तै छ। साथै अबको बाँकी समयमा सानो, सरल भाषा (Short, sweet, simple & smart) निर्माण हुनेछ भन्ने जनतालाई विश्वास दिलाउनु पर्छ।





**सरकार र नेकपा माओवादीले २०६३ मङ्सिर ५ गते विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर गरेपछि सशस्त्र द्वन्द्वको औपचारिक रूपमा अन्त्य त भयो। तर, सम्झौतामा उल्लेख भएबमोजिम बलपूर्वक बेपत्ता पारिएका मानिसहरूको अवस्था ६० दिनभित्र सार्वजनिक गरिने प्रतिबद्धताको कार्यान्वयनको प्रतीक्षामा पीडितका परिवार छन्। यस पुस्तकमा राज्यपक्षबाट र तत्कालीन विद्रोही पक्षबाट गरी बलपूर्वक बेपत्ता पारिएका ९ सय ३५ जनाको अद्यावधिक विवरण समाविष्ट छ। शान्ति सम्झौता भएको चार वर्ष पुग्दा पनि उनीहरूको अवस्थाका पत्ता लगाउने कार्यमा राज्य तथा राजनीतिक दलले उल्लेख्य काम गर्न सकेका छैनन्। त्यसैले हामी सबैले सोधौँ- उनीहरू कहाँ छन् ?**


# मलम लागेन द्वन्द्वका घाउमा

***कालीकोटा*** हिमाली जिल्ला, माघ फागुनको कठाडग्रिदो जाडो, रत्न एका बिहानै ओछ्यानबाट उठ्छन। बैशाखी तयार गर्छन र आँगनमा पुग्छन, खुटटा तर्फ हेर्छन र आफ्नो एउटा खुटटा देख्दैनन। अनि सुस्केरा हाल्छन्। भन्दछन् यो कस्तो जिन्दगी भयो। मेरो खुटटा यस्तो किन ? आफैसँग प्रतिप्रश्न गर्छन।

स्यूना गाविस-७ रानागाँउका ६५ वर्षीय सर्जन रोकायाको दायाँ खुट्टाको पुरैभाग कुनै दुर्घटनाबाट भएको हाइन। न त उनी जन्मजात यस्ता अपाङ्ग नै भएका हुन्। उनलाई तत्कालीन विद्रोही माओवादी छापामारले गणेशमान शान्ति अभियान कार्यक्रमबाट रकम खाएको आरोपमा ०५६ चैत ११ गते अपहरण गरी उनको खुट्टा काटेर मुक्त गरेका थिए। उनलाई माओवादीले घरबाट अपहरण गरी सिप्खाना, मुम्रा घुमाउदै अपहरणको ११ औ दिन मेहलमुडी पुऱ्याएर मेहलमुडी गाविस-६ धामिगाँउस्थित माओवादीद्वारा घोषित जनअदालतमा पुऱ्याएर खुट्टा काटेका हुन।


सर्जन त्यो दिन अहिले पनि सम्झिन्छन। जुन दिन आफ्नी जिवन संगिनीका साथ घरमा सुतेका थिए। एक्कासी बाहिर हल्ला खल्ला हुन्छ। रत्न बाहिर निक्ली भन्दै हतियारधारी घरभित्र पसेर ओछ्यानबाटै नाङ्गै घिसारेर लगेका थिए। लालावाला अनि पत्नि रूदै थिए। आँखामा पट्टी वाधेर त्यो रात कता लगे उनलाई पत्तै भएन। त्यो दिन सम्झिदा उनलाई बाँच्ने आशै थिएन एक खुटटा गुमेर बाँच्नु पनि उनको परिवार सौभाग्य सम्झिन्छन। उनी बैशाखी बिसाएर एक माआवादीले काटेको खुट्टा देखाउदै भन्दछन्-"कति भनु" कति नभनु" त्यो दिन सम्झने हो भने भक्कानो फुटेर आउछ।" उनी घरबाट लगेको सिप्खानाको लहरेला पुगाए दोस्रो दिन मुम्रा गाविसको माओवादी शैन्य तालिम केन्द्रमा लगे मानसिक शारीरिक यातनासहित नौ दिन मुम्रा राखेर १० औं दिन मेहलमुडी पुऱ्याए। जनअदालतबाट फैसला भयो भन्दै ०५६ चैत २२ गते स्यूना गाविसकै रिठा गाँउमा ल्याएर ढुङ्गामा खुट्टा राख्न लगाई माथिवाट घनले थिचेपछि खुकुरीले काटेर खुट्टा नै फालेको कुरा स्मरण गराउँछन।

अपहरण मुक्त भएपछि उनीसहित एघार जनाको उनका परिवार ०५६ चैत २६ गते राति कैलाली विस्थापित भए। ०६६ वैशाख १५ गते आफ्ना थातवासमा पुगेका पीडित रत्न रोकायाका परिवारले



***सशस्त्र द्वन्द्वको क्रममा एक खुट्टा गुमाउन पुगेका स्यूना गाविस-८ का सर्जन रोकाया***

०६८ फागुन २२ गतेसम्म कतै राहत पाएका छैनन। विस्तृत शान्ति सम्झौता भएको पाँच वर्ष बितिसक्दा पनि उनका परिवारले विस्थापित, अपहरण, अङ्गभङ्ग कुनै राहत पाएका छैनन्।"निवेदन दिएको तीन वर्ष भइसक्यो कुनै सुनुवाइ भएको छैन, राहत पाइन्छ भनेर पटकपटक जिल्ला प्रशासन र स्थानीय शान्ति समितिमा धाउने गर्छु। मन्त्रालयबाट राहत आएको छैन भन्ने उत्तर पाउने गरेको छु" भन्छन पीडित सर्जनका छोरा



**कालीबहादुर मल्ल**

अदालसिं रोकाया। इन्सेकको तथ्याङ्क अनुसार कालीकोटमा सर्जन जस्तै १ सय ८४ जना द्वन्द्वका क्रममा अङ्गभङ्ग भएका छन्। तर १ सय ४८ जना घाइते माओवादी जनमुक्ति सेनाले मात्र अङ्गभङ्ग राहत पाएका छन्। उनीहरू खास अपाङ्ग नभए पनि जिल्ला प्रशासन, स्थानीय शान्ति समिति कसैको सिफारिस बिना नै ५० प्रतिशत भन्दा धैरै रकम बुझेको स्थानीय शान्ति समिति कालीकोटका संयोजक दमनराज बम वताउँछन। उनका अनुसार यस जिल्लामा घाइते तथा अङगभङ्गका २ सय ७२ निवेदन समितिबाट सिफारिस भएर मन्त्रालय पठाएकोमा १ सय १७ छानबिनको प्रक्रियामा र ५ हजार ९ सय १५ नयाँ निवेदन रहेका छन्।

फिचर

# गरिबीले गर्भवती भन्दो रहेनछ

**सन्दिप राई**, पाँचथर

झण्डै झण्डै आफ्नो ज्यान जस्तै गरुङ्गो भारी बिसाउँदै उनीले निधारको पसिना पुछिन्। माघ महिनाको कठ्याङ्ग्रिँदो जाडोमा पनि उनको शरीर निथ्रुक्क भिजेको थियो। मानौँ उकालो र थकाइले उनको पूरा शरीर पगालिरहेको थियो। पचास किलोको त्यो भारी उनलाई सिङ्गो पृथ्वी जस्तै गह्रौँ लागेको थियो। उपाय केही थिएन। आफ्नो मात्र ज्यान भए पो। दुई महिनापछि जन्मने ज्यानको उनलाई उत्तिकै चिन्ता थियो। आफ्नोभन्दा त्यही ज्यानको मायाले उनलाई आधा क्विन्टलको भारी बोक्ने बाध्यतापूर्ण आँट दिएको थियो।

पसलका लागि ज्यालामा साहुको ५० किलोको चामल बोकेर तमोर नदीपार गर्नुअघि सुस्ताइरहेकी सात महिनाकी गर्भवती भारापा गाविस-९ की ३२ वर्षीया कमला माझीले भनिन् "दुई जीउको होस् या एक जीउको, बाह्रैमास हामी माझी महिलाले यसरी नै बाँच्नुपर्छ।" उनीसँगै उनीजस्तै भारी बोकिरहेकी २० वर्षीया सरीता माझीले थपिन् "म नसक्ने छु भन्दै बसियो भने त हातमुख नै जोडिँदैन। त्यसैले दुई जीउको बेला पनि हामीले सक्ने/नसक्ने सबै काम नगरी धरै छैन।" दुई पैसा बचत गर्ने भन्दा प्राण बचाउने ध्याउन्नमा ज्यानैलाई जोखिममा पारेर गर्भवती माझी महिला कठोर शारीरिक श्रम गर्न बाध्य छन्।

गर्भावस्थामा महिलाको स्वास्थ्य एकदमै संवेदनशील हुन्छ। त्यसैले गर्भवती महिलाले आफ्नो स्वास्थ्यको बढी ख्याल गर्नुपर्ने चिकित्सकहरु बताउँछन्। यही मान्यताअनुसार आज भोलि प्राय:गर्भवती महिलाहरु स्वास्थ्य संस्था गएर नियमित जाँच गराउँछन्। स्वास्थ्यकर्मीका सरसल्लाहअनुसार नियमित औषधि र पोषिलो खुराक लिन्छन्। आवश्यकताअनुसार व्यायाम र आराम गर्छन्। बढी गह्रौँ सामान बोक्ने र कठिन परिश्रम गर्दैनन्। गर्भवती महिलाहरूलाई लक्षित गरेर नेपाल सरकार तथा विभिन्न दातृनिकायले यस क्षेत्रमा सुरक्षित मातृत्वसम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिरहेका छन्। तर, तमोर किनाराका माझीटारका महिलाहरुलाई यी कुनै कार्यक्रमले छोएको छैन।

पाँचथर सदरमुकाम फिदिमसँगै जोडिएको गाविस भारापा-९, तमोर किनारका माझीटारका महिलाहरुलाई पोषणयुक्त खान्की त परैजाओस् ,दुई छाक खस्रो खान पनि धौ धौ छ। आफ्नो स्वास्थ्यप्रति चिन्ता गर्नेसमेत फुर्सद छैन उनीहरूलाई। आफ्नो घरव्यवहारका काम त गर्नु छँदैछ त्यसमाथि बेलाकुबेला साहुको भारी नबोके, परिवार भोकै बस्नु पर्ला भन्ने पीर पनि सानो छैन। औसत महिलाहरुले सामान्य अवस्थामा समेत गर्न नसक्ने श्रम गर्नु उनीहरूको नियति भएको छ।

घरायसी काममा घोटिनु ,साहुका खेतबारीमा कुटो कोदालो गर्नु, भारी बोक्ने बाध्यताले गर्भवती माझी महिलाको स्वस्थ्यमा नोक्सान पुऱ्याउने गरेको नागरिक सचेतना केन्द्र माझीटारकी मोमीता माझी बताउँछिन्। उनकाअनुसार गर्भवती भएका बेला कडा काममा खट्ने माझी महिलाहरुको पाठेघर खस्ने, रोगी भएर अकालमै मृत्यु हुने, गर्भपात हुने जस्ता समस्या भोग्ने गरेका छन्। गर्भवती अवस्थामा भारी बोक्नु अत्यन्तै जोखिमपूर्ण मात्र नभएर ज्यानै जान सक्ने जिल्ला अस्पताल पाँचथरका स्त्री रोग विशेषज्ञ पवनजङ्ग रायमाझीले बताउँछन्।

माटोमा विषादी प्रयोग गर्ने, खोलानालामा गैरमाझीले विष हालेर तथा मेसिन लगाएर माछा मार्ने क्रम बढेपछि माछाको उत्पादन कम हुँदै गएको छ। यसले गर्दा अशिक्षित र जग्गाविहीन माझीहरुको परम्परागत पेशामात्र सङ्कटमा परेको छैन, उनीहरूका बालबालिका र महिलाको स्वास्थ्य पनि प्रतिकूल प्रभाव पारेको छ।

भविष्यको के त कुरा ? आजको छाक कसरी टार्ने हो ? भारीसँग त्यही चिन्ता बोकेर कमला आफ्नी साथीसँग नदी तर्न लाग्छिन्। शान्त बहिरहेको नदीसँग उनको उत्तर छैन।

कविता

## वीरता जगाउन



आउन्न फेरि फर्केर अब अठसठ्ठी सालता
विर्सन सक्ने अवस्था पनि भएन अबता।

अवस्था नाजुक पारेरै छाडे देश खोक्रो पार्नेले
जातीय विभेध फुटको नीति ल्याइदियो शासकले।

रगतको भेल गरिबको पीडा महङ्गी चपेटा
फुकाल्यौ लुगा नाङ्गै छौ तिमी क-कस्का हौ बेटा।

चामलको पीठो हुनेथ्यो सेतो विष वमन गर्दियौ
भुटको खेती लगायौ बिर्को ढिका थ्यो फुटायौ।

आफन्त पनि पराई भयौ बिरानो देश भयो
उतै छ कुट उतै छ टुट सामन्ती चुल्यायौ।

छापामा पऱ्यो हाम्रो यो भूमि निराश जनता
उर्लेर आयो विकृति शासन आत्तिए अवता।

अन्ठाउन्न साल विर्षेकै छैनौ कोत पर्व भएको
त्रिसठ्ठी साल आएथ्यो वरै जनता ब्युँझाको।

ब्यहोऱ्यौ हामले छ्यालीस पनि छत्तीसको दशकले
भड्कियो शान्ति निराश बनी तड्पायो चण्डालले।

आशाका किरण कुदाइ दिऊन यो आउने सालमा
चाहिदैन हाम्लाई टुक्र्याउने शासक धोका भो विगतमा।

नबगोस् आँसु नबगोस रगत शान्ति त फिर्ने छ
चाहिदैन हामलाई विकृत शासक, मिलनमा फर्किन्छ।

शिखर चुम्न सगरमाथा हिमाल झन् हसाउन
चाहिन्छ हामलाई एक ढिक्का नेपाल वीरता जगाउन।

**शम्भुप्रसाद न्यौपाने**

# शान्ति सम्झौताका पाँच वर्ष : अन्तरद्वन्द्वमै शान्ति प्रक्रिया



**अमृत गिरी**
रुपन्देही

ऐतिहासिक जनआन्दोलनसँगसँगै ०६३ बैशाख ११ गते लोकतन्त्र स्थापना भएको दिनयता संविधानसभा निर्वाचन हुँदै मुलुकमा थुप्रै ऐतिहासिक राजनीतिक परिवर्तनहरू भए। मुलुक गणतन्त्रात्मक भएको घोषणा गरियो र दशवर्ष लामो सशस्त्र द्वन्द्व समाप्त भएको पनि घोषणा भयो। शान्ति प्रक्रियामा अगाडि बढ्ने भन्दै द्वन्द्वरत माओवादी तथा सरकारबीच विस्तृत शान्ति सम्झौता भयो। ०६३ मंसिर ५ गते तत्कालीन सरकार र माओवादीबीच विस्तृत शान्ति सम्झौता भएको पाँच वर्ष पूरा भएको छ। शान्ति सम्झौता भएको केही महिनामै पूरा गर्नुपर्ने धेरै काम अझै बाँकी छन्। थोर-बहुत केही राम्रो कामको थालनी भएको छ। तर समग्र शान्ति र संविधान निर्माण प्रक्रिया लगभग जहींको त्यहींकै अवस्थामै छ।

विस्तृत शान्ति सम्झौताले डोऱ्याएको मुलुकको शान्ति प्रक्रिया दलहरूको सत्ता स्वार्थ र मोहमा केन्द्रित हुन पुग्यो। सत्ता समीकरणका जोडघटाउ तथा सरकार निर्माण र विघटनका चक्रमा शान्ति र संविधान निर्माणका प्रक्रिया चेपुवामा पर्दै आए। शैशव अवस्थामै रहेको लोकतन्त्रको सुदृढीकरण र अहिलेसम्म जारी शान्ति प्रक्रियालाई पूर्णता प्रदान गर्ने विषयमा बढ्दै गएको अविश्वास र निराशा घटेको अझै आभास हुन पाएको छैन। शान्ति प्रक्रियाको प्रँरम्भिक चरण नयाँ संविधान निर्मँण भएपछि पूरा हुनेछ। संघीय राज्य स्थापना, द्वन्द्वपीडितलाई न्याय तथा परिपूरण, ध्वस्त भएका पूर्वाधारहरूको पुनर्निर्माण सुनिश्चित नभएसम्म शान्ति प्रक्रियाले सार्थकता पाउन सक्तैन।

संविधानसभा निर्वाचन अघिको राजनीतिक समीकरणमा आएको परिवर्तन, एनेकपा माओवादीले निर्वाचनपछि पुराना सहमतिप्रति दर्शाएको उदासिनता अनि लोकतान्त्रिक मूल्य, मान्यताप्रति गरेको पटक-पटकका प्रहारका कारणले पनि शान्ति र संविधान निर्माणका प्रक्रियाका चुनौति खडा गर्दै आएको हो। ऐतिहासिक जनआन्दोलन र लोकतन्त्रको भावनाअनुसार मुलुकमा नयाँ संविधान निर्माण गरी देशमा दिगो शान्ति स्थापना गर्ने काममा सबै दल गम्भीर र संवेदनशील बन्नैपर्छ।

सशस्त्र द्वन्द्वको विधिवत् अन्त्य गर्ने विस्तृत शान्ति सम्झौताको महत्त्वपूर्ण अंगका रुपमा सत्यनिरुपण तथा मेलमिलाप आयोगलाई लिइएको थियो। तर विगत पाँच वर्षदेखि उठेको सत्यनिरुपण तथा मेलमिलाप आयोगको विषय अझै ओझेलमै परेको छ। दलहरूबीच हालै भएको सातबुँदे सम्झौतामा पनि मेलमिलाप आयेग तत्काल गठन गर्ने प्रतिवद्धता जनाइएको छ। तर व्यवहारमा कार्यान्वयन कत्तिको हुन्छ हेर्न बाँकी छ। माओवादी द्वन्द्वका बेला भएका मानवअधिकार उल्लङ्घनका घटनाको सत्यतथ्य पत्ता लगाउन बनेको विधेयक शान्ति तथा पुनर्निर्मँण मन्त्रालयले व्यवस्थापिका संसदमा दर्ता गरेको महिनौं बितिसक्दा पनि त्यसबारे अझै टुंगो लागेको छैन।

दण्डहीनताको अन्त्य गर्नका लागि विगतमा भएका गम्भीर मानवअधिकारका उल्लंघनका दोषीउपर कानुनी कारवाही आरम्भ गर्नेतर्फ पनि ढिलाइ हुँदै आएको छ। यसले दण्डहीनतालाई एउटा कुसंस्कृतिकै रुपमा विकास गर्दै लगेको छ।

संक्रमणकालीन न्यायका लागि आवश्यक संयन्त्र बेपत्तासम्बन्धी आयोग, सत्यनिरुपण तथा मेलमिलाप आयोग यशाशीघ्र गठन र महिला तथा बालबालिकाको अधिकारसँग सम्बन्धित विधेयकहरू पारित गर्ने काममा पनि ढिलाइ हुँदै गएको छ।

पटक पटक सहमति सम्झौता र प्रतिवद्धता गर्ने तर व्यवहारमा उतार्नु नपर्ने जिम्मेवार दलहरूका अहिलेसम्मका गतिविधिले मुलुकामा व्याप्त निराशा कम हुन सकिरहेको छैन। भर्खर अर्को शान्ति सम्झौता भएको छ तर त्यसको पूर्ण कार्यान्वयन हुन्छ हुन्न धेरै समय कुर्नु नपर्ला। दलहरू शान्ति र संविधानलाई भन्दा पनि सत्ता र अवसरलाई प्राथमिकता बढ्ता दिँदा संक्रमणकाल लम्बिँदै गएको तीतो यथार्थ हामीले भोगिरहेका छौं। यद्यपि संविधानसभामा प्रतिनिधित्व गर्ने सबै दल समान दोषी छैनन्। एउटा/दुईटाका कमजोरीलाई सबैमा समान रुपमा हेर्नु पनि हुँदैन। तर संविधानसभा चुनावमार्फत् सबैभन्दा ठूलो दल बनेको एमाओवादी नै शान्ति र संविधानका लागि केन्द्रित नभएको धेरैको आरोप छ। यतिबेला संविधानसभामार्फत् सबैभन्दा ठूलो दल बनेको एमाओवादीमा शान्ति र संविधानको काम कसरी पूरा गर्ने भन्ने अर्को चुनौति थपिएको छ। कांग्रेस, एमालेलगायतका दलहरू पनि सत्ता समीकरणका जोडघटाउ र माओवादीका सहायक तथा माध्यम बन्दै आए। नेतृत्वले सही ढंगले काम गर्न नसक्दा सबै दलमा आन्तिरिक मतभेद, द्वन्द्व र समस्या तीब्र छ। मुख्य दलहरूभित्रका आन्तरिक किचलोले पनि सर्वत्र बढाएको अन्यौल, निराशा र तिक्तता अझै कम हुन सकेको छैन। संक्रमणकालको गलत फाइदा उठाउँदै विभिन्न नाममा सशस्त्र गतिविधिदेखि सडक अपराध र गम्भीर

प्रकृतिका अपराधहरू नियन्त्रण भएका छैनन्।

माओवादीको दशवर्षे सशस्त्र द्वन्द्वका क्रममा भएका मानताविरोधी तथा गम्भीर प्रकृतिका अपराधले थिलोथिलो भएको समाजको रुपान्तरण र पीडितले न्यायको अनुभूति अझै गर्न पाएका छैनन। दशवर्षे सशस्त्र द्वन्द्वसँग सम्बन्धित थुप्रै घटना र तिनका कारणहरूले पनि शान्ति प्रक्रिया प्रभावित भएको द्वन्द्वविश्लेषकहरू बताउँदै आएका छन्। देशमा विद्यमान आर्थिक तथा सामाजिक चुनौतिहरूको समयमै सम्बोधन हुन नसक्दा त्यसले असुरक्षा वा हिंसा र प्रतिहिंसाका दुस्चक्रहरू जन्माउने पनि उत्तिकै खतरा रहेकोप्रति जिम्मेवार दलहरू समयमै सचेत बन्न जरुरी छ। जसले संक्रमणकालको अन्त्य नभई देशमा अस्थिरता सृजना गर्ने खतरा बढाउँछ। सुरक्षा तथा कानुनी शासनलाई प्राथमिकता दिइएन भने दिगो शान्ति र लोकतान्त्रिक पद्धतिको रुपान्तरण हुन सक्तैन। यो वा त्यो बहानामा अपराध गर्ने र राजनीतिक संरक्षण एवं सहजै उन्मुक्ति पाउने प्रचलन नै बसेको छ। जेहोस् निराशा र अन्यौलका बीच ढिलै भए पनि दलहरूबीच ०६८ कात्तिक १५ गते भएको सातबुँदे सहमतिले आशा र विश्वास बढाएको छ। सातबुँदे सहमतिमा सत्यनिरुपण तथा मेलमिलाप आयोग र बेपत्ता खोजबिन तथा छानबिन आयोगलगायतका आयोगहरू तत्काल गठन गर्ने भन्ने पनि उल्लेख गरिएको छ जुन अझ सराहनीय कुरा हो। विभिन्न अन्तँर्राष्ट्रिय माहासन्धि, अभिसन्धिमा हस्ताक्षर गर्ने र प्रतिवद्धता जनाउने मुलुकहरू मध्ये हाम्रो देश पनि अग्रणी मध्येको एक हो। मुलुकले विश्वका थुप्रै महासन्धिहरूको पक्षराष्ट्र भएर हस्ताक्षर गरिसकेको छ। तर ऐनहरूलाई समायानुकूल बनाउने तथा त्यसअनुरुपका राष्ट्रिय कानुनहरू निर्माण गरी विधिको शासन स्थापित गर्ने काममा भने मुलुक धेरै पछाडि छ। अपराध गर्ने जोसुकै होऊन्, जेसुकै बहानामा अपराध गरोस् तिनलाई कानुनको दायरामा ल्याउनुपर्दछ, दण्डहीनताको अन्त्य गर्नुपर्दछ भन्ने उद्देश्यले आएको 'रोम विधान' नेपालका लागि एउटा द्वन्द्व समाधानको महत्त्वपूर्ण माध्यम बन्न सक्छ। रोम विधानअर्न्तगत गठन भएको अन्तर्राष्ट्रिय फौजदारी अदालतले अन्तर्राष्ट्रिय कानुनद्वारा परिभाषित आमसंहार, मानवताविरुद्धको अपराध र युद्ध अपराधजस्ता गम्भीर अपराधमा संलग्न माथि जवाफदेहिता र पीडितका लागि न्याय सुनिश्चित गर्दछ। कान'नको शासनलाई स्थापित गर्न र पीडितलाई न्यायको अनुभूति दिलाउन पनि अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानलाई नेपालले तत्काल अनुमोदन गर्न जरुरी छ।

प्रथम तथा दोस्रो विश्व युद्धको विभीषिकाबाट आक्रान्त विश्वमा भएको जनधनको क्षति दोहोरिन नदिन १७ जुलाई १९९८ मा इटालीको इटालिको रोममा बसेको विश्व समुदायको बैठकले अन्तर्राष्ट्रिय फौजदारी अदालत स्थापना गर्न रोम विधान पारित गरेको थियो। हालसम्म विधानको अनुमोदन गर्ने राष्ट्र एक सय ११ पुगिसकेका छन् भने झण्डै एक सय ४० राष्ट्रले हस्ताक्षर गरिसकेका छन्। दण्डहीनताको अन्त्य गरी मानवअधिकारको रक्षा र मानवतासम्बन्धी कान'नको सर्वोपरितालाई सम्मान गर्दै विश्वमा शान्ति कायम राखी न्याय प्राप्तिको लागि न्यायका सर्वमान्य सिद्धान्तअनुकूल हुने गरी अन्तर्राष्ट्रिय फौजदारी अदालतको स्थापना गरिएको हो।

संविधानमा विवादित विषयहरू राज्य पुनर्संरचना, शासकीय स्वरूप, निर्वाचन प्रणाली, न्यायिक प्रणालीलगायतका विषयमा दलहरूबीच चाँडै समझदारी हुनसके नयाँ संविधान जारी हुनमा लामो समय लाग्दैन।

**सम्झौता नै सम्झौता**

नेपालीमा उखान छ 'अल्छीले जति ज्योतिषीले जान्दैन।' तर छट्टुको बारेमा उखान बनेन। अन्यथा नेपालको राजनीतिक नेतृत्वलाई सटिक हुने थियो। विस्तृत शान्ति सम्झौता ०६३ भएको पाँच वर्ष पुरा भएको छ। शान्ति सम्झौतायता पनि करिब ५० वटा सम्झौता राजनीतिक पार्टीहरूले गरे। कहिले बाइसबुँदे, कहिले आठबुँदे, कहिले तीनबुँदे, कहिले दुईबुँदे। पछिल्लो सम्झौता दुईबुँदे हो। अब फेरि छलफल गर्दै छन्। छलफलको परिणाम केही बुँदाको खेस्रा तयार हुन्छ र सम्झौता हुन्छ। लागू हुनु पर्दैन। अब त यस्तो लाग्न थाल्यो, सम्झौता गर्ने-गराउने छुट्टै मन्त्रालय आवश्यक छ। पार्टीहरू कतिपय सम्झौता गरेपछि बाघ मारेको सान दिन्छन्। ०६३ मंसिर ५ गतेको सम्झौता राष्ट्रिय/अन्तर्राष्ट्रिय साक्षी राखेर भएको थियो। जसअनुसार ६ महिनामा सेना-समायोजन गर्नुपर्ने थियो। ६ वर्ष हुन लाग्यो अझै त्यो काम सकिएको छैन। काम सुरु नहुँदै विवाद उत्पन्न भइहाल्ने हाम्रो मुलुकमा त्यो काम पनि बेलैमा पूरा होला नहोला कुर्नुपर्ने छ। माओवादीले द्वन्द्वकालमा कब्जा गरेका जग्गा फिर्ताका लागि पनि पटकपटक सम्झौता भए, तर त्यो लफडा पनि झट्टै टुंगिने छाँट छैन। सम्झौता हुनु र लागू नहुनु यस देशको राजनीतिक नियति भइसकेकोमा कसैको विमति नरहला।

सरकारमा रहेको पार्टी र प्रतिपक्षहरूका बीचमा भएको सातबुँदे सम्झौताको एउटा बुँदा विज्ञ-समूह बनाउन संविधान संशोधन गर्ने प्रँवधानले हावा खायो। अर्को बुँदा जग्गा फिर्ता धरापमा छ। यस्तो अवस्थामा सम्झौताको विश्वासनीयता कहाँ रह्यो ? तराईका सशस्त्र समूहदेखि पहाडका लिम्बुवान, खम्बुवानसम्मका समूहरूले अझै सरकारसँग सम्झौता गर्दै छन्। लागू नगर्ने सम्झौता जति गरे पनि हुने नजीर स्थापित भइसकेको वर्तमान अवस्थामा अब त यस्तो लाग्न थाल्यो, नेपालमा सम्झौता किन गरिन्छ भने लागू नगर्न वा उल्लघंन गर्न। यसले के गर्छ भने नेतृत्वप्रतिको विश्वासमा ह्रास आउँछ।

*इन्सेक प्रतिनिधि, रुपन्देही।*



जीवन खड्का
रूकुम

# बढ्दै छ रूकुममा अन्तरजातीय बालविवाह

रुकुममा पछिल्लो समय अन्तरजातीय बिहेका नाममा बाल विवाह बढ्दै गएको छ। जिल्लाका विभिन्न स्थानहरूमा कतै अन्तरजातीय त कतै प्रगतिशिल विवाहको नाममा औपचारिक कार्यक्रम मार्फत यस्ता बालविवाहहरू भैरहेका छन्। यसैबीच केही साता अघि जिल्ला सदरमुकामको खलङ्गाको बीच बजारमा रहेको बालमन्दिरकै आगनमा विवाह मण्डप तयार भयो। अन्तरजातीय प्रगतिशील विवाह लेखिएको तुल भित्तामा टागियो। विवाहको आयोजक थियो, संयुक्त दलित जनअधिकार फोरम नामको संस्था। यो अन्तरपार्टी दलित संगठनहरूको नेटवर्क हो। दुलहा २१ वर्षीय कृष्णबहादुर परियार को घरबाट पञ्चैबाजासहितको जन्ती हौसिदै प्राथमिक विद्यायाल बालमन्दिरको प्राङ्गणमा प्रवेश गऱ्यो। दुलाहालाई सबैले चिने पनि दुलही को हो भन्ने भेउ पाएनन् जब कुर्ता सुरुवालकै पहिरनमा १३ वर्षीया टीका ओली विवाहको मण्डपमा बसिन्, तब विवाह हेर्न आएकाहरू सबै अच्चममा परे। अन्तरजातीय विवाहको नाममा के देख्नु पऱ्यो यस्तो पाप" भन्दै सबै मुखामुख गर्न थाले। सदरमुकाम खलंगास्थित त्रिभुवन जनता उच्च माध्यमिक विद्यालयमा कक्षा ९ मा अध्ययनरत टीका ओली भर्खर १३ बर्ष पुगेकी छिन्। टीकाको तीन साता अघि धुमधामका साथ विद्यालयकै आगनमा अन्तरजातीय प्रगतिशील जनवादी बाल विवाह हुदा बालअधिकारको लागि जिल्लामा खटिएका सरकारी तथा गैरसरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधि मुख दर्शक मात्र बने। अन्तरजातीय विवाह समारोहको अध्यक्षता संयुक्त दलित जनअधिकार फोरमका संयोजक ओपेन्द्र लाल विश्वकर्माले गरेका थिए। दलित फोरममा सबै राजनीतिक दलका दलित नेताहरू छन्। विवाहमा प्रमुख अतिथिका लागि प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद अधिकारीलाई आमन्त्रण गरिए पनि बाल विवाह हुन लागेको थाहा पाएपछि प्रजिअ गएनन। विवाहमा स्थानीय राजनीतिक दलका प्रतिनिधिहरू भने बधाई तथा शुभकामना दिन सहभागि भएका थिए। बाल विवाहमा शुभकामना दिनेमा एकीकृत माओवादी, नेपाली काङ्ग्रेस र नेकपा एमालेका पार्टी प्रतिनिधि थिए। अन्तरजातीयको नाममा गरिएको बाल विवाहमा दुलही बनेकी टीकालाई २० बर्ष पुगेको कागज गराई उनैबाट वाचन गर्न लगाइयो। त्यसपछि दुलाहा कृष्णले सिन्दुर हालेका थिए। उमेर पुगेपछि विवाहका लागि संयुक्त दलित जनअधिकार फोरममा लिखित निवेदन पेस गरेकाले अन्तरजातीय विवाह गराएको दलित फोरमका संयोजक ओपेन्द्रलालले वताए। त्यहा पुगेका पत्रकारहरूले यो बालविवाह होइन र भन्दा फोरमका पदाधिकारीहरूले केटा र केटीको मन मिलेपछि के को बालविवाह भन्दै कडा प्रतिवाद गरे। जातीय विभेद हटाउनको लागि यो अन्तरजातीय विवाह गराइएमा दलित समुदाय निकै खुसी भएको थियो।

"राजीखुसीसाथ अन्तरजातीय विवाह भएको छ, यसलाई बाल विवाहको अङ्कुश लगाउन हुदैन" यो जातीय समानता, परिवर्तन र क्रान्तिको नमुना हो उनीहरू भन्दै थिए। १३ वर्षीया टिका ओली माओवादी मगरात राज्य समिति सदस्य धनवीर ओलीकी छोरी हुन्। छोरीको बाल विवाह भएको भन्दै धनवीर उक्त बिवाह समारोहमा नै आएन। उनले छोरीको बालविवाह भएकोमा तिव्र असन्तुष्टी जनाएका थिए। तर उनकै पार्टीका उपेन्द्र लाल बिश्वकर्मा सयुक्त दलित फोरममा संयोजक भएकाले आन्तरिक रुपमा ठुलो प्रतिवाद भएको थियो। जिल्लामा कति यस्ता बाल विवाहहरू लुकेर भएका छन भने दलित फोरमले अन्तरजातीयताको नाममा जिल्लामै औपचारिक कार्यक्रम मार्फत करिब आधा दर्जन अन्तरजातीय बालबिवाह सम्पन्न गरि सकेको छ। यस्तै खलंगा-१ की १४ वर्षीया मञ्जु चौधरी र १६ वर्षीय शंकर सुनारको गत साउनमा विवाह भएको थियो। सबै राजनीतिक दलका दलित भातृ संगठन, अधिकारकर्मी र प्रहरीको छलफलपछि उनीहरूको विवाह गराइएको थियो। जिल्ला सदरमुकामभित्रै दलहरूको सहयोगमै हुने यस्ता बाल विवाह बढ्न थालेका छन्। अन्तरजातीय विवाहका नाममा बाल विवाहलाई प्रोत्साहन भइरहेको छ। दलका कार्यकर्ताहरूको प्रत्यक्ष संलग्नतामा हुने हुदा स्थानीय प्रहरी प्रशासनले बाल विवाह गराउनेहरूलाई कुनै कारबाही गरेको छैन। मुलुकी ऐनमा १० बर्ष भन्दा कम उमेरकालाई विवाह गराएमा ६ महिनादेखि ३ बर्ष सम्म कैद र १ हजारदेखि ५ हजारसम्म जरिवाना हुने व्यवस्था छ।

त्यस्तै १४ बर्ष भन्दा कम उमेरमा विवाह गराउनेलाई ३ महिनादेखि १ बर्ष सम्म कैद र ५ हजार जरिवाना हुने व्यवस्था छ। त्यस्तै थाहा पाई र जानी जानी विवाहको काम गर्ने पुरोहित, लमीलाई १ महिना कैद र १ हजार जरिवाना हुने व्यवस्था रहेको छ। अन्तरजातीयका नाममा बालविवाह भएकाले यसलाई कानुनी कारबाही हुनुपर्ने जिल्ला बालकल्याण समिति संयोजक समेत रहेका प्रमुख जिल्ला अधिकारी कृष्ण प्रसाद अधिकारीले जानकारी दिए पनि कारबाहीको लागि कुनै काम भएको पाइदैन। बाल विवाहका समाचारहरू बाहिर ल्याएमा बालबिवाह गराउने यस्ता आयोजक सस्थाहरूले आपत्ति जनाउने र नलेख्न दवाव दिने पत्रकार महासंघ रुकुमका अध्यक्ष कमल थापा बताउछन्। अरुले यो समस्यालाई उठाउदैनन हामीले बालविवाहको समाचारहरू लेखेमा संयुक्त दलित फोरमका पदाधिकारीहरूबाट कडा आक्रोस आउने गर्छ थापा भन्छन्। बेला बेला कुतर्कहरू गर्न थालेपछि कतिपय पत्रकारहरू त यस्ता मुद्दाहरू उठाउन समेत डराउने महासंघको ठहर छ। बालविवाहको संस्कार विषेश गरि दलित जातिमा बढिरहेको छ। जिल्लामा बालविवाहको क्रम पछिल्लो समयमा निकै बढेको पाइएको छ। अर्काको देखासिकीमा यो क्रम बढेको हो। उमेर नपुगेर बिहे गर्दा भविष्यमा यस्ता जोडीहरूको घरबार बिग्रेर विभिन्न हिंसाका गतिबिधिहरू बढने गरेको अधिकारकर्मीहरूको भनाइ रहेको छ। समाजमा बालविवाह पछिका थुप्रै :उदाहरणहरू रहेका छन। जिल्ला प्रहरी कार्यालय रुकुमका अनुसार कार्यालयमा दर्ता हुने अधिकांस घटनाहरु बालबिहे पछि पति पत्नीको झगडाका घटनाहरू हुन्छन्। उमेर नपुगेर बिहे गर्नाले उमेर छिप्पिएपछि केटाले अर्कै केटीलाई हेर्न गरेपछि धेरै जोडीका सम्बन्धहरु बिचमै बिग्रने गरेको प्रहरीको ठहर छ।

# कहिले रोकिन्छ महिला हिंसा ?

**हाम्रो जस्तो विकान्मुख देशमा महिलाहरूको आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक, शैक्षिक तथा स्वास्थ्यलगायतका क्षेत्रहरू कमजोर हुनु नै हिंसामा वृद्धि हुनु हो। गरिबी, अशिक्षा, अज्ञानता तथा अन्धविश्वासले गर्दा महिलाहरू मौन भएर बस्ने गर्दछन् किनभने हरेक क्षेत्रमा पुरुषहरूको पहुँच उच्च रहेको पाइन्छ। यसो हुनुमा देशमा पितृसत्तात्मक सोच रहनु र पहिलेदेखि नै महिलाहरू दबिएर बस्न बाध्य र विवश रहनु मुख्य कारण हो।**



गीता माली

हरेक वर्षको नोभेम्बर २५ तारिखमा झैं गत वर्ष पनि राष्ट्रिय महिला आयोग र सूचना तथा सञ्चार मन्त्रालयको सहकार्यमा 'लैङ्गिक हिंसा विरुद्धको विश्वव्यापी १६ दिने अन्तर्राष्ट्रिय अभियान' मनाइयो । सरकारी तथा गैरसरकारी संस्थाहरूले 'घर शान्ति नै विश्व शान्तिको आधार' नाराका साथ मुलुकभर नै जनचेतना जगाउने कार्यक्रमहरू सञ्चालन गरे । बर्सेनी यस्ता अन्तर्राष्ट्रिय दिवस मनाउँदै आए तापनि महिलामा हुने भेदभाव र हिंसाका घटनाहरूमा न्यूनीकरण भएको पाइँदैन बरु विभिन्न शीर्षकहरूमा हरेक पत्रिकाका पानाहरूमा महिला हिंसाका घटनाहरू दैनिक रूपमा प्रकाशन हुने क्रम जारी छ । चाहे त्यो राजधानी काठमाडौं नजिक आलापोटमा 'दाइजो नल्याएको निहुँमा चियामा विष'[१] खुवाइएकी लक्ष्मी हुन् वा 'माइतीको सहयोगमा उपचार' गराइरहेकी झापा तोपगाछी-८ की ज्योति हरिजन हुन् । यी दुवै पति र परिवारजनबाट पीडित भएका थिए।

यस्ता घटनाबाहेक सामाजिक हिंसाका कारण पीडित हुनेमा पनि अधिकांश महिला नै हुने गर्दछन्। हापुर-९ तल्लो टिकरीका तीन दलित महिला कुमारी, गमी र झँक्रिनी विकलाई बोक्सीको आरोपमा गाउँ भेलाले विरामीको खुट्टा चाट्न लगाइएको थियो। गाउँ भेलाले समेत यस्ता हिंसालाई समर्थन दिइरहेको पाइन्छ। र सार्वजनिकस्थलमा सबै गाउँलेको अगाडि कुटपिट गर्ने, अभक्ष्य खुवाउने, गाउँ निकाला गर्ने आदि अमानवीय व्यवहारहरू हुने गर्दछन्। जसको कारण पीडा सहन नसकी विस्थापित हुने र आत्महत्यासमेत गर्ने गरेको घटनाहरू पनि हुने गरेको पाइन्छ। यसरी विभिन्न स्वरूपमा महिलाहरूलाई दिइने हिंसा दिनानु दिन विकराल रूपबाट बढिरहेको पाइन्छ। जब कि हामीले यो अभियान मनाउन थालेको एक दशक बितिसक्यो तर हाम्रो व्यवहार र समाजको दृष्टिकोणमा भने परिवर्तन हुन सकेको छैन।

वास्तवमा नै यो अभियान महिला विरुद्धको हिंसा कम होस् भन्ने उद्देश्यले मनाइने भए तापनि यो एउटा देशको वार्षिक कार्य योजनाअन्तर्गतको कार्यमा मात्र सीमित रहन गएको प्रतिफलबाट बुझ्न सकिन्छ। हरेक वर्ष विभिन्न नाराका साथ महिला दिवस मनाइन्छ तर व्यक्ति, परिवार तथा समाजको व्यवहारमा रहेको सङ्कीर्ण मानसिकता र अन्धविश्वासको खाडल भने पुर्न सकेको छैन।

महिला विरुद्धको हिंसा विश्वको नै समस्याको रूपमा रहेको पाइन्छ। विकसित देशमा पनि महिला हिंसा हुने गर्दछ तर भइहाल्यो भने पनि उनीहरू तुरुन्तै सम्बन्धित निकायमा आफूप्रति भएको हिंसाको जानकारी गराउँछन्। महिला हिंसा सबभन्दा बढी जाम्बियामा ४८ प्रतिशत, कोलम्बियामा ४४ प्रतिशत, पेरुमा ४२ प्रतिशत र कममा कम्बोडिया १८ प्रतिशत, इन्डियामा १९ प्रतिशत र डोमिनकेन रिपब्लिकामा २२ प्रतिशत रहेको पाइन्छ।[३] यसरी विभिन्न देशमा विभिन्न स्वरूपबाट महिला हिंसा भइरहेको छ। हाम्रो जस्तो विकान्मुख देशमा महिलाहरूको आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक, शैक्षिक तथा स्वास्थ्यलगायतका क्षेत्रहरू कमजोर हुनु नै हिंसामा वृद्धि हुनु हो। गरिबी, अशिक्षा, अज्ञानता तथा अन्धविश्वासले गर्दा महिलाहरू मौन भएर बस्ने गर्दछन् किनभने हरेक क्षेत्रमा पुरुषहरूको पहुँच उच्च रहेको पाइन्छ। यसो हुनुमा देशमा पितृसत्तात्मक सोच रहनु र पहिलेदेखि नै महिलाहरू दबिएर बस्न बाध्य र विवश रहनु मुख्य कारण हो। आफूप्रति भएको यातना र हिंसा घरबाट बाहिर ल्याउन नचाहनु, यदि बाहिर ल्याइहालेमा पनि परिवारबाट थप यातना भोग्नुपर्छ भन्ने डरले पनि यस्ता घटना सार्वजनिक तथा सम्बन्धित निकायमा उजुरी गर्न चाँहदैनन्। महिलाहरू कुटाइ र अत्याचार सहनु उनीहरूको उत्तम समाधान सम्झन्छन्। यसरी घरेलु हिंसादेखि सार्वजनिक हिंसाका रूपमा शारीरिक तथा मानसिक यातना महिलाहरूले नै सहिरहेको देखिन्छ। जस्तो महिलाहरू सार्वजनिक यातायातमा बस्दा विभिन्न किसिमको हिंसाबाट प्रताडित हुनुपरेको खबर हामीले सुन्ने र देख्ने गरेका छौं। महिला हिंसा गाउँघरमा मात्र नभइकन शहरका हरेक सानादेखि ठूला ओहदाका परिवारमा पनि हुने गर्दछ। यसैले महिला हिंसा विरुद्ध जतिसुकै चर्को नारा लगाए पनि हिंसाबाट महिला मुक्त हुन सकेका छैनन्।

धार्मिकको पृष्ठभूमिलाई केलाउने हो

१ http://www.ekantipur.com/np/2068/6/4/full-news/335992/

२ http://www.nayapatrika.com/countryside/13817-माइतीको-सहयोगमा-उपचार.html

भने नारीलाई द्वैध रूपमा हेरिएको पाइन्छ, यद्यपी नारीप्रतिको दृष्टिकोण धर्मअनुसार फरकफरक रहेका छन्। हिन्दू धर्ममा एकातिर नारीहरू विभिन्न सम्मानजनक उपमाद्वारा सम्मानित छन् भने अर्कोतिर कामुक, अछुत, अविवेकी भनी समाजमा दबाइएको र नियन्त्रण गरिएको अवस्था छ। जसलाई सम्मानको कयौं गुणा बढी अपमान मान्न सकिन्छ। इस्लाम धर्ममा त नारीहरूलाई सामान्य मानवसरह पनि स्वीकार गरिएको छैन, हक अधिकारका त कुरै छाडौं। विश्वका अन्य धर्मभन्दा उदार मानिएको र प्रमुख धर्महरूमध्ये एक रहेको क्रिस्चियन धर्ममा समेत नारीप्रतिको दृष्टिकोण निकै कमजोर र द्वैध किसिमको देखिन्छ। त्रिस्चियन धर्मका अनुसार नारी केवल पुरुषको सहयोगका लागि पुरुष कै अङ्गबाट बनाइएका हुन् र तिनीहरू हरहालतमा पुरुषको नियन्त्रणमा रहनु पर्दछ भन्ने कुरामा विश्वास गरिन्छ।[३] यसरी हरेक धर्ममा समेत महिलाप्रति व्यक्त गरिएका कुराहरूबाट महिला हिंसा हुन उत्प्रेरित गरिरहेको भान हुन्छ। यसप्रकार समाजमा विद्यमान धर्म, जाति, संस्कृति फरकफरक रहे पनि महिलामाथि हुने असमानता र हिंसामा फरक पाइँदैन।

महिलाहरू बढी आफ्नै पति, आफन्त, सासू, ससुरा आदिबाट प्रताडित हुनुपरेको देखिन्छ। यसैगरी पति, आफन्त र नजिकको चिनेजानेका मानिसहरूले ललाई, फकाई विभिन्न किसिमको प्रलोभन देखाएर वस्तुसरह बेचिन्छन्। जसको कारण महिलाहरू नारकीय जीवन व्यतित गर्न र विभिन्न किसिमको यातना भोग्न विवश हुन्छन्। कुटपिट, जलाउने, भुल्लाउने, मट्टितेल खन्याएर मार्नेदेखि लिएर धम्की, गालीगलौज, अपमान, बेइज्जती आदि परिवारका सदस्यहरूले गरेको देखिन्छ। त्यतिमात्र नभई बलात्कार र बेचबिखनमा पनि परिवारका नजिकका सदस्यलगायत सुरक्षा दिन्छु भनेर बसेका व्यक्तिहरू पनि सक्रिय रहेका देखिन्छन्।

**महिला हिंसाका प्रमुख कारणहरू**

- महिलाहरू पूर्णरूपले शिक्षित नहुँदा उनीहरू आफ्नो अधिकार के हो भनेर आवाज उठाउन नसक्नु,
- महिलाहरू आर्थिक रूपमा सबल नहुनु,
- पितृसत्तात्मक सोच रहनु, जसको कारण महिला पुरुषको सहकार्यको रूपमा नरही सहयोगीको रूपमा मात्र रहनु,
- उनीहरू आफ्नो पतिको भरमा जीवनयापन गर्नुपर्ने अवस्था रहनु,
- विभेदपूर्ण लैङ्गिकका कारण विशेषगरी महिलाहरू खाना बनाउने, बच्चा जन्माउने र स्याहार्ने, वस्तुभाउ हेर्ने, मेलापात जाने आदि सम्पूर्ण घरका कामहरू गर्नुपर्ने जिम्मेवारी रहनु,
- यदि केही महिलाहरूले घरबाहिरको काम गर्नु छ भने पनि उसले सर्वप्रथम घरभित्रका कामको सम्पूर्ण व्यवस्था मिलाएर मात्र बाहिरको काम गर्नुपर्ने बाध्यता रहनाले काममा थप जिम्मेवारी बहन गर्न बाध्य हुनु,
- देशको राजनीतिक अवस्था स्थिर नरहनु,
- महिला हिंसा गर्नु हुन्न भनेर आवाज उठाउने धिकारकर्मीहरूलाई प्रोत्साहन गर्नुको साटो उल्टै धम्की, यातना दिनु जसको कारण महिला हिंसा बढ्दो रूपमा सञ्चार माध्यममा आएका छन्।
- श्रीमानलगायत अन्य परिवारका सदस्यमा चेतनाको अभाव रहनु र राज्यले पनि संलग्न पक्षलाई कडाइका साथ सजायको भागिदार बनाउन नसक्नाले महिलामाथि हुने हिंसाका घटनाले प्रश्रय पाइरहेको देखिन्छ।
- गाउँ समाजमा बस्ने सबै मानिसलगायत राजनीतिक पार्टीका प्रतिनिधिहरूसमेत यस्तो अपराध गराउनमा केही नबोली चुपचाप बसेर घटनाप्रति प्रतिनिधित्व गर्नु, जुन पार्टीका प्रतिनिधिहरूले गाउँ, समाजमा विकास तथा परिवर्तन गर्ने आश्वासन जनतालाई दिएका हुन्छन्।

**हिंसापछि देखिने असर**

कुटपिटका कारण महिलाहरूमा मानसिक असन्तुलन हुनुका साथै शरीरका विभिन्न भागमा चोट लाग्नु र पोलाइका कारण महिलाहरूको रूप नै कुरुप हुन पुग्दछ। यसबाट महिलाहरू आत्महत्या गर्न समेत पछि हट्दैनन्। महिलाहरूको उत्पादकत्व घट्नुको साथै लामोसमयसम्म यसबाट नकारात्मक प्रभाव परिरहेको हुन्छ। यस्ता हिंसापीडित महिलाको बच्चाहरूको बौद्धिक विकासमा समेत प्रभाव पर्नुको साथै एकोहोरो हुने र विद्यालयमा बस्न नरुचाउनेजस्ता समस्याहरू देखा पर्दछन्।

**कानुनी संयन्त्रहरू**

महिला विरुद्धको हिंसालाई परिभाषित गर्न मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८, महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि १९७९, महिला हिंसा उन्मूलन गर्ने घोषण पत्र १९९३ यी विभिन्न अन्तर्राष्ट्रिय दस्तावेजहरूमा महिलाउपर भेदभाव नियन्त्रण गर्ने र हिंसा रोक्ने कानुनी संरचनाहरू बने तापनि त्यसअनुरूप सजाय दिन नसक्नाले र कानुनमा दिइएको सजाय पर्याप्त नहुनाले आजको एक्काइसौं शताब्दीमा महिला हिंसा रोक्न सकेको छैन।

नेपालको अन्तरिम संविधान २०६३ को भाग ३ मा महिला भएकै कारण कुनै पनि किसिमको भेदभाव गरिने छैन भनी उल्लेख भएको छ। महिलाविरूद्ध हुने सबै किसिमको भेदभाव उन्मूलनसम्बन्धी महासन्धि १९७९ ले लिङ्गका आधारमा महिला वर्गले सदियौंदेखि विभिन्न शोषण र अन्यायको शिकार भइरहेको कुरा हृदयङ्गम गरी लिङ्गको आधारमा हुने यस किसिमको व्यवहार अन्त्य गरिनु पर्दछ र सारभूत समानता र औपचारिक समानता दुईटा मान्यतालाई नै व्यवहारिक जीवनमा अनुवाद गरिनु पर्दछ भन्ने मान्यता राख्दछ। यस सन्धिलाई नेपालले अनुमोदन गरिसकेको छ। नेपालको अन्तरिम संविधान, ०६३ ले हरेक नागरिकको न्याय पाउने हक, निष्पक्ष पुर्पक्ष र कानुन व्यवसायीद्वारा प्रतिनिधित्व हुन पाउने अधिकार सुनिश्चित गरेको छ। यद्यपि नेपालको फौजदारी न्यायप्रणाली, अनुसन्धान र अभियोजनका कमीकमजोरीका कारण लैङ्गिक हिंसाका पीडितहरूले न्याय पाउन

३ कान्तिपुर । २०६८ वैशाख १६: पृ. १४

सकेको पाइँदैन।[४]

नेपालको अन्तरिम संविधान २०६३ ले नागरिकको मौलिक हक तथा राज्यको दायित्व, निर्देशक सिद्धान्त र नीतिहरूमा व्यापकता अपनाइएको छ। नेपालको अन्तरिम संविधान २०६३ ले स्वतन्त्रताको हकअन्तर्गत प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हकको प्रत्याभूति गरेको छ। संविधानको धारा २० मा अझ बढी महिलाको हक शीर्षकमा कुनै पनि महिला विरुद्ध शारीरिक, मानसिक वा अन्य "कुनै किसिमको हिंसाजन्य कार्य गरिने छैन र त्यस्तो कार्य कानुनद्वारा दण्डनीय हुनेछ" भनी महिला विरुद्धको हिंसालाई रोकथाम गर्ने कानुनी उपायको अवलम्वन गर्नुपर्ने व्यवस्था गरेको छ।

महिला विरुद्धको हिंसासम्बन्धी कानुन एकत्रित कानुनी प्रावधान छैन। महिला विरुद्धको हिंसाको परिधि व्यापक हुने भएकाले एउटै ऐन तथा कानुनी व्यवस्थामा नियमन गर्न सम्भव पनि हुँदैन। यससँग सम्बन्धित प्रावधान विभिन्न ऐनहरूमा समाविष्ट छन्।

महिला हिंसासम्बन्धी कानुन मुख्यत: मुलुकी ऐनमा व्यवस्थित गरेको पाइन्छ। मुलुकी ऐन २०२० मा संशोधन गरेर महिला हिंसाका धेरै स्वरूपहरूको सम्बोधन गर्न खोजिएको छ। बहुविवाह, सम्बन्ध विच्छेद आदिका लागि लोग्ने स्वास्नीको महल, अशंवण्डाको महलमा जीवनयापन र सम्पत्तिको अधिकारको बारेमा, कुटपिटको महलमा शारीरिक हिंसा, आशय जबरजस्ती करणीमा बलात्कारसँग, आशय करणीमा बलात्कार प्रयास र यौन दुर्व्यवहाररूका विषय समाहित छन्। यसबाहेक घरेलु हिंसा (सजाय तथा कसुर) ऐन २०६४ र यसैको नियमावली (२०६७) महिला हिंसा विरुद्धका प्रमुख कानुनी प्रावधानहरू हुन्। यी कानुनहरू व्यवहारत: कसरी कुन हदसम्म प्रचलनमा छ, यिनका सकारात्मक र नकारात्मक प्रभावको वस्तुगत अध्ययन गरी परिमार्जन गरिनु उत्तिकै आवश्यक छ।

**निष्कर्ष**

आर्थिकरूपमा सम्पन्न, शिक्षित र ग्रामीण महिलाहरूभन्दा आर्थिक रूपले कमजोर, अशिक्षित र ग्रामीण महिलाहरू हिंसाबाट बढी पीडित हुने गरेको मानवअधिकार प्रतिवेदनहरूबाट प्रष्ट हुन्छ । महिला हिंसा कानुनी प्रावधानले मात्र महिला हिंसा रोकथाम हुन सक्दैन, त्यसलाई कुनै हदसम्म नियन्त्रण र निरुत्साहन गर्नु अर्कै प्रश्न हो । आर्थिक एवम् शैक्षिक तवरले वञ्चितीमा राखिएका महिलाहरूलाई यसै क्षेत्रमा सबल बनाउन सकेमात्र महिला हिंसा रोकथाम हुन सक्छ। यसको अर्थ यसको आपराधिक पाटोलाई बिर्सनु भने होइन। यस्ता दोषीहरूलाई सजाय गर्न अभियोजन, अनुसन्धान र सजाय गर्ने सयन्त्रको अझै विकास हुनु जरुरी छ।

---

४ Sunita Kishor and Kiersten Johnson, Profiling Domestic Violence: A Multi-Country Study (Columbia, MD: ORC Macro, 2004).

५ http://www.phoolbari.com/articles/index.html

६ 'सन् २०११ मा नेपालमा महिला विरुद्धको हिंसा'। नेपाल मानवअधिकार वर्षपुस्तक २०१२, इन्सेक। पृ. १२८


मानवअधिकार र सामाजिक न्यायसँग सम्बन्धित विविध विषयवस्तुहरू समेटेर तयार गर्ने गरिएको

**मानवअधिकार शिक्षा कार्यक्रम**

रेडियो नेपालबाट प्रत्येक शनिबार विहान ८:२५ बजेदेखि ८:४० बजेसम्म

तथा देशभर १६ वटा स्थानीय एफएमहरू

- सप्तकोशी एफ.एम., ९० मेगाहर्ज, सुनसरी
- सप्तरङ्गी एफ.एम., १०१.६ मेगाहर्ज, दमक
- प्रतिध्वनि एफ.एम., ९७ मेगाहर्ज, मकवानपुर
- रेडियो तिनलाल, ८८.८ मेगाहर्ज, रामेछाप
- रेडियो मदन पोखरा, १०६.९ मेगाहर्ज, पाल्पा
- रेडियो तरङ्ग, १०७. ६ मेगाहर्ज, पोखरा
- सिनर्जि एफ.एम., ९१.६ मेगाहर्ज, चितवन
- रेडियो गुल्मी, ९१.२ मेगाहर्ज, गुल्मी
- रेडियो तनहुँ, ९७.२ मेगाहर्ज, खैरेनीटार
- रेडियो भेरी आवाज, ९५.६ मेगाहर्ज, नेपालगञ्ज
- रेडियो रोल्पा, ९३.८ मेगाहर्ज, रोल्पा
- शुक्लाफाँटा एफ.एम., ९९.४ मेगाहर्ज, महेन्द्रनगर
- शैलेश्वरी एफ.एम., १०५.९ मेगाहर्ज, डोटी
- उज्यालो नेटवर्क, ९० मेगाहर्ज, सानेपा, ललितपुर
- रेडियो नेपाल , एफ.एम., १००, ९८, १०२ मेगाहर्ज, सिंहदरवार, काठमाडौँ
- रेडियो ललितपुर, १००.९ मेगाहर्ज, ललितपुर



*हरेक आइतबार विहान ७:३० बजेदेखि ८ बजेसम्म एकै समयमा प्रशारण भइरहेको छ। सुन्न नभुल्नु होला।*

पुस्तक समीक्षा

# नेपालमा राज्य पुनर्संरचना र सङ्घीयताको बहस

नयाँ संविधान निर्माणका क्रममा देखिएका केही विवादपूर्ण विषयमध्ये सङ्घीयता पनि प्रमुख मुद्दा हो। यस विषयमा विज्ञहरूदेखि दलीय विद्वानवहरू समेतले प्रशस्त कलम चलाएका छन्। तापनि कुनै निष्कर्षमा पुग्न सकेको भने अवस्था छैन।

यसै क्रममा कल्याण रोकाको "नेपालमा राज्य पुनर्संरचना र संघीयताको बहस" पुस्तक हालै बजारमा आएको छ। जसका लेखक कल्याण रोक्काले नेपालमा सर्वाधिक चासो र नयाँ संविधानको मुख्य विषय वस्तुलाई सार्वजनिक बहसमा ल्याएका छन्।

नेपालको ऐतिहासिक पृष्ठभूमि, एकीकरणदेखि राणाकालसंम्मको संरचना, जिल्लागत रूपमा नेपालको पहिलो राजनीतिक विभाजन, सङ्घीयतको मुद्दा, नेपालमा संविधानसभा : विगतदेखि वर्तमान लगायत विषयवस्तु पुस्तकको पहिलो खण्डमा समेटिएका छन्। सङ्घीयताका विशेषता, सिद्धान्त, प्रक्रिया, प्रकार, स्वरूप, विकेन्द्रीकरण, निर्वाचन प्रणाली, स्वायत्तता र आत्मनिर्णयको अधिकार, राजनीतिक दर्शन, सार्वजनिक प्रशासन लगायतको जानकारी पुस्तकको खण्ड दुईमा पाइन्छ।

सङ्घीयताको विविध विचार र बुझाई, उद्भव, संक्रमण र विकास, सङ्घीयता भएका देशहरू र यिनीहरूको विविधता तथा नेपाली समाज र जातीय बनोट खण्ड छ सम्म समेटिएको छ।

राज्यको पुनर्संरचना र राज्यको बाँडफाँड समितिले प्रस्तावित गरेको १४ प्रदेशको सङ्घीय संरचना र त्यसको आलोचनात्मक विश्लेषण, नेपाली सङ्घीयतामा जातीय चासो, समग्र मधेशको जनसङ्ख्या, भाषिक अवश्थाआदि खण्ड सात देखि १० सम्म समेटिएको छ। नेपाली सङ्घीयताको विषयका द्वन्द्व र बहस, नीतिगत आधार, स्वरूप, स्थानीय सरकारको पुनर्संरचना तथा स्वायत्त मेट्रो सिटीको अवश्यकता, सङ्घीयता सम्बन्धी लेख रचना र अनुसूचि गरी १५ खण्डको रोकाको यो पुस्तक समसामयिक सन्दर्भमा प्रकाशन भएको छ।

यसरी विश्व परिवेश, नेपालका विविध पक्ष र दृष्टिकोणबाटमा सङ्घीयताको विश्लेषण पुस्तकमा समेट्नुले नेपालमा सङ्घीयताको पक्ष विपक्षमा उठेका वादविवाद, बहस र विभिन्न पक्षको दावीमाथि वस्तुनिष्ठ भएर सोच्न र मार्गनिर्देश गर्न यसका अध्ययता, राजनीतिक दलका नेता, सरोकारवाला र सर्वसाधारण पाठकलाई पनि सहज भएको छ।

पुस्तक आँफैमा नेपालको सङ्घीयताको स्वरूप र वर्गीकरणमा नगई विविध पक्षलाई समेटेर एकमुष्ठ अध्ययनको संगालोको रूपमा आएको छ। अब हामीले आफ्नो बाटो आँफै निर्माण गर्न र सङ्घीयतामा जानलाई त्यसको स्वरूप र आधुनिक युग निर्माण र निर्धारण गर्न सरकोर पक्ष र चासो राख्नेले सङ्घीयतको खाका कोर्न पुस्तकले बाटो देखाएको अवश्य हुनुपर्छ। भावि संविधानमा सङ्घीयताको आधार निर्धारणमा पक्कै पनि यस पुस्तकले सबैलाई आधारभूत ज्ञान दिनेछ।

लेखक पुस्तक समयसापेक्ष लामो अध्ययन अनुसन्धान र लगातारको खोजपछि प्रकाशन गर्न सफल भएका छन्। राज्य पुनर्संरचनाका सम्बन्धमा प्रकाशन हुने लेख रचना, पुस्तकमा अधिकांश भौगोलिक बाँडफाँड र आफ्नो निजी धारणा पढ्न र देख्न पाइएको अवस्थामा यस पुस्तकमा सङ्घीयताको विशेषता, शक्ति बाँडफाँड, स्वायत्तताको अधिकार, आत्मनिर्णयको अधिकार, स्थानीय निकायको अधिकार, विश्व परिवेश, जातजाति, जनसङ्ख्या, मधेस, पहाड आदि विषयवस्तु समावेश गरेर पाठकलाई नै सङ्घीयताको आवश्यकता किन ? कस्लाई, कस्तो हुने र राज्यको भौगोलिक बाँडफाँडको जिम्मा दिएका छन्। यहाँ लेखकले आफ्नो धारणा लाद्न भन्दा पाठकलाई आफ्नो धारणा बनाउन स्थान दिएका छन्।

नेपालमा आजभन्दा छ दशक पहिले नै तराई काङ्ग्रेसले पार्टी स्थापना उद्देश्यमै भाषा, भौगोलिक, आर्थिक एवम् सामाजिक संङ्गठनका आधारमा स्वाशासित प्रान्तहरू कायम गरी नेपाल युनियनको स्थापना गराई नेपालमा सच्चा लोकतन्त्रको स्थापना गर्नु यसको उद्देश्य राखे पनि पाँचदशकसम्म यसले कुनै स्थान पाएन। न कुनै बहस वा छलफल भयो वा राज्य शक्तिमा बसेका कसैको ध्यान गयो। २०४६ सालपछि नेपाल सद्भावना पार्टीले नयाँ स्वरूपमा तराई पहाडको दुई प्रान्तीय र सङ्घीय सरकारको संरचनाको माग तत्कालीन संसद्सम्म पुऱ्यायो।

सङ्घीयतामा जातीय मुद्दालाई प्रवेश गराएर माओवादीले सशस्त्र युद्धकालमा जनयुद्धसँगै जोडर आफ्नो सम्पति बनायो। यसले तत्काल उसलाई फाइदा पुऱ्याए पनि यसको सकारात्मक मात्र होइन नकरात्मक दुवै असर अझै पनि विद्यमान रहेको पाइन्छ। जसका कारणसंविधानसभाको निर्वाचनपछि नयाँ बन्ने संविधानमा अहिले क्षेत्री बाहुन समुदायको चासो भनेको राज्यले उनीहरूकमो पहिचान खोसेर अन्यको सूचिमा राखेको विषयमा पनि केन्द्रित भएको छ। सङ्घीयताको सन्दर्भमा यो समुदायको चासो भनेको राज्य पुनर्संरचनामा जनसङ्ख्याका आधारमा सबै जातिहरूको समानुपातिक प्रतिनिधित्व हुनुपर्छ भन्ने रहेको छ।

लेखकले संविधानसभाको राज्यको पुनर्संरचना र राज्य शक्तिको बाँडफाँड समितिले पारित गरेको १४ ओटा प्रस्तावित प्रस्तावको जनसङ्ख्या, भूगोल, जनजाति, जातजाति आदिको तथ्यतथ्याङ्क सहित वस्तुस्थिति चित्रण गरेका छन्। यसले सङ्घीय प्रदेशको नामाकारण, क्षेत्र, जनसङ्ख्या आदिमा सरोकारवालालाई दशपल्ट सोच्न बाध्य पर्नेछ। समयभन्दा ढीलो पुस्तक बजारमा आउनाले यसलाई जिल्लास्तरमा लगेर छलफल र आवश्यक सुझाव सङ्कलन गर्न सम्बन्धित पक्ष वा सरोकारपक्षलाई सम्भव छैन। तर, कम्तीमा सबै संविधानसभा सदस्यले यसपुस्तकलाई अध्ययन गरी नेपालको सङ्घीयतामा जाँदा अपनाउनु पर्ने सजगता, आत्मविश्वास र मार्गनिर्देश पुस्तकबाट प्राप्त हुनेमा विश्वास गर्न सकिन्छ।

जातीय आधारमा नेपालमा १ सय १ जाति पहिचान भएका छन्। उच्च जाति भनिएका बाहेक पनि जनजातिहरूमा ५९ जात, दलितमा २२ जात पहिचान भएको छ। यस्तो अवस्थामा प्रस्तावित १४ प्रदेशमा आठओटा प्रदेश जातीय आधारमा प्रस्तावित गर्नाले सबै जातजातिलाई न्याय गर्ने अवस्था देखिँदैन। १४ ओटै प्रस्तावित प्रदेशमा बसोबास गर्ने जातजातिको सङ्ख्या, प्रतिशत, पूर्ण बहुमत (५० प्रतिशतमाथि) रहेका जिल्लगत रूपमा १४ जिल्लामा पनि नौवटा जिल्लामा क्षेत्री र अन्य पाँच ओटामा नेवार, तामाङ, गुरुङ, मगर र थारुमात्र रहेका छन्। यसैगरी जिल्लागत रूपमा हेर्ने हो भने क्षेत्रीको २१ ओटा जिल्लामा पहिलो बहुमत, २२ जिल्लामा दोस्रो, १४ जिल्लामा तेस्रो बहुमत रहेको छ। बाहुन भनिएका हरूमा १० ओटा पहिलो, १८ ओटा दोस्रो, १३ ओटा तेस्रो बहुमत र मगर ७ ओटामा पहिलो, ४ ओटामा दोस्रो र ८ ओटामा तेस्रो बहुमत रहेको छ। अन्यमा तामाङ, राई, यादव, आदि रहेका छन्।

पुस्तकमा सङ्घीयता, नेपालको जातजातीय अवस्था, हालको प्रस्तावित प्रदेश आदि विषयमा सुक्ष्म अध्ययन र विश्लेषण गरेर आफ्नो राय नदिए पनि यस अवस्थामा आर्थिक, समामाजिक, साँस्कृतिक र विश्व भूमण्डलीकरणलाई सङ्घीयतामा जाँदा बिर्सन नहुने पुस्तकको सारसङ्क्षेत रहेको तथ्यलाई भने लुकाउन सकिँदैन।

पुस्तकको नाम : नेपालमा राज्य पुनर्संरचना र सङ्घीयताको बहस  
लेखक : कल्याण रोका  
प्रकाशक : सहयोगात्मक समाज (साहस), महोत्तरी  
मूल्य : रू. ३५०/-(व्यक्तिगत)  
रू. १,०००/- (संस्थागत)  
पृष्ठसङ्ख्या: ३२४

*प्रस्तुती : गणेश भण्डारी*

अन्तर्वार्ता

# एउटै विचार सबै ठाउँमा हुन्छ भन्ने भन्नु अव्यवहारिक कुरा हो

**डा. मदनप्रसाद परियार राज्य पुनर्संरचना आयोग संयोजकका रूपमा कार्यरत हुनुहुन्थ्यो। आयोगले राज्यको पुनर्संरचनासम्बन्धी प्रतिवेदन सरकारलाई बुझाइसकेको छ। आयोगले प्रतिवेदन तयार गर्दा अपनाएका रणनीति, प्रक्रिया र प्रतिवेदनका बारेमा इन्सेक कार्यसमिति सदस्य समेत रहनु भएका डा. परियारसँग गरिएको कुराकानी।**

**आयोगले प्रतिवदेन तयार गर्दा के के विषयलाई आधार बनाएको थियो ? कस्ता कस्ता सुझावहरू आएका थिए ?**

राज्य पुनर्संरचना तथा राज्यको शक्ति बाँडफाँड समितिको प्रतिवेदन, त्यहाँ भएका फरक मत तथा संविधानसभामा सभासद्हरूले राख्नुभएका विचारलाई मूल आधार मानिएको थियो। त्यसको अतिरिक्त विभिन्न सङ्घ संस्था, व्यक्तिले दिएको सुझावलाई पनि आधार मानिएको थियो। आयोग आफैँले विभिन्न विशेषज्ञहरूसँग गरेको छलफल र प्राप्त भएका सुझाव लिईएको थियो। त्यसैगरी विभिन्न प्रकाशनहरू, अध्ययनहरू, सूचनाहरू पनि हामीले अध्ययन गरेका थियौं। यी सबैलाई समस्टिगत रूपमा हेरेर प्रतिवेदन तयार पारेका हौं।

**सरकारले बनाउने आयोग र आयोगले दिने प्रतिवेदन कार्यान्वयन नहुने गरेको यथार्थ हामीसँग छ। यहाँहरूले बुझाउनुभएको प्रतिवेदन कार्यान्वयन हुन्छ जस्तो लाग्छ ?**

प्रतिवेदन आवश्य पनि कार्यान्वयन हुन्छ। संविधानको धारा १३८ मा भएको व्यवस्था अनुरूप आयोग गठन भएको हो। राज्य पुर्नसंरचना जस्तो जटिल विषयमा सुझाव दिन आयोग गठन भयो। यसको सुझावले महत्वपूर्ण स्थान ओगट्छ। प्रतिवेदनले दिएका सुझावहरू संविधानसभामा विस्तृत रूपमा छलफल हुनेछ र सभासद्को राय, सुझावसहितले हामीले पेश गरेको प्रतिवेदनले संविधानसभामा ठोसरूपमा स्थान पाउनेमा म विस्वस्त छु।

**राज्य पुनसंरचनामा रहेको विवादित विषय हल गर्न आयोग गठन गरियो तर, आयोगले विवाद समाधान गर्नुको साटो झन् विवाद चर्काउने काम गर्‍यो नी ?**

त्यस्तो होइन। विवादित विषयलाई



**आयोगमा जति सदस्य थिए, ती सबै दलले आ-आफ्नो तर्फका योग्य र दक्ष भनी चयन भएका थिए। अहिले आएर ती विज्ञहरू कामै नलाग्ने, उनीहरूमा विज्ञता छैन भन्नु मलाई अचम्म लाग्छ।**

**होइन। दुई ओटा प्रतिवदेन आयो भनेर गलत रूपमा सम्प्रेषण भइरहेको छ। प्रतिवेदन हामीले एउटै बुझाएको हो। प्रतिवदेनमा नौ जना सदस्यको हस्ताक्षर रहेको छ। प्रतिवदेनमा फरक मत खण्ड भन्ने छ। जसमा फरक मत भएका साथीहरूको विचार राखिएको छ। यो लोकतान्त्रिक पद्धति हो। कसैको फरक मत छ भने त्यसको सम्मान गर्नुपर्छ। त्यसलाई उचित स्थान दिनुपर्छ। त्यसकारण हामीले फरक मत खण्ड भनी प्रतिवेदनमा राखेका छौं।**

चर्काउने काम हामीले गरेका होइनौं। विषय नै जटिल छ। यसमा विभिन्न प्रकारका विचारहरू हुनु, सोचहरू हुनु स्वाभाविक हो। आयोगमा म बाहेक विभिन्न विचार, क्षेत्र र विज्ञता भएका साथीहरू हुनुहुन्थ्यो। उहाँहरूले आ-आफ्नो विचार राख्नु स्वभाविक हो। फरक फरक विचार आए भन्दैमा आयोगमा विवाद भयो भन्नु मलाई युक्तिसङ्गत लाग्दैन।

**होइन , प्रतिवेद आएपछि त्यसको चौतर्फी आलोचना भयो। प्रतिवदेन जलाउने समेत काम भयो नि ? यसलाई कसरी लिनुहुन्छ ?**

सबैले आ-आफ्ना विचार र सोचले व्याख्या गर्ने अवस्था छ। मैले पनि मिडियाबाट प्रविदेनको विरोध भएको सुनेको छु। तीब्र तथा कटु आलोचना भएको छ। तर, केहीले प्रतिवेदन राम्रो आयो पनि भनेका छन्। समर्थन पनि गरेका छन्। आलोचना समालोचना हुन स्वभाविक छ। समग्रमा प्रतिवेदन नेपाल र नेपालीको हितकर छ। सरकारले जुन कामको लागि हामीलाई जिम्मेवारी दिएको थियो। त्यो हामीले पूरा गरेका छौं जस्तो मलाई लाग्छ।

**नेकपा एमाले, नेपाली काङ्ग्रेसका केही नेताले प्रतिवदेन एनजिओले तयार पार्ने जस्तो भयो। प्रतिवदेनमा विज्ञको विज्ञता देखिएन भने नी ?**

बडो अचम्मको कुरा छ। मैले पनि सुनें। तर, यसमा कति यर्थाथता छ म भन्न सक्दिन। यसो भन्नु उपयुक्त हुन्छ जस्तो मलाई लाग्दैन। आयोगमा जति सदस्य थिए, ती सबै दलले आ-आफ्नो तर्फका योग्य र दक्ष भनी चयन भएका थिए। अहिले आएर ती विज्ञहरू कामै नलाग्ने, उनीहरूमा विज्ञता छैन भन्नु मलाई अचम्म लाग्छ। उहाँहरू आफै विज्ञ भनी प्रस्ताव गर्नुहुन्छ अनी आफैं आयोग्य भन्नु हुन्छ। तर, मेरो दुई महिनासँग

काम गर्दाको अनुभवलाई हेर्ने हो भने सबै सदस्य योग्य र दक्ष हुनुहुन्छ। मैले मेरो कार्यअवधिमा त्यो पाएँ। उहाँहरू अयोग्य हुनुहुन्थ्यो भन्ने कुरामा म असहमत छु।

**दलहरूले तपाईँहरूलाई विश्वास गरेर चयन गरे। तर, विश्वास गरेको व्यक्तिले दिएको प्रतिवेदन अस्वीकार गरे नी ?**

मलाई सबैले सर्वसम्मत रूपमा अध्यक्ष चयन गर्नुभयो। त्यसको लागि म सबैलाई धन्यवाद दिन चाहन्छु। आयोगमा मैले सुरुदेखि अन्त्यसम्म स्वतन्त्र भूमिका निर्वाह गरेको छु। प्रतिवेदन समष्टिगत रूपमा देश र जनताको लागि राम्रो छ। सबैको आकाङ्क्षा र मनोभावनालाई समेटेर प्रतिवेदन तयार गरिएको छ।

**तपाईँ राज्यको पुनसंरचना गर्दा उत्तरदक्षिण चिरा पारेर गर्नुपर्छ भन्नुहुन्थ्यो। तर, प्रतिवेदन जातीय आधारमा तयार पार्नु भयो नी ?**

म अध्यक्षमा सिफारिस भएको १-२ दिन पछि होला रिपोटर्स क्लबमा केही विचार राखेको थिएँ। तर, मेरो अभिव्यक्तिलाई सही रूपले प्रेषित गरिएन। मैले त्यसको त्यही समयमा खण्डन पनि गरेको थिए। त्यहाँ उत्तर दक्षिण गरी प्रदेश निर्माण गर्दा कस्तोा हुन्छ भनी मलाई सोधिएको प्रश्नमा मैले त्यो पनि राम्रो हुन सक्छ भनेको थिए।अरू पनि विभिन्न मोडलहरू छन्। हरेक मोडेलमा केही राम्रा केही नराम्रा पक्षहरू हुन्छन्। हाम्रो आयोगले विभिन्न मोडेललाई अध्ययन गरेर देशलाई उपयुक्त हुने मोडल प्रस्ताव गर्छौ भनेको थिए। उत्तर दक्षिण गरी प्रदेश निर्माण नै उपयुक्त हुन्छ भनी मैले भनेको भनी केही मिडियाले प्रस्तुत गरे। जुन सत्य होइन।

**जातिय आधारमा राज्यको पुनसंरचना गर्ने गरी प्रतिवेदन बुझाउनु भयो। जातिय आधारमा बनाइएका जातिय प्रदेशमा ती जातिको बहुमत छैन न नी ?**

जातिहरूको स्पष्ट बहुमत छैन। तर त्यहाँ बाहुल्यता भने छ। जस्तै ताम्मसालिङ प्रदेशमामा तामाङको, नेवा प्रदेशमामा नेवारका, तमुवान प्रदेशमा गुरूङको बाहुल्यता छ। त्यसका कारण प्रदेशको सिमाङकन त्यसरी गरिएको हो। तर प्रस्तावित मधेश प्रदेशमा स्पष्ट बहुमत छ। प्रस्तावित प्रदेशमा ती जातीको बाहुल्यता छ।

**राज्य पुर्नसंरचनासम्बन्धी एनेकपा माओवादीको अवधारणसँग तपाईँहरूले प्रस्तुत गर्नुभएको राज्य पुर्नसंरचनासम्बन्धी सुझाव मिल्छ भन्छन् नी ?**

एमाओवादीको अवधारणसँग मिलेको र झुकेको भन्ने कुरा म स्वीकार गर्दिन। संविधानसभाको राज्य पुर्नसंरचना तथा राज्यको शक्ति बाँडफाँड समितिको प्रतिवेदन, नेपाली काङ्ग्रेस, एमालेलगायतका सबै दलको अवधारणा तथा हामीलाई प्राप्त भएका सुझावहरू हामीले अध्ययन गरेका थियौं। ती अवधारण तथा सुझावहरू अध्ययन गरेर नै हामीले उपयुक्त मोडल प्रस्ताव गरेका हौं। प्रतिवदेन माओवादीको अवधारणासँग मिल्छ भन्नु उपयुक्त हुँदैन। हामीले सबै मोडेल अध्ययन गरेर जुन उपयुक्त हुन्छ त्यही अगाडि बढाएका हौं।

**यहाँहरूले भूगोल बिनाको दलित प्रदेश बनाउने सुझाव दिनुभयो। किन भूगोल बिनाको प्रदेश बनाउनु परेको हो ?**

नेपालमा दलित समुदाय सबैभन्दा पिछडिएको छ। उनीहरू आर्थिक, सामाजिक, राजनीतिक तथा सांस्कृतिक रूपमा पछाडि परेका वा पारिएका छन्। राज्यको पुनसंरचना गर्नेक्रममा उनीहरूलाई समेट्न नसकिएको जस्तो हामीलाई लाग्यो। दलितको जनसङ्ख्या सरकारी तथ्याङ्कले १३ प्रतिशत झण्डै ३० लाख देखिन्छ भने अन्य स्रोतबाट बुझ्दा २०-२५ प्रतिशत दलित जनसङ्ख्या रहेको छ। यति ठूलो जनसङ्ख्या भएको अवस्थामा दलितहरूको पनि एउटा प्रदेश हुन आवश्यक छ भन्ने हामीलाई लाग्यो। हामीले भौगोलिक रूपमा दलित प्रदेश कहाँ हुनसक्छ भनेर हेऱ्यौं। तर, दलितहरू देशभर छरिएर रहेका छन्। पूर्वाञ्चलमा सिराहा, सप्तरी, धनुषामा, पश्चिमाञ्चलमा बाग्लुङ, स्याग्दी पर्वत आदी जिल्लामा दलितको जनसङ्ख्या देखिन्छ। सानो सानो क्लस्टरमा दलितको जनसङ्ख्या देखिन्छ। तर, त्यो क्लस्टरमा दलितको प्रदेश बनाउने अवस्था देखिएन। त्यहाँ दलित प्रदेश बनाउँदा कूल जसङ्ख्याको १० प्रतिशत पनि जनसङ्ख्या नुहने देखियो। यस्तो अवस्थामा उनीहरूको विषयलाई सम्बोधन गर्न देशभरकै दलितलाई समेट्ने गरी एउटा गैर भौगोलिक प्रदेशको अवधारणा आएको हो जसले देशभरका दलितलाई समेट्न सकोस्, उनीहरूको विकास हुन सकोस्।

**आयोगका सदस्यबीच विवाद पनि देखियो। दुई ओटा प्रतिवदेन आए। किन यसो भएको हो ?**

होइन, प्रतिवदेन दुईओटा बुझाएको होइन। दुई ओटा प्रतिवदेन आयो भनेर गलत रूपमा सम्प्रेषण भइरहेको छ। प्रतिवदेन हामीले एउटै बुझाएको हो। प्रतिवदेनमा नौ जना सदस्यको हस्ताक्षर रहेको छ। प्रतिवदेनमा फरक मत खण्ड भन्ने छ। जसमा फरक मत भएका साथीहरूको विचार राखिएको छ। यो लोकतान्त्रिक पद्धति हो। कसैको फरक मत छ भने त्यसको सम्मान गर्नुपर्छ। त्यसलाई उचित स्थान दिनुपर्छ। त्यसकारण हामीले फरक मत खण्ड भनी प्रतिवेदनमा राखेका छौं। कुन कुन विषयमा क-कसले फरक मत राखेको हो त्यो हामी स्पष्ट रूपमा उल्लेख गरेका छौं।

**दलहरूले विश्वास गरेर तपाईहरूलाई आयोगमा सिफारिस गरे। तर, समिति भित्र नै विवाद देखियो। अध्यक्षको संयोजन गर्ने क्षमता कमजोर भएर यसो भएको हो भन्छन् नी ?**

फरक फरक विचार, फरक फरक विज्ञता र धारणा भएको अवस्थामा फरक फरक विचार राख्नु लोकतान्त्रिक पद्धतिमा स्वभाविक छ। एउटै विचार सबै ठाउँमा हुन्छ भन्ने भन्नु अव्यवहारिक कुरा हो। सबै दलले देश विकासकै कुरा गरेका छन्। तर एउटा विषयमा उनीहरूले एउटै विचार त राख्न सकेका छैनन् नी। यो स्वभाविक प्रक्रिया हो। यसलाई अस्वभाविक मान्न मिल्दैन। आयोगमा रहेका नौ सदस्यको एउटै बोली हुन्छ भन्नु मलाई स्वभाविक लाग्दैन। तर, धेरै निर्णयहरू सर्वसम्मत भएका छन्। हरेकमा फरक मत छ भन्ने होइन। केही विषयमा अल्पमत बहुमतको आधारमा निर्णय भएको छ। तर, पनि अल्पमतमा पर्ने साथीहरूले राख्नुभएको विचारलाई फरक मतखण्डमा समावेश गरेका छौं। त्यसका अध्यक्षको संयोजन गर्न सकेन भन्नु विल्कुल गलत हो। यसलाई सफलता असफलतासँग गास्नु हुँदैन। मेरो कार्यकाल अत्यधिक सफल रहेको म ठान्छु। हामीलाई दिएको जिम्मेवारी हामीले सफलतापूर्वक सम्पन्न गरेका छौं। म पूर्ण विश्वत छु की हामीले दिएका सुझावले संविधानसभामा उचित स्थान पाउने छ। साथै हामीले दुई महिनाको समयलगायर तयार पारेको प्रतिवेदन नेपाल र नेपालीको हितका लागि हुनेछ।

**RESEARCHERS**

**STUDENTS**

**ACADEMICS**

**ACTIVISTS**




# *Visit INSEC Library to have access to*

## *Human Righs Resources and Information*

**Books on Human Rights Including :**

- Children, Child Rights
- Women, Women's Rights
- Conflict & Peace Studies
- Economics
- Social Sciences
- Media Studies
- Law, Rights, & Politics
- News clippings
- Reports
- Photographs
- Video footages





**Facilities :**

- Photocopy
- Internet Access
- Computerised Catalogue

NATIONAL AND INTERNATIONAL NEWSLETTERS AND JOURNALS ON HUMAN RIGHTS

**Informal Sector Service Centre (INSEC)**

Syuchatar, Kalanki, P. O. Box : 2726, Kathmandu, Nepal

Tel : 977-01-4278770, Fax : 977-01-4270551

Email : insec@insec.org.np

Web-site : www.inseconline.org

# www.inseconline.org

# नेपालको पहिलो

# मानवअधिकार अनलाइन पोर्टल




## नेपाली र अङ्ग्रेजी भाषामा

**मानवअधिकारसम्बन्धी विविध सामाग्रीहरू समेटिएको यस वेबसाइटमार्फत् देशको मानवअधिकार स्थितिको जानकारी लिनुहोस् ।**